वर्ष २० | अंक ७२ | काठमाडौं | मंगलवार, १८ मङ्सिर २०८१ | Tuesday, 3 December 2024 | पृष्ठ ८ | मूल्य रू. १०
ISSN No. 2822-1702
@abhiyannationaldaily
@aarthik_abhiyan
ग्राहक प्रति
NEW BUSINESS AGE LTD.
# आर्थिक अभियान
हरेक दृष्टि, आर्थिक कोण
राष्ट्रिय दैनिक
www.abhiyandaily.com



घर बिक्रिमा

बालकोट चोक नजिक ७ आनामा बनेको घर बिक्रिमा ।

सम्पर्क नं. ९८१३०४४११८

नेपाल एसबिआई मर्चेण्टको अध्यक्षमा विकास आनन्द २
प्रिमियम गुणस्तरीय कजारिया टायल्स नेपालमै उत्पादन ३
चीनलक्षित निर्यात नीतिका आयाम ४
अनुदान मात्र लिने प्रस्ताव चीनले स्वीकार्ने सम्भावना छैन ८

# चीनमा एलडीसीका सबै वस्तुलाई भन्साररहित सुविधा

## नेपाल सन् २०२६ बाट स्तरोन्नति हुने भएकाले शून्य भन्सार सुविधा गुम्ने

**अभियान संवाददाता**
काठमाडौं

चीनले मङ्सिर १६ गतेदेखि लागू हुने गरी सबै अल्पविकसित मुलुक (एलडीसी) का शतप्रतिशत वस्तुलाई विनाभन्सार चीन प्रवेश दिने घोषणा गरेको छ। चीनको स्टेट काउन्सिलअन्तर्गतको भन्सार दर आयोगले चीनसँग दौत्य सम्बन्ध भएका सबै अतिकम विकसित मुलुकलाई शून्य भन्सार दरको सुविधा दिएको चीनको सीजीटीएन टेलिभिजनले बताएको छ।

गत भदौमा चीनमा भएको चीन-अफ्रिका सम्मेलनमा यस्तो सुविधा घोषणा गरिएको थियो र अहिले मङ्सिर १६ गतेबाट लागू हुने गरी घोषणा भएको हो। तर, नेपालका लागि भने यो गलत समयमा भएको विज्ञ तथा सरकारी अधिकारीहरूले बताएका छन्।

सन् २०२६ मा नेपाल अतिकम विकसित राष्ट्रबाट स्तरोन्नति हुँदै छ। यसको अर्थ नेपालले उक्त सुविधा पाउने समय लगभग घर्किसकेको छ। अधिकांश चीन निर्यात हुने वस्तुमा शून्य भन्सार दर पाएर त्यसको सदुपयोग गर्न नसकेका बेला चीनको यो घोषणाबाट नेपालले धेरै लाभ लिन सक्नेमा जानकारहरू शंका व्यक्त गर्छन्। साथसाथै सन् २०२६ पछि नेपालले शून्य भन्सार दर सुविधा पाइराख्ने कि नपाउने भन्ने पनि चीनले स्पष्ट पारेको छैन र द्विपक्षीय रूपमा भन्साररहित सुविधा दिनेबारे पनि कुनै सम्झौता भएको छैन।

'नेपालको स्तरोन्नतिपछि अतिकम विकसित मुलुकका रूपमा चीनमा पाइरहेको भन्साररहित सुविधा गुम्नेछ,' साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एन्ड इन्भाइरोन्मेन्ट (सावती) का कार्यकारी निर्देशक पारस खरेलले भने, 'स्तरोन्नति भएका अतिकम विकसित मुलुकलाई शून्य भन्सार दरको सुविधा लम्ब्याउनेबारे चीनले कुनै निर्णय गरेको मलाई जानकारी छैन।' तर, यूरोपेली संघ र बेलायतले भने स्तरोन्नतिपछि पनि कम्तीमा ३ वर्ष भन्साररहित सुविधा दिने बताएका छन्। हालै भएको चीन-अफ्रिका शिखर सम्मेलनमा चीनले ३३ अतिकम विकसित अफ्रिकीसहित आफूसँग दौत्य सम्बन्ध भएका सबै अतिकम विकसित मुलुकलाई यो सुविधा दिने घोषणा गरेको थियो। यस्तो निर्णय गर्ने आफू नै पहिलो ठूलो विकासशील राष्ट्र रहेको चीनको भनाइ छ। संयुक्त राष्ट्रसंघले नेपाललगायत ४५ ओटा देशलाई अतिकम विकसितको सूचीमा राखेको छ।



**चीनका लागि नेपालका पूर्वराजदूत विष्णुपुकार श्रेष्ठ भन्छन्– द्विपक्षीय छलफलबाट भन्साररहित सुविधा कायमै राख्न सकिन्छ। नेपाललाई त्यस्तो सुविधा निरन्तर दिन चीन खुला छ।**

यसअघि सन् २०२२ मा नेपालसहित अल्पविकसित १६ देशका ९८ प्रतिशत वस्तुमा चीनले शून्य भन्सारदर घोषणा गरेको थियो। यस नीतिअन्तर्गत नेपालका ८ हजारभन्दा बढी वस्तु चीन निर्यातमा भन्सार लाग्दैन। अहिले पनि अधिकांश चीन जाने वस्तु शून्य भन्सार सुविधामा निर्यात भइरहेका छन्। ती ८ हजारभन्दा बढी वस्तु चीनको आठ डिजिटको राष्ट्रिय वस्तु वर्गीकरणअन्तर्गतका ९७ प्रतिशत वस्तुभित्र पर्छन्। लामो समयदेखि अन्तरराष्ट्रिय व्यापार सम्बन्धमा थिंकट्यांकका रूपमा पहिचान बनाएको सावतीका अनुसार सन् २०२२ मा २०० भन्दा बढी थरीका सामान नेपालबाट चीन निर्यात भएकोमा ८६ प्रतिशतजति शून्य भन्सार सुविधाका थिए। चीन निर्यातबाट प्राप्त आयमा ९३ प्रतिशत अंश शून्य भन्सारमा निर्यात भएका वस्तुको थियो।

त्यति धेरै वस्तु शून्य भन्सारमा चीन निर्यात भए पनि चीनमा नेपालको निर्यात दयनीय रहेको छ। व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८०/८१ मा नेपालले चीनमा २ अर्ब ५९ करोड रुपैयाँ बराबरको सामान निर्यात गरेको देखिन्छ। चीनबाट आयात भने २ खर्ब ९८ अर्ब ७७ करोड रुपैयाँभन्दा माथि छ। 'मेरो अनुसन्धानमा भन्सार महशुलभन्दा पनि गैरभन्सार अवरोधहरू– जस्तै मापदण्ड र प्राविधिक नियम पालना गर्न नेपाली निर्यातकले नसक्दा चीन निकासी सीमित छ,' सावतीका कार्यकारी निर्देशक खरेलले हालै आर्थिक अभियानसँग भने, 'त्यस्तै नेपालको कमजोर उत्पादन क्षमता र गुणस्तर मापन गर्ने कमजोर पूर्वाधारले पनि यसमा असर गरेको छ।'

उनका अनुसार ठूलो मात्रामा वस्तु उत्पादन र आपूर्ति गर्न नसक्नु, कमजोर व्यापारसम्बन्धी पूर्वाधार, कमजोर लजिस्टिक पूर्वाधार, अपर्याप्त व्यापार प्रवर्द्धनका उपाय, चिनियाँ बजारबारे बुझाइको अभाव र नेपालमा कुनै चिनियाँ बैंकका शाखा नभएकाले भुक्तानीमा हुने समस्या अन्य चुनौती हुन्। 'नेपालले आफ्नो वस्तु उत्पादन र आपूर्ति क्षमता गुणात्मक रूपमा बढाए मात्र चीनले बढाएको भन्साररहित सुविधा नेपालका लागि अवसर बन्न सक्छ,' खरेलले भने। सरकारले भने नेपालबाट चीन जाने सबैजसो वस्तुमा अहिले नै शून्य भन्सार सुविधा उपलब्ध भएको बताएको छ।

'चीनमा सामान निर्यातका लागि भन्सार दरको कुनै समस्या छैन,' उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव बाबुराम अधिकारीले भने, 'व्यापार पूर्वाधारको अभाव हुनु नै चीनमा निर्यातका लागि मुख्य समस्या हो।' उनका अनुसार चीन निर्यातका लागि पर्याप्त सामान नहुनु अर्को समस्या हो। 'उनीहरू सबै वस्तु किन्न तयार छन् तर हामीले उनीहरूको गुणस्तरलगायत मापदण्ड पूरा गर्नुपर्छ,' अधिकारीले भने। चीनका लागि नेपालका पूर्वराजदूत विष्णुपुकार श्रेष्ठले द्विपक्षीय छलफलबाट भन्साररहित सुविधा कायमै राख्न सकिने बताए। 'नेपाललाई भन्साररहित सुविधा निरन्तर दिन चीन खुला नै रहेको छ,' उनले भने।

# गरीबलाई जलविद्युत् आयोजनाको शेयर भर्न विनाधितो सहुलियत कर्जा

**अभियान संवाददाता**
काठमाडौं




जलविद्युत् आयोजनाको शेयर भर्न सरकारले विपन्न नागरिकलाई विनाधितो सहुलियत कर्जा दिने भएको छ। सबै नागरिकमा प्राकृतिक स्रोतमाथिको अधिकार समान बनाउन र जीवनस्तर उकास्ने उद्देश्यसहित सरकारले आर्थिक हिसाबले विपन्न नागरिकका लागि यस्तो व्यवस्था गरेको बताएको छ। 'जनताको जलविद्युत् कार्यक्रम'को दोस्रो संशोधनमार्फत यस्तो व्यवस्था गर्न लागिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले बताएको छ। सोमवार मन्त्रालयमा पत्रकार सम्मेलन गरी ऊर्जामन्त्री दीपक खड्काले गरीब तथा विपन्न घरधुरीका लागि आयोजना क्षमताका आधारमा २ लाखदेखि अधिकतम ५ लाख रुपैयाँसम्म विनाधितो सहुलियत कर्जा लिएर लगानी गर्न पाउने व्यवस्था गरिएको जानकारी दिए।

मन्त्री खड्काले नेपाल सरकारले परिभाषित गरेका विपन्न नागरिक र स्थानीय तहले सिफारिश गरेका विपन्न नागरिकलाई प्राथमिकता दिएर यस्तो कर्जाको सुविधा दिइने बताए। 'जनसंख्याको आधारमा भन्दा पनि घरधुरीको आधारमा शेयरको व्यवस्था गरिनेछ। स्रोतमाथिको अधिकार सबै नागरिकको हुनुपर्छ, गरीब तथा विपन्न वर्गलाई अगाडि बढाउन नसकेसम्म हामीले परिकल्पना गरेको समृद्धि प्राप्त हुन सक्दैन,' ऊर्जामन्त्री खड्काले भने।

सबै नागरिक समान हुने भएकाले आर्थिक हिसाबले विपन्न नागरिकलाई समेट्ने गरी जलविद्युत्को विकास तथा निर्माणमा नेपाली जनताको सहभागिता र स्वामित्व कायम गरी आन्तरिक पूँजी बजारका माध्यमबाट नेपाली नागरिकलाई जलविद्युत् आयोजनामा सहभागी गराउने उद्देश्यले शेयर लगानी गर्ने र त्यसको प्रतिफल जनताले सुनिश्चित गर्ने व्यवस्था गरिएको सरकारको भनाइ छ।

सरकारले जनताको जलविद्युत् कार्यक्रमअन्तर्गत देशभर २२ जलविद्युत् आयोजना यसअघि नै अगाडि सारिसकेको छ। जसमा माथिल्लो त्रिशूली, माथिल्लो अरुण, अरुण किमाथांका, घुन्साखोला, सिम्बुवाखोला, रसुवागढी, सान्जेन, अपर सेती, बूढीगण्डकी, भेरी बबई डाइभर्सन, चैनपुर सेतीलगायत छन्।

मन्त्रालयले मुलुकभरका विपन्न नागरिकको जीवनस्तर सुधार्दै देशलाई समृद्ध बनाउन 'जनताको जलविद्युत् कार्यक्रम'अन्तर्गत विपन्न नागरिकलाई जलविद्युत्को शेयर सुनिश्चित गर्न उक्त व्यवस्था गरिएको जानकारी दिएको छ। विपन्न वर्गका नागरिकलाई अगाडि बढाउँदै समृद्ध मुलुक निर्माणमा सहयोग पुऱ्याउन, तल्लो वर्गका नागरिक र न्यून आय भएका राष्ट्रसेवक कर्मचारीलाई लक्षित गरी यो कार्यविधि संशोधन गरिएको मन्त्री खड्काले बताए।

सरकारले सन् २०३५ सम्म २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएकाले नीतिगत सुधारका लागि सरकारले काम गरिरहेको मन्त्रालयले बताएको छ। शुरूमा आयोजना प्रभावित जिल्ला र प्रसारण लाइन रहेका जिल्लाका विपन्न बासिन्दामा लागू गरिए पनि विस्तारै उक्त व्यवस्था देशभर लागू गरिने मन्त्रालयले बताएको छ।

शेयर खरीदका लागि आयोजना निर्माण हुने जिल्लाभित्रका आर्थिक रूपले विपन्न पिछडिएका र गरीब नागरिकलाई बैंक तथा वित्तीय संस्थामार्फत शतप्रतिशत विनाधितो सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउन कम्पनीले मन्त्रालयको सहयोग लिई आवश्यक व्यवस्था मिलाउने कार्यविधिमा उल्लेख छ। विपन्न वर्गको पहिचान गरी उनीहरूको शेयरको ग्यारेन्टी सरकारले लिने बताइएको छ। ऊर्जासचिव सुरेश आचार्यले विपन्न वर्गको जीवनस्तर उकास्न कार्यविधि संशोधन गरिएको बताउँदै कार्यविधि कार्यान्वयन हुँदा गरीबीको रेखामुनि रहेका लक्षित वर्गको आर्थिक एवं सामाजिक जीवनस्तरमा सुधार आउने बताए। यसले राष्ट्रिय मानव विकास सूचकांकमा समेत सकारात्मक प्रभाव पार्ने उनले बताए छ।

# वाइड बडी खरीद प्रकरणमा घूस लेनदेन



काठमाडौं (अस)। नेपाली मूलका बेलायती नागरिक दीपक शर्माले नेपाल वायुसेवा निगमको वाइड बडी जहाज खरीदविक्री प्रकरणमा आफूले संयुक्त राज्य अमेरिकाको फरेन करप्ट प्राक्टिसेस एक्ट (एफसीपीए)को घूसविरोधी प्रावधान उल्लंघन गरेको स्वीकारेको एफसीपीएको वार्षिक प्रतिवेदनले खुलासा गरेको छ। एफसीपीए भ्रष्टाचारसम्बन्धी अमेरिकी संघीय कानून हो।

अभियोगपत्रमा शर्मालाई अमेरिकास्थित उड्डयन सेवा कम्पनी एएआर कर्पोरेशनको 'एजेन्ट' भनिएको छ। एएआर जहाज खरीदविक्री गर्ने तथा भाडामा दिने अमेरिकी कम्पनी हो। उनी एएआरको इन्टेग्रेटेड सोलुसन्समा पूर्वअध्यक्ष रहेको र अहिले एयरक्राफ्टस फाइनान्स कम्पनी जर्मनीसँग सम्बद्ध रहेको प्रतिवेदनमा उल्लेख छ।


निगमको दुई थान 'ए३३०-२००' सिरिजका वाइड बडी जहाज खरीदविक्री प्रक्रियामा शर्मा 'एजेन्ट'का रूपमा सक्रिय थिए। निगमले एएआर कर्पोरेशनसँग २४ अर्ब रुपैयाँमा दुई थान वाइड बडी जहाज किनेको थियो। निगमले यूरोपेली जहाज निर्माता कम्पनी एयरबसको विमान लिजिङ कम्पनी एएआरमार्फत किनेको थियो। एएआरको प्रतिनिधिका रूपमा शर्माले वाइड बडी खरीदविक्रीमा मध्यस्थता गरेका थिए। » बाँकी पृष्ठ ५ मा

# कृषिमा विशेष क्षेत्र घोषणा हुँदै


काठमाडौं। कृषि तथा पशुपक्षी विकास मन्त्रालयले विभिन्न प्रदेशका कृषि वस्तु उत्पादनका आधारमा विशेष क्षेत्र घोषणा गर्ने भएको छ। सरकारले चालू आर्थिक वर्षदेखि १० वर्षलाई घोषणा गरेको 'कृषिमा लगानी दशक'अन्तर्गत सम्बन्धित प्रदेशको भूगोल, बजार सम्भाव्यता, कृषि उत्पादन तथा उपजका आधारमा मन्त्रालयले विशेष क्षेत्र तोक्न लागेको हो। यस कार्यका लागि सातै प्रदेशबाट सुझाव संकलन शुरू गरिएको मन्त्रालयका सूचना अधिकारी महानन्द जोशीले जानकारी दिए।

प्रदेशले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी पालिकासम्मको सूचना संकलन गरी मन्त्रालयलाई सुझाव दिने बताइएको छ। मन्त्रालयले कृषि लगानी दशक घोषणालाई सार्थक बनाउन सरोकारवाला सबैलाई आह्वान गरेको छ। फरकफरक प्रदेशका अलग कृषि उत्पादन तथा उपज प्रशोधन, निर्यात गर्नेलाई उत्पादित उपजका आधारमा कर्जामा ब्याज अनुदान र मल, बिउ प्रदान गरिने बताइएको छ। *रासस*


नेप्से परिसूचक




सुन (तोला)




अमेरिकी डलर




कन्ट्री रेटिङपछि विकास साझेदारसँग अर्थमन्त्रीको छलफल

# झन्झटिलो प्रक्रिया हटाउन दातृ निकायको आग्रह

**अभियान संवाददाता**
काठमाडौं



नेपालको सार्वभौमा क्रेडिट रेटिङको नतिजा तुलनात्मक रूपमा सकारात्मक आए पनि विकास साझेदारले अहिले पनि सरकारी निर्णय प्रक्रियामा ढिलासुस्ती रहेको र त्यसले लगानीमा असर गरेको बताएका छन्। क्रेडिट रेटिङको नतिजा सम्बन्धमा जानकारी दिन उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले सोमवार विकास साझेदारसँग आयोजना गरेको छलफलमा ती निकायका प्रतिनिधिहरूले अन्तरमन्त्रालय समन्वयको अभाव कायमै रहेको भन्दै कानूनी जटिलता देखाएर हुने कामसमेत सरकारी अधिकारीहरूले नगर्ने गरेकोप्रति विशेष चासो देखाएका थिए।

विश्व बैंक, एशियाली विकास बैंक (एडीबी) र जापानको अन्तरराष्ट्रिय सहयोग संस्था (जाइका) लगायत दातृ निकायका प्रतिनिधिले अहिले पनि झन्झटिलो प्रक्रिया कायमै रहेको भन्दै त्यसलाई हटाउन आग्रह गरे।

'अर्थमन्त्रीले लगानीका लागि वातावरण छ भन्दै गर्दा प्रक्रियाका कारण धेरै ठाउँमा काम हुन सकेको छैन,' छलफलमा सहभागी दातृ निकायका एकजना प्रतिनिधिले आर्थिक अभियानसँग भने, 'देखिएका समस्या समाधानमा सरकारलाई गम्भीर बन्न आग्रह गऱ्यौं।'

मङ्सिर पहिलो साता सार्वजनिक नेपालले सार्वभौम साख मूल्यांकन (सोभरेन क्रेडिट रेटिङ) मा नेपालले 'बीबी माइनस' पाएको थियो। क्रेडिट रेटिङका लागि विश्वभर कहलिएको अन्तरराष्ट्रिय एजेन्सी फिचले नेपालको पहिलोपटक सार्वभौम साख मूल्यांकन गरेको थियो। भारतबाहेकका दक्षिण एशियाली मुलुकको तुलनामा नेपालले पाएको रेटिङ राम्रो हो। नेपालले पाएको रेटिङ भारतको भन्दा दुई स्थान तल हो। हाल भारतको रेटिङ 'बीबीबी माइनस' छ।


छलफलमा अर्थमन्त्री पौडेलले समस्या समाधानका लागि आफूले पहल गरिरहेको बताएका थिए। क्रेडिट रेटिङको नतिजाले लगानीका लागि नेपाल अनुकूल अवस्थामा रहेको देखाएको उल्लेख गर्दै अर्थमन्त्रीले यसले निजीक्षेत्र र लगानीकर्ताको मनोबल बढाउनुका साथै बाह्य लगानी वृद्धि हुने विश्वास व्यक्त गरे।

'सरकार गठन भएसँगै मुलुकका प्रमुख आर्थिक सूचकमा सुधार हुँदै गएको छ। मुलुकको बाह्य क्षेत्र सन्तुलन र वित्तीय क्षेत्रको अवस्था अनुकूल अवस्थामा छ। चालू वर्षमा आर्थिक वृद्धिमा निरन्तर सुधार हुने अनुमान गरिएको छ जुन यहाँहरूले गर्नुभएका कतिपय प्रक्षेपणले पनि उल्लेख गरेका छन्,' विकास साझेदारलाई सम्बोधन गर्दै अर्थमन्त्री पौडेलले भने।

सरकारले पूर्वाधार विकास, मानव संसाधन विकास र निजीक्षेत्रका लागि लगानीको राम्रो वातावरण सृजना गर्न जोड दिएको भन्दै अर्थमन्त्री पौडेलले थपे, 'चालू खाताको सन्तुलन, विद्युत् निर्यातमा उत्साहजनक वृद्धि, विप्रेषण आप्रवाहमा वृद्धि र पर्यटकको बढ्दो आगमनलगायत कारण मुलुकको अर्थतन्त्र सुदृढीकरणमा योगदान पुगेको छ।

मुलुकले निर्यात विविधीकरण गर्दै विस्तार गर्नुपर्ने आवश्यकता उनले औंल्याए। 'यसो हुँदा दीर्घकालमा समेत बाह्य क्षेत्र सुदृढ बनाउन सकिन्छ।

» बाँकी पृष्ठ ५ मा



aadhyanta

# आध्यन्त फन्ड म्यानेजमेन्ट लिमिटेड
बालुवाटार ४, काठमाण्डौं
दर्ता नं २६३७९७/७७/७८

## चौंथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मिति २०८१/०८/१८)**

आदरणीय शेयरधनी महानुभावहरुमा यस कम्पनीको मिति २०८१।०८।१० गते बसेको संचालक समितिको सैंतिसौं बैठकको निर्णयानुसार आ.व.२०८०/८१ को चौथो वार्षिक साधारण सभा निम्न मिति, समय, स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको/जानकारी तथा सहभागिताको लागि कम्पनी ऐन दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, स्थान र समय :**
**मिति** : २०८१/०९/०२ मंगलबार (तदनुरुप १७ डिसेम्बर, २०२४)
**समय** : बिहान ९:०० बजे ।
**स्थान** : होटल ले हिमालय, लाजिम्पाट काठमाडौं ।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सुची**

**क) सामान्य प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरिक्षक प्रतिवेदन सहितको आ.व. २०८०/८१ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०८०/८१ को सञ्चित मुनाफाबाट चुक्ता पूँजीको ३.७५ प्रतिशत (कर सहित) नगद लाभांस वितरण गर्न स्वीकृत गर्ने ।
४. आ.व. २०८१/८२ को लागि संचालक समितिले सिफारिस गरे बमोजिम बाह्य लेखापरिक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।
५. कम्पनी ऐन २०६३ को दफा ९१ तथा दफा ९५(२) बमोजिम संचालकको भत्ता तथा पारिश्रमिक अनुमोदन तथा स्वीकृत गर्ने सम्वन्धमा ।

**ख) विविध**

**सभा सम्बन्धी सामान्य जानकारी**

१) यस आध्यन्त फन्ड म्यानेजमेन्ट लिमिटेडको मिति २०८१/०९/०२ मा हुन गईरहेको वार्षिक साधारण सभामा उपस्थित भईदिनुहुन सम्पूर्ण शेयरधनीहरुलाई अनुरोध गर्दछौं ।
२) सभामा आफ्नो राय सुझाव दिन चाहनुहुने महानुभावले लिखित रुपमा आफ्नो राय कम्पनी सचिवको इमेल ठेगाना contact@aadhyanta.com मा समेत दिनसक्ने व्यवस्था मिलाईएको छ । उपस्थित गणपूरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भएमा मात्र सभा संचालन हुनेछ ।
३) साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको, सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी, प्रतिनिधिपत्र (प्रोक्सी) नियुक्त गरी सभा शुरु हुनुभन्दा ४८ घण्टा पहिले अर्थात् मिति २०८१/०८/३० गते बिहान ९:०० बजे भित्र लिखित रुपमा यस कम्पनीमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएका व्यक्ति यो सूचना प्रकाशन भएको मिति अघि नै शेयरधनी भएको हुनुर्पेछ ।
४) एक भन्दा बढी व्यक्तिहरूको संयुक्त नाममा शेयरदर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरीद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।
५) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरीसके पछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा सभा सुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै सो को सूचना कम्पनीको रजिष्टर्ड कार्यलयमा वा ईमेल मार्फत दर्ता गरी सक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुनसक्ने छैन । तर सभामा शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि नियुक्तिको अख्तियारनामा स्वतः बदर हुनेछ ।
६) कुनै शेयरधनी महानुभावले छलफलका विषयहरू मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्बन्धी कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी प्रचलित कानून अनुसार सचिव/कर्मचारी मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा पारितको रुपमा समावेस गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।
७) चौंथो वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालय, काठमाडौंमा वडा नं ४, बालुवाटारमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ । थप जानकारी कम्पनीको वेबसाइट www.aadhyanta.com बाट प्राप्त गर्न सक्नुहुनेछ ।



## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतीस) दिने सूचना

**प्रकाशित मिति: २०८१/०८/१८**

यस बैंकको विभिन्न शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ ।

**तपसिल**

**शाखा कार्यालयः चक्रघट्टी, सुनसरी (साविक सिर्जना फाईनान्स लिमिटेड)**

**१. ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम** : **न्युना कटिङ्ग सेन्टर**
रजिष्टर्ड ठेगाना : बराहक्षेत्र नगरपालिका वडा नं. ७, चक्रघट्टी, सुनसरी
रजिष्ट्रेसन नं. : १८००३/०७७/७८ (प्रदेश सरकार, प्रदेश नं. १ उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालय उधोग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय घरेलु तथा साना उधोग कार्यालय इटहरी, सुनसरी)
स्थायी लेखा नं. :६०८५४९३२१

**फर्मको प्रोप्राईटरको नाम र ठेगाना**

श्री गंगा प्रसाद न्यौपाने को नातीनी, श्री मित्र प्रसाद न्यौपाने को छोरी, श्री गायत्री प्रसाद पाण्डे को पत्नी, कोशी प्रदेश सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल कोशी प्रदेश सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ७ बस्ने श्रीमती **मुना न्यौपाने (पाण्डे)** (ना.प्र.नं. ०६१०४२/१५८१२५, मिति २०६७/०९/१६, जि.प्र.का. सुनसरी)

**जमानीकर्ताको नाम र ठेगाना**

श्री कृष्ण प्रसाद पाण्डे को नाती, श्री देवी प्रसाद पाण्डे को छोरा, श्रीमती मुना न्यौपाने (पाण्डे) को पती, कोशी प्रदेश सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल कोशी प्रदेश सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ७ बस्ने श्री **गायत्री प्रसाद पाण्डे** (ना.प्र.नं. ४०७५८/४२७५८, मिति २०५४/०७/१३, प्रतीलिपी मिति २०६६/०२/०४, जि.प्र.का. सुनसरी)

**शाखा कार्यालयः चक्रघट्टी, सुनसरी (साविक सिर्जना फाईनान्स लिमिटेड)**

**२. ऋणीको नाम र ठेगाना**

श्री कृष्ण प्रसाद पाण्डे को नाती, श्री देवी प्रसाद पाण्डे को छोरा, श्रीमती मुना न्यौपाने (पाण्डे) को पति कोशी प्रदेश सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल कोशी प्रदेश सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ७ बस्ने श्री **गायत्री प्रसाद पाण्डे** (ना.प्र.नं. ४०७५८/४२७५८, मिति २०५४/०७/१३, प्रतीलिपी मिति २०६६/०२/०४, जि.प्र.का. सुनसरी)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

श्री गंगा प्रसाद न्यौपाने को नातीनी, श्री मित्र प्रसाद न्यौपाने को छोरी, श्री गायत्री प्रसाद पाण्डे को पत्नी, कोशी प्रदेश सुनसरी जिल्ला, महेन्द्रनगर गा.वि.स. वडा नं. ४ स्थाई ठेगाना भई हाल कोशी प्रदेश सुनसरी जिल्ला, बराहक्षेत्र न.पा. वडा नं. ७ बस्ने श्रीमती **मुना न्यौपाने** (पाण्डे) (ना.प्र.नं. ०६१०४२/१५८१२५, मिति २०६७/०९/१६, जि.प्र.का. सुनसरी)

**शाखा कार्यालयः औरही, महोत्तरी**

**३. ऋणीहरुको नाम र ठेगाना**

१. विलट राय यादव को नाती, विकाउ राय यादव को छोरा, सावित्री देवी यादव की पति, फुलकाहा गा.वि.स/न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला गौशाला न.पा. वडा नं. ६, बस्ने **भरत राय यादव** (ना.प्र.नं. १३६७३०८४, जारी मिति २०४७/१२/२१, जि.प्र.का. महोत्तरी)
२. विकाउ राय यादवको बुहारी, भरत राय यादव को पत्नी, फुलकाहा गा.वि.स/न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल महोत्तरी जिल्ला गौशाला न.पा. वडा नं. ६, बस्ने **सावित्री देवी यादव** (ना.प्र.नं. १८३०६६/१०७१ जारी मिति २०६३/१०/२७, जि.प्र.का. महोत्तरी)

**जमानीकर्ताको नाम र ठेगाना**

विकाउ राय यादव को नाती, भरत राय यादवको छोरा, फुलकाहा गा.वि.स/न.पा. वडा नं.०२, स्थाई ठेगाना भई हाल गौशाला जिल्ला महोत्तरी न.पा. वडा नं. ६, बस्ने **जोशी कुमार अधिकारी** (ना.प्र.नं. १८२०६९/४४३१, जारी मिति २०७५/०३/२१, जि.प्र.का. महोतरी)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८


# दिपल 'सोनु निगम लाइभ इन नेपाल'को मुख्य प्रायोजक




काठमाडौं (अस) । विद्युतीय सवारीसाधन (ईभी) ब्रान्ड दिपलले बलिउड गायक सोनु निगमको 'सोनु निगम लाइभ इन नेपाल'मा मुख्य प्रायोजक बन्ने घोषणा गरेको छ । कला, संस्कृति र अद्वितीय अनुभवसँगको सम्बन्धलाई आत्मसात् गर्दै दिपलले आउँदो पुस १० गते हुन लागेको 'सोनु निगम लाइभ इन नेपाल'मा मुख्य प्रायोजक बन्ने घोषणा गरेको हो ।

नेपाली टच इभेन्ट्सले हायात् ग्राउन्डमा आयोजना गर्न लागेको कन्सर्टमा दिपलको सहभागितालाई औपचारिकता दिन सोमवार एमएडब्लु वृद्धि अटोकर्पका कार्यकारी प्रबन्ध निर्देशक विवेक सिकारिया र आयोजक नेपाली टच इभेन्ट्सका प्रबन्ध निर्देशक राजगोस्वामीले एमओयुमा हस्ताक्षर गरेका हुन् । कार्यक्रममा कलाकार तथा दिपलका प्रमोटर सन्दिप क्षेत्री पनि सहभागी थिए ।

प्रबन्ध निर्देशक सिकारियाले कन्सर्टको मुख्य प्रायोजकका रूपमा दिपललाई उभ्याउन पाउँदा हर्षित भएको बताए । उनले प्रिमियम र अविष्मरणीय अनुभव दिलाउने दिपलको उद्देश्यमा रहेर नेपाली स्रोतामाझ गायक सोनु निगमलाई ल्याउन लागेको बताए ।

नेपाली टच इभेन्ट्सका राजगोस्वामीले दिपलसँगको यो पार्टनरशिप प्रिमियम ब्रान्ड र विश्वस्तरीय मनोरञ्जनबीचको समन्वयको प्रमाण रहेको बताए । नेपालमा सार्वजनिक भएको केही समयमै आफ्नो फ्युचरिस्टिक डिजाइन, अत्याधुनिक प्रविधि र अद्वितीय फिचरका कारण ईभी बजारमा नयाँ मापदण्ड स्थापित गरेको दिपल हालसम्म ६५० भन्दा बढी विक्री भएको बताइएको छ ।


# सिसा हाइड्रो ईलेक्ट्रीक कम्पनी लिमिटेड
का.म.न.पा. वडा नं.-१, हात्तिसार, काठमाडौं
फोन नं.: ०१-४५२६९४१ फ्याक्स नं.: ०१-४५२६९४३

## वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०८१ मार्ग १८ गते)**

यस कम्पनीको मिति २०८१ साल मार्ग महिनाको १३ गते दिनको १:०० बजे बसेको संचालक समितिको बैठकले गरेको निर्णयानुसार कम्पनीको आठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुदाँ यस कम्पनीको सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मितिः २०८१ साल पौष महिना १६ गते**
**समयः दिनको २:०० बजे ।**
**स्थानः कम्पनीको कार्यालय हात्तिसार, काठमाडौं ।**

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूची :**

(१) आर्थिक बर्ष २०८०/०८१ को संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आर्थिक वर्ष २०८०/०८१ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।
(३) आर्थिक वर्ष २०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ती र निजको परिश्रमिक निर्धारण गर्ने ।
(४) कम्पनी ऐन, २०६३ बमोजिमको कम्पनीले कार्यालयमा पेश गर्नु पर्ने विवरण लगायतका कागजातहरु अनुमोदन गर्ने ।
(५) विविध

**आज्ञाले**
**कम्पनी सचिव**



ASIAN Hydropower Ltd.

# एशियन हाइड्रोपावर लि.
ललितपुर, नेपाल

## छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दास्रो पटक प्रकाशित मिति : १८ मंसिर २०८१**

यस एशियन हाइड्रोपावर लिमिटेडको संचालक समितिको मिति २०८१/०८/०९ (तदनुसार २४ नभेम्बर २०२४) गतेको दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थानः**
**मिति** : २०८१ साल पौष महिना २ गते मंगलबार (तदनुसार १७ डिसेम्बर २०२४)
**समय** : दिउँसो १२:३० बजे, उपस्थिति पुस्तिका बिहान ११:३० बजे देखि नै खुल्ला राखिने छ ।
**स्थान** : द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरुः**

**क) सामान्य प्रस्तावः**

१) आ.व. २०८०/०८१ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२) आ.व. २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु उपर छलफल गरि सोलाई पारित गर्ने ।
३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारी**

१) यस कम्पनीको छैठौं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०८/१९ गते १(एक) एक दिनका लागि कम्पनीको शेयर दाखिल खारेज बन्द हुनेछ । मिति २०८१/०८/१९ भन्दा अघिल्लो दिनसम्म अर्थात २०८१/०८/१८ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर कारोबार भई सो को ७ (सात) कार्यदिन भित्र यस कम्पनीको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखत/विवरणको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम तथा सिडीएस एण्ड क्लियरिङ्ग लि.मा प्रचलित नियम बमोजिम कायम शेयरधनीले मात्र साधारण सभामा भाग लिन तथा मतदान गर्न सक्नेछन् । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मितिभित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ ।
२) वार्षिक साधारण सभामा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरु हुनु भन्दा १ घण्टा अगावै देखि खुल्ला रहनेछ ।
३) सम्पुर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको ललितपुरस्थित प्रधान कार्यालयमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ । वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाईट www.asianhydro.com.np तथा शेयर रजिष्ट्रार कार्यालय एनएमबि क्यापिटल लिमिटेडको कार्यालयमा समेत उपलब्ध हुने व्यहोरा सुचित गराईन्छ ।
४) सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिकामा हाजिरी गर्नुपर्ने छ । सो दिन हाजिर पुस्तिका बिहान ११:३० बजे देखि खुल्ला हुनेछ ।
५) सभामा प्रवेशका लागि DMAT Account No. वा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
६) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुरमा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त कार्यालय खुल्ला रहनेछ ।
७) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टाएर दिईएको प्रोक्सी बदर हुनेछ । कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियूक्त गरेको रहेछ भने त्यस्ता प्रतिनिधि पत्र स्वतः खारेज हुनेछ ।
८) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुरमा बुझाई सक्नुपर्नेछ ।
९) संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतीमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतीबाट नियुक्त प्रतिनिधि (प्रोक्सी) ले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।
१०) नाबालक तथा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नुहुनेछ ।
११) शेयरधनी महानुभावहरुले सभामा उपस्थित हुदाँ सुरक्षाको दृष्टिकोणले सुरक्षाकर्मीले सभा कक्षमा प्रवेश गर्नको आवश्यकतानुरुप सुरक्षा जाँच गर्नसक्ने हुदाँ सो कार्यमा सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।
१२) सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भईदिनुहुन हार्दिक अनुरोध छ ।
१३) सभा सम्बन्धी अन्य काम कारवाहि प्रबन्ध पत्र, निमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


# मुक्तिनाथ क्यापिटल एभरेष्ट कलरको विक्री प्रबन्धक




काठमाडौं (अस) । एभरेष्ट कलर लिमिटेडले सर्वसाधारणमा साधारण शेयर (आईपीओ) जारी गर्ने तयारी गरेको छ । नेपालमै पहिलो पटक रङ उद्योगको आईपीओ निष्कासनको प्रक्रिया अघि बढाउन कम्पनीले मुक्तिनाथ क्यापिटललाई विक्री प्रबन्धक नियुक्त गरेको छ ।

एक कार्यक्रमबीच एभरेष्ट कलरका प्रबन्ध सञ्चालक सरोज लुईंटेल र मुक्तिनाथ क्यापिटलका प्रमुख कार्यकारी अधिकृत कबिन्द्रध्वज जोशीले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । कम्पनीले रू. ३ करोड ९० लाख शेयर पूँजी बराबरको रू. ५० अंकित दरको ७ लाख ८० हजार कित्ता साधारण शेयर जारी गर्न लागेको बताइएको छ ।

उक्त कम्पनीलाई केयर रेटिङ्स नेपाल लिमिटेडले केयर-एनपी डबल बी माइनस (इस्योर) रेटिङ प्रदान गरेको छ । २०६८ सालमा स्थापना भई एभरेष्ट कलरले अनुभवी युवाद्वारा नेपाली बजारमा रङ उत्पादन तथा विक्री वितरण गर्दै आएको छ । आईएसओ ९००१:२०१५ प्रमाणित यस कम्पनीले अन्तरराष्ट्रियस्तरको अत्याधुनिक प्रविधि, गुणस्तरीय कच्चा पदार्थ प्रयोग गरी नेपाली हावापानीमा सुहाउँदो रङ उत्पादन, अनुसन्धान तथा विकास गर्दै आएको बताइएको छ ।

# वसन्त बक्सीलाई 'एशियाज् बेस्ट मार्केटिङ लिडर्स २०२४' अवार्ड



काठमाडौं (अस) । मार्केटिङ र ब्रान्डिङ विज्ञ वसन्त बक्सीले भारतको ट्रेडफ्लक बिजनेस म्यागजिनको 'एशियाज् बेस्ट मार्केटिङ लिडर्स २०२४' प्राप्त गरेका छन् । बक्सी हाल महालक्ष्मी विकास बैंक लिमिटेडमा मार्केटिङ, ब्रान्ड, डिजिटल मार्केटिङ, सीएसआर, पब्लिक रिलेसन र कर्पोरेट कम्युनिकेसन विभागको प्रमुखका रूपमा कार्यरत छन् ।

ब्रान्डिङ, डिजिटल संलग्नता र सीएसआर पहलमा रूपान्तरणकारी परिवर्तन ल्याउन उनको महत्त्वपूर्ण भूमिका रहेको भन्दै उक्त अवार्ड प्रदान गरिएको बताइएको छ । यसअघि उनले एनआईसी एशिया, मेगा बैंक र मुक्तिनाथ विकास बैंकमा सोही जिम्मेवारीमा रही बैंकको ब्रान्ड तथा सामाजिक सञ्जाल रणनीति निर्माणमा योगदान दिएको बताइएको छ ।


# आइएमईका सेवाग्राहीलाई मौलाकाली र लुम्बिनी केबलकारमा छूट

काठमाडौं (अस) । आइएमईले विदेशबाट पठाएको रकम प्राप्त गर्ने सेवाग्राहीलाई केबलकारको यात्रामा छूट दिने भएको छ । आइएमईमार्फत कारोबार गरेका सेवाग्राहीले मौलाकाली र लुम्बिनी केबलकारको टिकटमा २० प्रतिशत छूट पाउने भएका हुन् ।

आइएमईमार्फत रकम भुक्तानी प्राप्त गरेको रसिद वा आइएमई पे मार्फत रकम प्राप्त गरेको डिजिटल रिसिप्ट देखाएर सेवाग्राहीले मौलाकाली र लुम्बिनी केबलकारको छूट प्राप्त गर्न सक्नेछन् । रकम प्राप्त गरेको तीन महीनासम्म सो रसिद देखाएर छूट लिन सकिने बताइएको छ ।

मौलाकाली केबलकारका सञ्चालक रुद्रराज पौडेलले विदेशमा बसेकाहरूले आफ्नो परिवार तथा प्रियजनलाई मौलाकाली, कामाख्या देवी लगायतका देवस्थलको दर्शन तथा घुमफिरमा समेत प्रोत्साहित गरून् भन्ने उद्देश्यले छूटको व्यवस्था मिलाइएको बताए । परिवार तथा प्रियजनको खुशीले मेहनत गर्न तथा बढी रकम पठाउन समेत विदेशमा रहेकालाई प्रोत्साहित गर्ने पनि पौडेलले उल्लेख गरे ।

# नेपाल एसबिआई मर्चेण्टको अध्यक्षमा विकास आनन्द



काठमाडौं (अस) । नेपाल एसबिआई मर्चेण्ट बैंकिङ लिमिटेड सञ्चालक समितिको अध्यक्षमा विकास आनन्द नियुक्त भएका छन् । सोमवार सम्पन्न समितिको ६६औं बैठकले आनन्दलाई नेपाल एसबिआई बैंक लिमिटेडको तर्फबाट सञ्चालकको रूपमा मनोनित गरी पठाए बमोजिम सञ्चालक नियुक्त गरिएको थियो । सोही बैठकले आनन्दलाई सञ्चालक समितिको अध्यक्ष पदमा सर्वसम्मतिबाट चयन गरेको बताइएको छ ।

आनन्द एसबिआई बैंकको प्रमुख सञ्चालन अधिकृतको पदमा कार्यरत रही केन्द्रीय सञ्चालन, मानव संशोधन, कर्जा प्रशासन, सामान्य सेवा तथा कानून लगायतका मामिला हेर्दै आएका छन् । आनन्दले प्रचलित कम्पनी ऐन बमोजिम गोपनीयता तथा इमानदारीको शपथ ग्रहण गरेका छन् । उक्त शपथ ग्रहण कार्यक्रममा एसबिआई मर्चेण्टका सञ्चालक राजेशकुमार पांडा, छपिराज पन्त, स्वतन्त्र सञ्चालक नन्दनहरि शर्मा, प्रबन्ध सञ्चालक तथा प्रमुख कार्यकारी अधिकृत लेखनाथ पोखेल तथा कम्पनी सचिव खगेश्वर भट्ट लगायतको उपस्थिति थियो ।

## प्रधानमन्त्री ओली हिमालय एअरलाइन्सबाट बेजिङ प्रस्थान



काठमाडौं (अस) । प्रधानमन्त्री केपी शर्मा ओली र उहाँकी श्रीमती राधिका शाक्यको विशेष कूटनीतिक उडान हिमालय एअरलाइन्सले सञ्चालन गरेको छ । नेपालको उच्चस्तरीय प्रतिनिधिमण्डलको नेतृत्व गरी प्रधानमन्त्री ओली मंगलवार चीनको राजधानी बेजिङ जानुभएको छ ।

भ्रमणमा प्रधानमन्त्रीसँगै परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, प्रधानमन्त्रीका प्रमुख सल्लाहकार विष्णुप्रसाद रिमाल, प्रधानमन्त्रीका आर्थिक/विकास सल्लाहकार डा. युवराज खतिवडा, सांसदहरू, मुख्य सचिव एकनारायण अर्याल, वरिष्ठ सरकारी अधिकारीहरू र विभिन्न उद्योगका प्रतिनिधि संलग्न छन् ।

हिमालय एअरलाइन्सका अध्यक्ष झो एन्योंगले प्रधानमन्त्री, श्रीमती शाक्य र प्रतिनिधिमण्डलका सदस्यलाई स्वागत गरेका थिए । सो अवसरमा एअरलाइन्सका उपाध्यक्ष (प्रशासन) विजय श्रेष्ठ प्रधानमन्त्रीको प्रतिनिधिमण्डललाई बिदाइ गर्न उपस्थित थिए ।

यस प्रतिनिधिमण्डल हिमालय एअरलाइन्सको एयरबस ३१९ बाट बिहीवार स्वदेश फर्कने कार्यक्रम छ । उक्त उडानपछि उपाध्यक्ष श्रेष्ठले सरकारको प्रमुखको आधिकारिक यात्राको लागि विशेष उडान सञ्चालन गर्ने कम्पनीका लागि अवसर र सम्मान भएको बताए ।

उक्त उडानको उडानदलमा वरिष्ठ क्याप्टेन हाओ दी (पाइलट इन कमाण्ड, उपाध्यक्ष - अपरेशन्स), क्याप्टेन रिवाजप्रसाद प्रधान र फ्रस्ट अफिसर सागर श्रेष्ठ रहेको बताइएको छ । हिमालय एअरलाइन्स नेपालको पहिलो र एक मात्र आईओएसए प्रमाणित वायुसेवा कम्पनी भएको बताइएको छ ।

## प्रिमियम गुणस्तरीय कजारिया टायल्स नेपालमै उत्पादन





काठमाडौं (अस) । नेपालको प्रमुख व्यापारिक तथा औद्योगिक समूह रमेश कर्प र भारतको कजारिया सिरामिक्स लिमिटेडको संयुक्त लगानीमा नवलपरासीमा अत्याधुनिक उद्योग स्थापना गरेर कजारिया ब्राण्डको टायल्स उत्पादन गर्दै आएको बताइएको छ । कजारिया रमेश टायल्स लिमिटेडले २०७९ सालदेखि नवलपरासीमा अन्तरराष्ट्रियस्तरको अत्याधुनिक उद्योग स्थापना गरेर उत्पादन गर्दै आएको हो ।

हाल कजारिया ब्राण्डका ६०० बाई ६०० एमएम, ६०० बाई १२०० एमएम साइजमा ग्लेज भिट्रिफाइड टायल्स र ४०० बाई ४०० एमएमका हेभी ड्यूटी भिट्रीफाइड टायल्स उत्पादन गरी बजारमा विक्री वितरण गरिरहेको बताइएको छ । कम्पनीले निकट भविष्यमा ३०० बाई ६०० एमएम र ३०० बाई ४५० एमएम सिरामिक्स टायल्स उत्पादन गर्ने कम्पनीले जानकारी दिएको छ ।

कजारिया टाइल्सको नेपालमै उत्पादन हुन थालेपछि २० देखि २५ प्रतिशतले सस्तो भएको कम्पनीको दाबी छ । कम्पनीका निर्देशक हिमांशु अग्रवालले नेपाली बजारबाट पाएको सकारात्मक प्रतिक्रियाबाट उत्साहित रहेको बताए । 'हामी कजारिया टायल्सलाई नेपालमा प्रस्तुत गर्दा धेरै उत्साहित छौं । नेपाली बजारले हाम्रो उत्पादनसँग असाधारण माया र समर्थन दिएको छ । कजारिया टायल्सको माग दिन प्रतिदिन बढिरहेको छ र हामी हाम्रा ग्राहकको आवश्यकता अनुसार उत्कृष्ट उत्पादनहरू उपलब्ध गराउन प्रतिबद्ध छौं,' उनले भने ।

कजारिया टायल्सको उत्पादन प्रक्रिया अत्याधुनिक प्रविधिको प्रयोगबाट अत्यन्त गुणस्तरीय र दीर्घकालीन टिकाउपनका लागि डिजाइन गरिएको उनको भनाइ छ ।

## जुम्लाको पातारासीमा टेलिकमको सेवा



काठमाडौं (अस) । नेपाल टेलिकमले जुम्लाको पातारासी गाउँपालिकामा मोबाइल सेवा विस्तार गरेको छ । पातारासी गाउँपालिका-२ मा नयाँ साइट निर्माण गरी आइतवारदेखि टुजी/फोरजी मोबाइल सेवा सञ्चालनमा ल्याइएको हो ।

जिल्लाको अति विकट पातारासीमा टेलिकमले मोबाइल सेवा सञ्चालन गरेसँगै उक्त गाउँपालिकाका वडा नं. १, २ र ३ अन्तर्गतका गडीगाउँ, तल्फीगाउँ, माताचौरगाउँ, छुमचौरगाउँ लगायत स्थानमा बसोबास गर्ने बासिन्दा पहिलो पटक दूरसञ्चार सेवाबाट लाभान्वित भएका छन् ।

दूरदराजका क्षेत्रमा दूरसञ्चार सेवा पुऱ्याउने कार्यलाई उच्च प्राथमिकतामा राख्दै कम्पनीले उक्त स्थानका ग्राहकको मागलाई लक्षित गरी भ्वाइस तथा डेटा सेवाको विस्तार गरेको बताइएको छ । यस सेवाबाट त्यस भेगका स्थानीयवासी, व्यवसायी, घुम्न आउने पर्यटक लगायतले आधुनिक दूरसञ्चार सेवाको प्रयोग गरी लाभ लिन सक्ने विश्वास कम्पनीको छ ।

### श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.

डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोनः ४५२२०३८, ४५२६१४६, ४५१५३४४, फ्याक्सः ९७७-१-४५२१७७१
E-mail: info@shreefinance.com.np

ऋणी श्री साङ्ग्रिला ड्रिङ्कीङ्ग वाटर एण्ड वेभरेज इण्डष्ट्रिज प्रा. लि. लाई यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को भैरहवा शाखाबाट प्रदान गरिएको ऋण कर्जाको ऋणी तथा धितोदिनेले लेना नबुझाउँदा /नबुझाउन लगाउँदा ऋणी कम्पनी तथा धितो सूरक्षण दिनेको जानकारीको लागि २०८१ कार्तिक २९ गतेको राष्ट्रिय दैनिक आर्थिक अभियानमा सूचना प्रकाशित गरी डाँक लिलामबाट धितो सूरक्षण बिक्री गरिने/गराइने व्यहोराको सूचना प्रकाशित भएकोले सो कार्यको लागि धितो दिने अमर बि.सी, रमा के.सी, केशर बहादुर बुढाथोकी तथा धन-जमानी यम बहादुर बि.सी. तथा सम्बन्धित अन्यलाई सो डाँक लिलाम सम्बन्धी ३५ दिने सूचना प्रकाशित भएको व्यहोरा पुनः यो सूचना मार्फत जानकारी गराइन्छ ।

### कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

केन्द्रीय कार्यालय:
ज्ञानेश्वर-३०, काठमाण्डौं
फोन नं.: ०१-५९७००३०
टोल फ्रि नं.:१६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## यस बैंकको विभिन्न शाखा कार्यालयमा धितो सुरक्षणमा रहेको अचल सम्पत्ति (घर/जग्गा तथा सवारी साधन)) लिलाम बिक्री सम्बन्धी १५ (पन्ध्र) दिने सूचना

**प्रकाशित मिति : २०८१/०८/१८**

यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट तपसिलमा उल्लिखित ऋणीहरुले विभिन्न कर्जा शीर्षकमा उपभोग गर्नुभएको ऋणकर्जा बैंकसँग भए गरेको सम्झौता बमोजिम नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरी बैंकसँग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएकोले बैंकले ऋणकर्जा चुक्ता भुक्तान गर्न आउनु भनी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणी/धितोजमानीकर्ता र व्यक्तिगत धनजमानीकर्ता समेतलाई सूचित गर्दा समेत उक्त ऋणकर्जाको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेकोले उक्त ऋणकर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लिखित सम्पतिहरु जे-जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा बैंकको नियम तथा प्रचलित ऐन, कानूनको अधीनमा रही गोप्य सिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरी बैंकको लेना रकम असुलउपर गर्ने उद्देश्यले १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उपरोक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ-संस्थाले यो सूचना प्रकाशित भएको **मितिले १५ (पन्ध्र) दिन भित्र** (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगत्तै कार्यालय खुलेको दिन) यस बैंकको कार्यालय समय भित्र यसै सूचना तथा बोलपत्र फाराममा उल्लिखित शर्तहरुको अधीनमा रही रीतपूर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, ज्ञानेश्वर, काठमाडौंमा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ । साथै प्रस्तुत लिलाम प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) लिलाम बिक्री हुन नसकेमा वा लिलाम बिक्री भई बैंकले असुलउपर गर्नुपर्ने सम्पूर्ण लेना रकम उसुलउपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकको कर्जा असुली नीति तथा अन्य प्रचलित ऐन, कानून बमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चल-अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी, धितो तथा व्यक्तिगत धनजमानत दिनुहुने व्यक्ति तथा सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्नको लागि सिफारिश गरि पठाइने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| ऋणीको विवरण | धनजमानीकर्ताको विवरण |
|---|---|
| **१. गेना कुमारी राम**<br>**ना.प्र.नं.:** १५-०१-७६-०२३९०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>पति : राम नारायण मोची<br>ससुरा : मोतिया मोची<br>ठेगानाः सिराहा जिल्ला, धनगढी माई न.पा.वडा नं ०५<br>**शाखा कार्यालय : गोलबजार**<br>**कर्जा शीर्षक : सजिलो कृषि कर्जा (आवधिक)** | **मोतिया मोची**<br>**ना.प्र.नं.:** ६२७१३०५३<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, सिराहा<br>बाबु : जगदेव मोची<br>बाजे : फौदी<br>ठेगाना : सिराहा जिल्ला, मोहनपुर कमलपुर -०४, हाल धनगढी माई न.पा.वडा नं ०५<br>**जिवछी देवी राम**<br>**ना.प्र.नं.:** १५३०४९/५३६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>पति : मोतिया मोची<br>ससुरा : जगदेव मोची<br>ठेगाना : सिराहा जिल्ला, फुलकाहाकट्टी -०७, हाल धनगढी माई न.पा.वडा नं ०५ |

**धितोमा रहेको सम्पत्तिको विवरणः** १) मोतिया मोचीको नाममा मालपोत कार्यालय लाहान, सिराहामा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| फुलकाहकट्टी -७, सिराहा | ७ग | ४३४ | ०-४-५-० (१४३९.१७) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | धनजमानीकर्ताको विवरण |
|---|---|
| **२. नेपाल मोटरसाईकल ग्यारेज**<br>**प्रा.फ.नं.घ.उ.सि.:** ८९१७/०७५/०७६<br>ठेगानाः दहिपौडी -०८, हाल सुखिपुर न.पा.वडा नं १०<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग विभाग, उद्योग विकास शाखा, लहान, सिरहा<br>स्थायी लेखा नं.: ६०८८७५६५५<br>**प्रोप्राईटर/धनजमानीकर्ता : मनोज कुमार यादव**<br>**ना.प्र.नं.:** ५२२/१७२८<br>जारी गर्ने कार्यालयः जिल्ला प्रशासन कार्यालय, सिराहा<br>बाबु : हरिलाल यादव<br>बाजे : धौली यादव<br>ठेगानाः सिराहा जिल्ला, सुखिपुर -०६, हाल सुखिपुर -१० | **सुनिता देवी यादव**<br>**ना.प्र.नं.:** १५१०५३/१६०४४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>पति : मनोज कुमार यादव<br>ससुरा : हरिलाल यादव<br>ठेगानाः सिराहा जिल्ला, सुखिपुर -०६, हाल सुखिपुर-१०<br>**शाखा कार्यालय : गोलबजार**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा (अधिविकर्ष र आवधिक) फर्मको नाममा तथा प्रोप्राइटर मनोज कुमार यादवको व्यक्तिगत नाममा प्रवाह भएको ओडी कार्ड कर्जा समेत ।** |

**धितोमा रहेको सम्पत्तिको विवरणः** १) मनोज कुमार यादवको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा)।

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| सुखीपुर -६ सिराहा | ६ | २६ | १५६.६० |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | धनजमानीकर्ताको विवरण |
|---|---|
| **३. आर.डि.एस.इन्स्टिच्युट फर मेडिकल एण्ड टेक्नोलोजि साईन्स प्रा.लि.**<br>**दर्ता नं.:** ८४४६५/०६७/०६८<br>ठेगाना : असनपुर गा.वि.स.वडा नं ०६, गोलबजार, सिरहा<br>दर्ता गर्ने कार्यालय : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>स्थायी लेखा नं.: ६०४७७८०९३<br>**अख्तियार प्राप्त व्यक्ति/धनजमानीकर्ता : सकल देव यादव**<br>**ना.प्र.नं.:** १५३५३-१०२७२<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>बाबु : रामचन्द्र यादव<br>बाजे : लक्ष्मी यादव<br>ठेगाना : सिराहा जिल्ला, असनपुर -०२, हाल गोलबजार न.पा.वडा नं ०४<br>**शाखा कार्यालय : गोलबजार**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक फर्मको नाममा तथा प्रोप्राइटर सकल देव यादवको व्यक्तिगत नाममा प्रवाह भएको सजिलो लघु कर्जा (ओभरड्राफ्ट) तथा ओडी कार्ड कर्जा समेत**<br>**धनजमानीकर्ताको विवरण**<br>**कपिल देव यादव**<br>**ना.प्र.नं.:** १५१०४७/२१५२३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>बाबु : रामचन्द्र यादव<br>बाजे : लक्ष्मी यादव<br>ठेगाना : सिराहा जिल्ला, असनपुर -०६, हाल गोलबजार न.पा.वडा नं ०४ | **राजदेव यादव**<br>**ना.प्र.नं.:** १५१०४७/३७<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>बाबु : राम चन्द्र यादव<br>बाजे : लक्ष्मी यादव<br>ठेगाना : सिराहा जिल्ला, असनपुर -०६, हाल गोलबजार न.पा.वडा नं ०४<br>**राम चन्द्र यादव**<br>**ना.प्र.नं.:** ०२५१३५०३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>बाबु : लक्ष्मी यादव<br>बाजे : बुनी यादव<br>ठेगाना : सिराहा जिल्ला, असनपुर -०७, हाल गोलबजार न.पा.वडा नं ०४<br>**देवकि यादव**<br>**ना.प्र.नं.:** ०२५९३९०४<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिरहा<br>पति : रामचन्द्र यादव<br>ससुरा : लक्ष्मी यादव<br>ठेगाना : सिरहा जिल्ला, असनपुर -०७, हाल गोलबजार न.पा.वडा नं ०४<br>**सृजना यादव**<br>**ना.प्र.नं.:** ८८८९३८८८<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, महोत्तरी<br>पति : सकल देव यादव<br>ससुरा : रामचन्द्र यादव<br>ठेगाना : महोत्तरी जिल्ला, सिंग्याही -०६, हाल सिराहा जिल्ला गोलबजार न.पा.वडा नं ०४ |

**धितोमा रहेको सम्पत्तिको विवरणः** १) राम चन्द्र यादवको नाममा मालपोत कार्यालय, सिराहामा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ।

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| चन्द्र लालपुर -६ सिराहा | ६ | ४१८ | ०-५-९.५-० (१८५३.००) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | धानजमानीकर्ताको विवरण |
|---|---|
| **४. सीता कुमारी मोची**<br>**ना.प्र.नं.:** १५३०४६/४३<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>पति : कपिलदेव मोची<br>ससुरा : रामप्रसाद मोची<br>ठेगाना : सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स.वडा नं ०६, हाल धनगढीमाई -०७<br>**शाखा कार्यालय : गोलबजार**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा (ओभरड्राफ्ट)** | **कपिलदेव मोची**<br>**ना.प्र.नं.:** ०३४६२८१६<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिराहा<br>बाबु : रामप्रसाद मोची<br>बाजे : अनुप मोची<br>ठेगाना : सिराहा जिल्ला, अयोध्यानगर गा.वि.स.वडा नं ०६, हाल धनगढीमाई -०७ |

**धितोमा रहेको सम्पत्तिको विवरणः** १) कपिलदेव मोचीको नाममा मालपोत कार्यालय लाहान, सिराहामा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ।

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| अयोध्यानगर - ५, सिराहा | ५क | ११३५ | ०-०-१३-० (२२०.०९) |
| | | ११३३ | ०-१-५-० (४२३.२८) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | धनजमानीकर्ताको विवरण |
|---|---|
| **५. श्रीराम जनरल स्टोर्स**<br>**प्रा.फ.नं.:** ९२५९/२०७५/०७६<br>ठेगाना : असनपुर ७ क हाल गोलबजार न.पा. वडा नं. ६ सिराहा<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय, लहान सिरहा<br>स्थायी लेखा नं.: ६०८९०६९२०<br>**प्रोप्राइटर/धनजमानीकर्ता : तारावती साह**<br>**ना.प्र.नं.:** १५१०४७/१९०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिरहा<br>पति : प्रदिप साह तेली<br>ससुरा : किर्ति साहु तेलि<br>ठेगाना : सिरहा जिल्ला, असनपुर गा.वि.स.वडा नं ०७, हाल गोलवजार न.पा वडा नं ०६<br>**शाखा कार्यालय : गोलबजार**<br>**कर्जा शीर्षक : सजिलो व्यवसाय कर्जा** | **किर्ति साहु तेलि**<br>**ना.प्र.नं** :९५५००४३१<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, सिरहा<br>बाबु : असर्फि साहु तेली<br>बाजे : प्रेम साह<br>ठेगाना : सिरहा जिल्ला, ठिङ्गही -०७, हाल गोलवजार-०६<br>**पुनिता कुमारी साह**<br>**ना.प्र.नं** : १५-०१-७४/१०२७९<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, सिरहा<br>पति : मनोज कुमार साह<br>ससुरा : किर्ति साहु तेलि<br>ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं.०६, हाल गोलबजार न.पा.वडा नं ०७<br>**सरोज कुमार साह**<br>**ना.प्र.नं** : १५-०१-७१-०५९३६<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, सिराहा<br>बाबु : किर्ति साहु तेलि<br>बाजे : असर्फि साहु तेली<br>ठेगाना : सिरहा जिल्ला, असनपुर गा.वि.स.वडा न. ०७, हाल गोलबजार न.पा.वडा नं ०६ |
| **६. सरोज कुमार साह**<br>**ना.प्र.नं** : १५-०१-७१-०५९३६<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, सिराहा<br>बाबु : किर्ति साहु तेलि<br>बाजे : असर्फि साहु तेली<br>ठेगाना : सिरहा जिल्ला, असनपुर गा.वि.स.वडा न. ०७, हाल गोलबजार न.पा.वडा नं ०६<br>**शाखा कार्यालय : गोलबजार**<br>**कर्जा शीर्षकः सजिलो लघु कर्जा (न्यून लागत आवास कर्जा)**<br>**धनजमानीकर्ताको विवरण**<br>**पुनिता कुमारी साह**<br>**ना.प्र.नं** : १५-०१-७४/१०२७९<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, सिरहा<br>पति : मनोज कुमार साह<br>ससुरा : किर्ति साहु तेलि<br>ठेगाना : सिरहा जिल्ला, गोलबजार न.पा. वडा नं.०६, हाल गोलबजार न.पा.वडा नं ०७ | **तारावती साह**<br>**ना.प्र.नं.:** १५१०४७/१९०<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, सिरहा<br>पति : प्रदिप साह तेली<br>ससुरा : किर्ति साहु तेलि<br>ठेगाना : सिरहा जिल्ला, असनपुर गा.वि.स.वडा नं ०७, हाल गोलवजार न.पा वडा नं ०६<br>**किर्ति साहु तेलि**<br>**ना.प्र.नं** :९५५००४३१<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, सिरहा<br>बाबु : असर्फि साहु तेली<br>बाजे : प्रेम साह<br>ठेगाना : सिरहा जिल्ला, ठिङ्गही -०७, हाल गोलवजार-०६ |

**धितोमा रहेको सम्पत्तिको विवरणः** १) किर्ति साहु तेलिको नाममा मालपोत कार्यालय लाहान, सिराहामा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ।

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| असनपुर - ७, सिराहा | ७क | २०८८ | ०-१-१५-० (५९२.५८) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

| ऋणीको विवरण | धनजमानीकर्ताको विवरण |
|---|---|
| **७. मातापिता ट्रेडर्स**<br>**प्रा.फ.र.नं.:** ३८३३३/०७३/०७४, **संशोधन**<br>ठेगाना : बुटवल उ.म.न.पा वडा नं ०९, रुपन्देही<br>जारी गर्ने कार्यालय : वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देही<br>स्थायी लेखा नं : ६०५४२३७०१<br>**प्रोप्राइटर/धनजमानीकर्ता : मिना पन्त**<br>**ना.प्र.नं.:** ३७१००६/०१/२४३७१<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पति : प्रकाश शर्मा<br>ससुरा : रामेश्वर शर्मा<br>ठेगाना : रुपन्देही जिल्ला, करहिया -०८, हाल बुटवल उ.म.न.पा वडा नं ०९<br>**शाखा कार्यालय : बुटवल**<br>**कर्जा शीर्षक : मध्यम व्यापार कर्जा (आवधिक र अधिविकर्ष) तथा सवारी कर्जा** | **रामेश्वर शर्मा**<br>**ना.प्र.नं.:** ७४३<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, गुल्मी<br>बाबु : उमानन्द शर्मा<br>बाजे : टिकाराम शर्मा<br>ठेगाना : गुल्मी जिल्ला, हरेवा -०६, हाल रुपन्देही जिल्ला, जिल्ला बुटवल उ.म.न.पा वडा नं ०९<br>**वेलमाया शर्मा**<br>**ना.प्र.नं.:** १८८<br>जारी गर्ने कार्यालय : जिल्ला कार्यालय, गुल्मी<br>पति : रामेश्वर शर्मा<br>ससुरा : उमानन्द शर्मा<br>ठेगाना : गुल्मी जिल्ला, हरेवा -०६, हाल रुपन्देही जिल्ला, जिल्ला बुटवल उ.म.न.पा वडा नं ०९<br>**प्रकाश शर्मा**<br>**ना.प्र.नं.:** ३७-०२-७५-०२६३५<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : रामेश्वर शर्मा<br>बाजे : उमानन्द शर्मा<br>ठेगाना : रुपन्देही जिल्ला, सैनामैना न.पा वडा नं वडा नं ०३, हाल बुटवल उ.म.न.पा वडा नं ०९ |

**धितोमा रहेको सम्पत्तिको विवरणः** १) मिना पन्तको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीमा दर्ता श्रेष्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (घर/जग्गा) ।

| ठेगाना | नक्सा सिट | कित्ता नं. | क्षेत्रफल (बि.रो/ब.मी) |
|---|---|---|---|
| आनन्दवन-०३ | ०३झ | १३१७ | ०-०-८.७५-० (१४८.१४) |
| | | १३६४ | ०-०-२.७५-० (४६.५६) |

साथै, सम्पूर्ण लिगलगापात समेत ।

२) मातापिता ट्रेडर्स ऋणी कायम भई कामना सेवा विकास बैंकको यातायात व्यवस्था कार्यालय, रुपन्देहीमा दर्ता कायम रहेको निम्न अनुसारको सम्पत्ति (सवारी साधन)

| सवारी साधनको विवरण | | | |
|---|---|---|---|
| मोडल | Cargo Van | इन्जिन नं. | F8BIN5146617 |
| बनेको साल | 2019 | च्यासिस नं. | MA3EVB11SO1917500 |
| दर्ता नं. | लु २ च ७८२० | कम्पनी | MARUTI SUZUKI |

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर र बैंकका शाखा कार्यालयहरुबाट रु. १,००० (एक हजार रुपैया मात्र फिर्ता नहुने गरी) बुझाई प्राप्त गर्न सकिनेछ । बोलपत्रमा बोलपत्र दाताहरुको हस्ताक्षर सहित खामबन्दी गरी खाममा बाहिरपट्टि लिलाम बढाबढ मार्फत सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) खरिद गर्न चाहेको लिलाम बिक्रीको बोलपत्र भनी स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ । संस्था भएमा संस्थाको छाप र अख्तियार प्राप्त व्यक्तिको हस्ताक्षर र छाप समेत अनिवार्य लगाएको हुनुपर्नेछ ।
२. गोप्य सिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र र अन्तिम दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा-३०, ज्ञानेश्वरमा आइपुग्ने गरी कार्यालय समय भित्र दाखिला गरी दर्ता गरि सक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त उल्लेख गरि दिएका बोलपत्र उपर कुनै कारबाही गरिने छैन ।
३. आफूले खरिद गरी लिन चाहेको धितोमा रहेको सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) के कति रकममा लिन चाहेको हो सो रकमको विवरण अङ्क र अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक फरक ब्यहोरा लेखिएको भए अक्षरमा लेखिएको ब्यहोरालाई मान्यता दिईनेछ ।
४. बोलपत्रदाताले बोलपत्र आवेदनसाथ आफूले खरिद गर्न कबोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत यस बैंकको धरौटी खातामा नगदै दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक वा वित्तीय संस्थाको Good for Payment गरिएको A/C Payee Cheque संलग्न गर्नु पर्नेछ र सो रकममा कुनै ब्याज दिईने छैन । साथै लिलाम सदर वा बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता हुने छैन ।
५. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म, कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा नागरिकताको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, संचालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि, करचुक्ता आदि आवेदन साथ पेश गर्नुपर्नेछ ।
६. रीतपुर्वक पर्न आएका बोलपत्र यो सूचनाको म्याद समाप्त भएको लगतैको कार्यदिनमा दिनको ३:३० बजे बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा बोलपत्रदाता वा निजको प्रतिनिधि र उपस्थित सरकारी कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो दिन लिलाम विक्री सम्वन्धी काम समाप्त नभएमा वा सो दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदा पछि लगत्तै कार्यालय खुलेको दिन लिलाम विक्री सम्वन्धी काम सम्पन्न गरिनेछ । साथै प्रतिनिधि उपस्थित नभए पनि गोप्य सिलबन्दी बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा धरौटी बाहेकको बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिए पश्चात बैंकले तोकेको मितिभित्र यस बैंकमा नगदै जम्मा गरि धितोमा रहेको (लिलाम सकार गरेको) सम्पत्ति आफ्नो नाममा दाखिल खारेज/नामसारी गराई लिनु पर्नेछ । यसरी बाँकी रकम जम्मा गर्ने समयसीमा प्रदान गर्ने अधिकार यस बैंकमा निहित रहनेछ । सम्पत्ति (घर/जग्गा तथा सवारी साधन) नामसारी गर्न लाग्ने सरकारी राजस्व, शुल्क तथा अन्य सम्पूर्ण खर्चहरु सकार गरि लिने स्वयमले व्यहोर्नु पर्नेछ ।
८. बोलपत्रमा पेश गरेको रकमले बैंकको कर्जा चुक्ता नभएमा वा अत्यन्त न्यून रकम कबोल गरेमा वा बोलपत्र स्वीकृत नभएमा वा स्वीकृत मोलमा सो सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा बैंकको नियम बमोजिम सो सम्पत्ति बैंक आँफैले सकार गर्न (सवारी साधन बाहेक) वा पून : सूचना जारी गरि लिलामी प्रक्रियामा जान सक्नेछ ।
९. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र धरौटी वापत जम्मा गरेको रकम भुक्तानी गरिनेछ ।
१०. धितोमा रहेको सम्पत्ति विक्री गर्ने वा नगर्ने वा बोलपत्रमा कबोल गरेको रकम स्वीकार गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहीत रहने छ ।
११. यस सम्बन्धी अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वरमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पुनश्चः** उल्लिखित ऋणी (प्रोप्राईटर)/धितोजमानीकता एवं धनजमानी दिनुहुने व्यक्ति समेतले उक्त तोकिएको मिति भित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा ब्याज तथा नियमानुसार लाग्ने अन्य दै-दस्तुर समेत सम्पूर्ण रकम कलम बुझाई एवं बुझाउन लगाई आफ्नो सम्पत्तिको संरक्षण गर्नु हुन यसै सूचनाद्वारा पुन जानकारी गराईन्छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मूल्य घटी वा बढी हुने प्रकृयामा समेत प्रत्यक्ष अवलोकनको लागि सूचित गरिन्छ । उल्लिखित धितो सम्पत्ति लिलाम विक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरी लिएमा पछि हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त भएन वा कम मूल्यमा बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनि कहीं कतै कुनै पनि किसिमको उजुर वाजुर गर्न पाइने छैन ।

**गोप्य सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थानः**
**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८१/०९/०२ गते र बोलपत्र खोलिने मितिः २०८१/०९/०३ समयः दिनको : ३:३० बजे**
**सिलबन्दी बोलपत्र खोलिने स्थान : कामना सेवा विकास बैंक लिमिटेडको केन्द्रीय कार्यालय, का.म.न.पा.-३०, ज्ञानेश्वर**

बचत साथमा भए परिस्थितिलाई नियन्त्रणमा लिन सकिन्छ अन्यथा परिस्थितिको दास बनिन्छ । र, आफ्नो विवेक प्रयोग गर्ने अवसर नै मिल्दैन ।

**- मार्शल फिल्ड**

सम्पादकीय

## चीन भ्रमणको सन्देश

प्रधानमन्त्री केपी शर्मा ओली चारदिने औपचारिक भ्रमणका लागि चीन पुग्नुभएको छ । बेल्ट एन्ड रोड इनिसिएटिभमा सहभागी हुन नेपालले ७ वर्षअघि हस्ताक्षर गरे पनि नेपालमा यसअन्तर्गत कुनै पनि परियोजनामा लगानी आएको छैन । यसको कार्यान्वयनका लागि नेपाल र चीनबीच सम्झौता गर्नुपर्ने हुन्छ तर त्यसमा हस्ताक्षर गर्ने कि नगर्ने भन्नेमा नेपालमा विवाद रहेको छ । यस्तो विवादमा मुलुकका प्रमुख दुई अलगअलग राजनीतिक विचार र आस्था बोकेको दलहरू विभाजित भएको अवस्थामा दुई दलले एउटा सहमति गरेर प्रधानमन्त्रीको भ्रमण एजेन्डा तय भएको छ । यस्तो सहमति हुनु सकारात्मक उपलब्धि नै हो । यसले दुई तिहाइ सरकारको एउटा दृष्टिकोण भनी चीनले लिन सक्छ र उसलाई पनि नेपालको प्रस्ताव स्वीकार्न सहज हुन सक्छ ।

बीआरआईमा हस्ताक्षर गर्दा नेपाली कांग्रेस पनि सरकारमा थियो तर अहिले कांग्रेस बीआरआईप्रति सकारात्मक देखिएको छैन । ऊ चीनसँग ऋण लिन नहुने भन्ने अडानमा देखिएको छ र बारम्बार बीआरआईअन्तर्गत अनुदान मात्र लिने बताइरहेको छ । तर, प्रधानमन्त्रीको पार्टी भने ऋण लिनुपर्ने पक्षमा देखिन्छ । यस्तोमा अहिले बीआरआई कार्यान्वयन सम्झौता नभनी समझदारीपत्र भन्ने सहमति सत्तारूढ दुई दलबीच भएअनुसार नेपालले चीनसँग विभिन्न पूर्वाधार आयोजना र सहयोगसम्बन्धी परियोजना प्रस्ताव गरेको छ । त्यसैले बीआरआई कार्यान्वयनमा यो एउटा महत्त्वपूर्ण उपलब्धि हुन सक्छ । यसमा सत्ताबाहिरका दलहरूको समेत विचार लिएर एकमत हुन सकेको भए त्यसले निकै सकारात्मक सन्देश दिने थियो जसमा प्रधानमन्त्री चुकेको देखिन्छ ।

नेपालमा कुनै पनि वैदेशिक लगानी, ऋण वा अनुदानका बारेमा निकै गम्भीर विवाद हुने गरेको छ । लोकतान्त्रिक मुलुकमा यस्तो विवादले राष्ट्रिय एकता र स्वाभिमानलाई बलियो बनाउँछ । यद्यपि त्यसले मुलुकभित्र विभाजनको बलियो रेखा कोर्ने सम्भावना पनि हुन्छ । अमेरिकी सहयोग एमसीसीमा यस्तै अवस्था

**भारत र चीनको भूसामरिक स्वार्थको द्वन्द्वमा नेपाल फस्नु हुँदैन । यसमा नेपाल सतर्क हुनुपर्छ र त्यसमा दुवै छिमेकीलाई आफ्नो अवस्था, दृष्टिकोण र अडान स्पष्ट पार्न सक्नुपर्छ । चीन भ्रमणको सफलता यसैले निर्धारण गर्छ ।**

आएको थियो । तर, बीआरआईमा त्यस्तो चर्को विवाद छैन । यद्यपि चीनसँग हुने धेरैजसो सम्झौताका प्रति सार्वजनिक नहुने हुँदा त्यसमा बढी विवाद नभएको हुन सक्छ ।

नेपाल एक चीन नीतिप्रति प्रतिबद्ध छ र चीनका विरुद्ध कुनै पनि गतिविधि नेपालमा हुन नदिने कुरा बारम्बार बताइरहेको छ । तर, चीनको व्यवहार हेर्दा ऊ नेपालको भनाइप्रति पूर्ण विश्वस्त हुन नसकेको हो कि भन्ने देखिन्छ । बीआरआईका परियोजना नेपालमा अगाडि बढ्न नसक्नुमा नेपालको कमजोरी पक्कै छ तर चीनले पनि यसमा त्यति चासो दिएको देखिँदैन । नेपालमा सहयोग गर्छु भनेर उसले गरेको प्रतिबद्धताको सहयोगसमेत नेपाल आउन सकेको छैन । चक्रपथ विस्तारको काम रोकिँदा बारम्बार सरकारको आलोचना भइरहेको छ तर चीनले यो काम अगाडि बढाइरहेको छैन । अन्य परियोजनामा पनि त्यस्तै छ । यसले पनि चीन नेपालप्रति सन्तुष्ट छैन कि भन्ने संकेत गर्छ ।

भ्रमणमा नेपालले केही प्रस्ताव तयार पारेको छ । ती प्रस्तावमा चीनको प्रतिक्रिया के हुने हो थाहा छैन तर विगतमा भएका धेरै सम्झौता कार्यान्वयनमा नगएकाले त्यसको कार्यान्वयन पक्ष महत्त्वपूर्ण हुन्छ । हुन त नेपालले आफूले गर्नुपर्ने काम नगर्दा प्रभावित भएका थुप्रै परियोजना नभएका होइनन् । चीनले व्यापारका लागि किमाथांकालगायत केही सीमामा सबै भौतिक पूर्वाधार तयार पारे पनि नेपालले केही पनि पूर्वाधार बनाउन सकेको छैन । छाप्रोको भरमा केही कार्यालय खुलेका छन् । रसुवागढी र तातोपानी नाकामा सुख्खा बन्दरगाह बनाउनसमेत चीनको सहयोग लिएको अवस्था छ । यस्तोमा नेपालले आफ्ना कमजोरी सुधार्न पनि उत्तिकै आवश्यक छ ।

भारत र चीनको भूसामरिक स्वार्थको द्वन्द्वमा नेपाल फस्नु हुँदैन । यसमा नेपाल सतर्क हुनुपर्छ र त्यसमा दुवै छिमेकीलाई आफ्नो अवस्था, दृष्टिकोण र अडान स्पष्ट पार्न सक्नुपर्छ । चीन भ्रमणको सफलता यसैले निर्धारण गर्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## औद्योगिक उत्पादन जडित क्षमताको ५८ प्रतिशतमात्र

नेपालमा रहेका उद्योगहरूले कुल क्षमताको ५८ प्रतिशत मात्रै उत्पादन गर्दै आएका छन् । राष्ट्र बैंकले हालै सार्वजनिक गरेको एक अध्ययन प्रतिवेदनले नेपालका प्रमुख उद्योगहरूले क्षमताको औसतमा ५७ दशमलव ७९ प्रतिशत मात्रै उत्पादन गर्ने देखाएको हो । बैंकले काठमाडौं, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढीमा रहेका प्रमुख उद्योगहरूको अध्ययन गरेको थियो ।

खासगरी औद्योगिक वातावरणकै अभावमा औद्योगिक उत्पादन सन्तोषजनक हुन नसकेको निजीक्षेत्रले बताएको छ । 'ऊर्जा, प्रविधि, दक्ष कामदार तथा अनुकूल राजनीतिक वातावरणको अभावमा औद्योगिक उत्पादन न्यून भएको हो,' नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष प्रदीपजङ्ग पाण्डेले भने । तत्काल ऊर्जा अभाव र मजदूर समस्यालाई सम्बोधन गर्न सकिए यस क्षेत्रको उत्पादन उत्साहजनक हुने उनले बताए ।

उद्योगको उत्पादन क्षमताको प्रयोग ९० प्रतिशतको हाराहारीमा भए त्यसलाई राम्रो मान्न सकिने पाण्डेले बताए । उद्योगका समस्याहरू पहिचान गरी तिनको समाधानतर्फ ध्यान दिन सकिए क्षमताको ८० प्रतिशतसम्म उत्पादन गर्न सकिने उनको दाबी छ । सरकारले आयात प्रतिस्थापनको नीति लिएमा उत्पादन वृद्धि हुने पाण्डेले बताए । 'यसका लागि सरकारले निश्चित समयसम्मका लागि भए पनि करका दर घटाउने, सहुलियत तथा सुविधाहरू बढाउने नीतिहरू लिनुपर्छ,' उनले भने ।

**वर्ष ८, अंक ७५, सोमवार १८ मङ्सिर, २०६९**

# चीनलक्षित निर्यात नीतिका आयाम

## सम्भावनाका क्षेत्र र उपाय



**नेपालको उत्पादन क्षमता र चिनियाँ बजारको मागलाई आधार मान्दा वनजन्य काठ र काठका उत्पादनहरू तथा कागजको कच्चापदार्थको रूपमा रहेको पल्प चीनतर्फको निर्यात सम्भावना उच्च रहेका कच्चापदार्थका रूपमा रहेका छन् ।**

**- कृष्णराज बजगाईं**

आयातको तुलनामा नेपालको चीनतर्फ निर्यातमा तात्त्विक सुधार आउन सकेको छैन । नेपालको चीनतर्फको व्यापार खाडल पनि भीमकायी रूपमा फराकिलो हुन पुगेको छ । भन्सार विभागका अनुसार आर्थिक वर्ष (आव) २०८०/८१ मा नेपालको चीनसँगको निर्यात आयात अनुपात १:११५ रहनुले नेपालको चीनतर्फको निर्यात नीतिमा आमूल परिवर्तन हुनुपर्ने देखिन्छ । नेपालको उत्पादन क्षमता र अभ्यास तथा चीनको आयातको प्रवृत्ति, श्रमबजार र उपभोक्ता संस्कृति समेतलाई दृष्टिगत गर्दा चीनतर्फको निर्यातमा तात्त्विक सुधार ल्याउन देहायका आयामहरूलाई मनन गरी उचित रणनीति बनाउन आवश्यक देखिन्छ ।

नेपालको चीनतर्फ परम्परागत निर्यात दुई देशबीचको व्यापारको अटुट र स्थायी आयामका रूपमा रहँदै आएको छ । विभिन्न उतारचढाव र विकासक्रम हुँदाहुँदै पनि चीनतर्फको निर्यातलाई एउटा निश्चित विन्दुमुनि आउन नदिन नेपालका यस्ता वस्तुको ठूलो भूमिका रहेको छ ।

तसर्थ नेपालको चीनलक्षित निर्यातको पहिलो आयाममा परम्परागत रूपमा निर्यात भइरहेका वस्तु पर्छन् । ती वस्तुको बजार पनि छ, नेपाली निर्यातकर्ताको चिनियाँ व्यापारीसँग अटुट सम्बन्ध पनि छ ।

धार्मिक, आध्यात्मिक र परम्परागत विश्वासका कारण यी वस्तुको चिनियाँ बजार पनि अकण्टक जस्तै रहेको छ । यस्ता विशेषतायुक्त वस्तुहरूमा मूर्ति, वनजन्य, बहुमूल्य काठ, जडीबुटी, हातेकागज, धार्मिक प्रयोजनका सामग्रीहरू, धूप, दीप, पूजाका भाँडाकुँडा, थान्का, चित्रलगायत परम्परागत हस्तकलाका सामानहरू पर्छन् ।

चिनियाँ उद्योगको पृष्ठयोजनको रूपमा नेपाली वस्तुहरूको निर्यात नेपालको चीनतर्फको निर्यातको दोस्रो आयामका रूपमा रहेको छ । विशेष गरी वनजन्य र कृषिजन्य कच्चापदार्थहरू चीनको कच्चापदार्थ आयातको प्रमुख अंशका रूपमा रहेको छ ।

नेपालको उत्पादन क्षमता र चिनियाँ बजारको मागलाई आधार मान्दा वनजन्य काठ र काठका उत्पादनहरू तथा कागजको कच्चापदार्थका रूपमा रहेको पल्प चीनतर्फको निर्यात सम्भावना उच्च रहेका कच्चापदार्थका रूपमा रहेका छन् । यस्तै कृषिजन्य उत्पादनतर्फ छालाको निर्यात गर्ने सम्भावना अधिक रहेको छ । चीन सरकारको सहयोगमा स्थापित भृकुटी पेपर एन्ड पल्प उद्योग तथा बाँसबारी छाला तथा जुत्ता कारखानाको अव्यक्त उद्देश्यमा नेपाललाई कागज र जुत्तामा आत्मनिर्भर बनाउने र बाँकी रहेको पल्प र छाला चीनमा निर्यात गर्ने रहेको सन्दर्भ अझै पनि असान्दर्भिक भइसकेको छैन ।

सीमावर्ती माला शहरमार्फत हुने निर्यात नेपालको चीनतर्फको निर्यातको तेस्रो आयामका रूपमा रहेको छ । सीमा क्षेत्रमा व्यापारिक केन्द्रहरू स्थापना गर्ने र ती व्यापारिक केन्द्रहरूलाई छिमेकी मुलुकसँग आर्थिक सम्बन्ध स्थापना गर्ने सम्पर्क विन्दुका रूपमा विकास गर्ने चीनको घोषित नीति रहेको छ ।

चीनको राजमार्ग नम्बर २१९ (जो नेपालको समानान्तर रूपमा निर्माण भएको छ) मा पुष्पमाला जसरी सानासाना शहरहरू स्थापना हुने क्रममा रहेका छन् । ती केन्द्र दुई पक्षीय रूपमा विकास हुने सम्भावना रहेको छ । चीनमा स्थापित र स्थापना हुने क्रममा रहेका ती शहरहरूका समानान्तरमा नेपालपट्टि पनि शहरहरू स्थापना गरी चीनका नागरिकको आवतजावतको व्यवस्था गर्न सकेको खण्डमा यी शहर मध्यस्थ व्यापारका केन्द्रका रूपमा विकास हुने सम्भावना रहेको देखिन्छ ।

श्रमप्रधान वस्तु चीनतर्फको निर्यातको चौथो आयामका रूपमा रहेको छ । चीन सस्तो श्रमयुक्त मुलुकबाट मध्यमस्तरको श्रमयुक्त मुलुकमा रूपान्तरण भएको छ । कुनै पनि मुलुक अल्पविकसितबाट विकासशील देशमा रूपान्तरण हुँदा ज्यालामा पनि सोही अनुपातमा वृद्धि हुने गर्छ । यस अवस्थामा चीनमा भन्दा नेपालमा सस्तो श्रम उपलब्ध छ ।

चाइनाब्रिफ डटकमका अनुसार चीनमा औसत ज्यालादर २ हजार ५ सय ९० चिनियाँ युआन (रू. ४८ हजार) रहेको छ जबकि नेपालको औसत ज्यालादर केवल रू. १७ हजार ३ सय मात्र रहेको छ । यस अवस्थामा श्रमिकको उत्पादकत्वमा वृद्धि गर्न सकेको खण्डमा श्रमप्रधान उत्पादनका लागि चीन उपयुक्त बजार हुने सम्भावना रहेको छ । वर्तमान समयमा चीनतर्फ वृद्धि भइरहेको ऊनी गलैंचाको निर्यात यसको उदाहरण हो । यस अवस्थामा श्रममा आधारित उत्पादनहरू जस्तै कार्पेट, तयारी पोशाकहरू चीनमा निर्यात गर्न सकिने सम्भावना रहेको छ ।

चीनको आयात र नेपालको निर्यात अन्तरसम्बन्ध नेपालको चीनतर्फको निर्यातको पाँचौं आयामका रूपमा रहेको छ । आम रूपमा नेपाल र चीनको व्यापारलाई आयात निर्यातका रूपमा चित्रण गर्ने र नेपालको एचएस वर्गीकरणमा छ अंकीय वर्गीकरणको बाहुल्य रहेको छ ।

यस सन्दर्भमा चीनतर्फ खासमा कुन कुन वस्तु निर्यात भएको छ भन्ने विषयमा चरम अन्योलको वातावरण विद्यमान रहेको छ । यस्तै नेपालले निर्यात गरिरहेका वस्तुहरू चीनले विश्वबाट कति मात्रामा आयात गर्छ र उक्त आयातमा नेपालको अंश कति रहेछ भन्ने विषय पनि सर्वत्र चासोको विषय रहेको छ । यिनै अन्योल र चासोलाई सम्बोधन गर्न यहाँ तथ्यांकसहित सम्भावनाहरूलाई प्रस्तुत गरिएका छन् ।

चीनले मूल्यमा थोरै भए तापनि करीब ८७ प्रकारका विभिन्न वस्तु नेपालबाट आयात गर्ने गर्छ जसको अंश नेपालको चीनतर्फको निर्यातमा नगन्य रहेको छ । तर, ती वस्तु चीनले शेष विश्वबाट ठूलो परिमाणमा आयात गर्दै आएको छ ।

**चीनले मूल्यमा थोरै भए तापनि करीब ८७ प्रकारका विभिन्न वस्तुहरू नेपालबाट आयात गर्ने गर्छ । नेपालको चीनतर्फको निर्यातमा यो नगन्य रहे तापनि ती वस्तुहरू चीनले शेष विश्वबाट ठूलो परिमाणमा आयात गर्दै आएको छ ।**

ती वस्तुहरूमा विशेष गरी दक्षिणीकाठ, हातेकागज, बाँसका कुर्सी, खुकुरी, अगरबत्ती, तामाका कुकर, जनावरका कार्भिङ, हेई चिया, काठका मूर्ति, भान्सामा प्रयोग हुने काठ, घण्टी, कन्दमुल, आलुमिनियमका भान्साका सामान, सेन्थेटिक कपडा, कपडाका अन्य उत्पादनहरू, सिट्रोनेलाको सारतेल, तामाका अन्य उत्पादनहरू, चटाइ/गुन्द्री, संगीतका सामानहरू, तन्ना, बेड कभर, क्रिसमस सामान, सूतीका कपडा, पात्रो, बास्केट, चोप/खोटो, सिसाका मूर्ति, प्राकृतिक रेशानिर्मित धागो र कपडा, फलामका भान्साका सामान, थान्का, मूर्ति र पुरातात्त्विक उत्पादनहरू, बोडिङ कपडा, ऊन, गहना, भ्याकुम फ्लास्क, टेबुल सिसा, काठका फर्निचर, प्लास्टिकका मूर्ति, सिटीसी चिया, रंग, टोपी , अम्लजातीय सारतेल, औषधीय बिरूवाहरू चीनले नेपाल र विश्वबाट आयात गर्दै आएको छ ।

कीटनाशक औषधीय बिरुवा, झिटीगुण्टाका सामानहरू, जालीदार कपडा, भोड्का, क्यासियाको सारतेल, ऊनी फेल्ट, तयारी पोशाक, कर्क स्क्रु, खेलौना, ट्वाइन, रूद्राक्ष, कृत्रिम मानव अंग, ढुंगा, सेन्थेटिक यार्न, खाद्य उद्योगका सहउत्पादन, प्लास्टिकका टेबलपोश, छाला, अन्य काठका सामान, रबरका सामान, विग्स, ओलोङ चिया, अन्य कागज, जल, पुदिनाको सारतेल, अत्तर, एन्टीसेरा, छालाका उत्पादन, कच्चाकाठ, बहुमूल्य पत्थर, ह्विस्की, ढुंगा, फलामका रड, बियर, प्लास्टिकका बोतल, शृंगारात्मक बत्ती, जुत्ता, इकमर्शबाट भएको व्यापारिक वस्तुहरू, प्लास्टिकका सामानहरू, कपास, बिजुलीका स्वीच, मेशिनरी भल्भ, तयारी खाद्यवस्तु चीनले नेपालबाट सानो परिमाण र विश्वबाट ठूलो परिमाणमा आयात गर्दै आएको छ ।

एकचोटि चिनियाँ बजारमा प्रवेश पाइसकेका वस्तुहरूलाई मूल्य, गुण, परिमाण, आपूर्ति समय, प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न सकेको खण्डमा यी वस्तुहरूको करीब ५० अर्ब अमेरिकी डलर बराबरको बजारको सानो अंश मात्र नेपालले उपयोग गर्न सकेको खण्डमा यो नेपालका लागि वरदान सावित हुने निश्चित छ ।

नेपालले चीनमा निर्यात गर्दै आएका एन्टीसेरा, तयारी पोशाक, छालाका उत्पादनहरू, तयारी खाद्य उत्पादन, जुत्ता, प्लान्टिकका सामानको चीनको आयात मात्र १ अर्ब अमेरिकी डलरभन्दा माथि रहेको छ ।

चीनको आयात बजारमा १० प्रतिशतभन्दा बढी अंश ओगट्ने नेपाली वस्तुहरूमा दक्षिणीकाठ, हातेकागज, बाँसका कुर्सी, खुकुरी तरबार, रेशमका कार्पेट, धातुका मूर्ति र ऊनी कार्पेट रहेका छन् । यी वस्तुहरूको चीनको शतप्रतिशत बजार लिन सकेको खण्डमा यी ५ वटा वस्तुहरूको निर्यात मात्र रू. ७ अर्ब ४५ करोड पुग्ने देखिन्छ ।

यस्तै गरी चीनको आयात बजारमा १ देखि ८ प्रतिशतसम्मको अंश भएका नेपालबाट निर्यात हुने वस्तुहरूमा बाल्केट, अगरबत्ती, तामाका कुकर, जनावरका कार्भिङ सामान, हेई चिया, काठका मूर्ति, भान्सामा प्रयोग हुने काठका सामग्री, घण्टी, कन्दमूल, अन्य कपडाका कार्पेट, आलुमिनियमका भान्साका सामान, सेन्थेटिक कपडा, कपडाका अन्य उत्पादनहरू र सिटोनेलाको सारतेल रहेका छन् । यी वस्तुको चीनको कुल आयात रू. ४७ अर्ब बजार रहेको छ ।

चीनको तयारी पोशाकको आयातमा नेपालको अंश करीब शून्य दशमलव शून्य ५ प्रतिशत मात्र रहेको छ जबकि चीनको तयारी पोशाकको कुल आयात रू. ८५७ अर्ब रहेको छ । यत्रो विशाल बजारमा नेपालको निर्यात भने रू. ४१ करोड मात्र रहेको छ ।

यस्तै नेपालको विशेष क्षमता रहेको थान्का, मूर्ति र चित्र (एचएसकोड भाग ९७ अन्तर्गतका हस्तकलाका सामान पर्छन् ) को चीनको आयात रू. ३० अर्ब बराबर रहेको छ जबकि उक्त आयातमा नेपालको अंश करीब शून्य दशमलव १५ प्रतिशत मात्र रहेको छ ।

अर्को उदाहरणका लागि विग्स (नक्कली कपाल, चुल्ठो, दाह्री, जुँगा, आँखीभौं, परेला आदि) लाई लिन सकिन्छ । चीनले सन् २०२३ मा रू. २६ अर्ब बराबरको विग्स आयात गरेको छ । यस सम्भावनालाई नेपालले उपयोग गर्न सक्ने देखिन्छ ।

तिलस्मी खालका उत्पादनहरू चीनतर्फको निर्यातको छैटौं आयातका रूपमा रहेको देखिन्छ । चीन तिलस्मी खालका उत्पादनहरूको आकर्षक बजार हो । यस्ता तिलस्मी वस्तुहरूमा रहेको आकर्षणका कारण नै नेपालबाट बोधिचित्त आकर्षक मूल्यमा चीनमा निर्यात हुन सकेको हो ।


चिनियाँ समाजमा व्याप्त विश्वासको गहन अध्ययन गरी यस्ता खालका वस्तुहरू उत्पादन गरी चीनमा निर्यात गर्न सकिने ठूलो सम्भावना रहेको छ । यस्तो कयौं अन्य वस्तु छन् जसको चिनियाँ बजारमा ठूलो माग रहेको छ । यस क्षेत्रमा व्याप्त बजारलाई उपयोग गर्ने गरी नेपालले आफ्नो सक्रियता वृद्धि गर्नु आवश्यक देखिन्छ ।

उपर्युक्त आयामलाई दृष्टिगत गरी चीनसँग सघन व्यापार वार्ता र समझदारी, नेपालमा उत्पादनको वातावरण सृजना, पूर्वाधारमा सुधार र नेपाली वस्तुको मूल्य, गुणस्तर, परिमाण र आपूर्ति समयजन्य प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्न उत्प्रेरणात्मक औद्योगिकीकरणतर्फ पहलकदमी लिन आवश्यक छ ।

*लेखक व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका वरिष्ठ अधिकृत हुन् ।*

| सन् २०२३ मा नेपाल चीन व्यापार | | मूल्य हजार अमेरिकी डलर | |
|---|---|---|---|
| वस्तु | नेपालको चीनतर्फको निर्यात | चीनको विश्व आयात | चीनको आयातमा नेपालको हिस्सा प्रतिशत |
| दक्षिणीकाठ | १७ | १७ | १००.०० |
| हातेकागज | २३३ | ३४२ | ६८.१३ |
| बाँसका कुर्सी | २८६ | ४६२ | ६१.९० |
| खुकुरी | ८५ | २०७ | ४१.०६ |
| रेशमका कार्पेट | १५८ | ५७७ | २७.३८ |
| धातुका मूर्ति | ९,९९६ | ४०,२८० | २४.८२ |
| ऊनी कार्पेट | २,४५९ | १३,७४७ | १७.८९ |
| बाल्केट | १,७३९ | २३,५९७ | ७.३७ |
| अगरबत्ती | २८० | ४,१७० | ६.७१ |
| तामाका कुकर | ८६ | १,५८९ | ५.४१ |
| जनावरका कार्भिङ | १९४ | ३,६२७ | ५.३५ |
| हेई चिया | २ | ३९ | ५.१३ |
| काठका मूर्ति | ४९९ | १०,३७१ | ४.८१ |
| भान्सामा प्रयोग हुने काठ | ५३८ | १७,३६१ | ३.१० |
| घण्टी | ३६ | १,३०१ | २.७७ |
| कन्दमूल | १५ | ६८८ | २.१८ |
| अन्य कपडाका कार्पेट | ५४६ | ३१,०७५ | १.७६ |
| आलुमिनियमका भान्साका सामान | ४५५ | ३३,८९१ | १.३४ |
| सेन्थेटिक कपडा | ९९८ | ७८,६२२ | १.२७ |
| कपडाका अन्य उत्पादनहरू | १,५९६ | १४१,६६५ | १.१३ |
| सिटोनेलाको सारतेल | ४ | ३८१ | १.०५ |
| तामाका अन्य उत्पादनहरू | ४०७ | ४२,३२० | ०.९६ |
| चटाइ/गुन्द्री | १२९ | १४,०४५ | ०.९२ |
| संगीतका सामानहरू | ४३१ | ५४,८४९ | ०.७९ |
| तन्ना, बेड कभर | ६३ | ११,०३४ | ०.५७ |
| क्रिसमस सामान | ९ | १,८९२ | ०.४८ |
| सुतीका कपडा | १८६ | ३९,१३४ | ०.४८ |
| पात्रो | १० | २,१०४ | ०.४८ |
| बास्केट | ५ | १,३३७ | ०.३७ |
| चोप/खोटो | ५८ | १६,५२९ | ०.३५ |
| सिसाका मूर्ति | ५ | २,२४६ | ०.२२ |
| प्राकृतिक रेशाबाट बनेका धागो र कपडा | २ | १,०३८ | ०.१९ |
| फलामका भान्साका सामान | ६२ | ३८,३५४ | ०.१६ |
| थान्का, मूर्ति र पुरातात्त्विक उत्पादन | ३२५ | २२१,७९२ | ०.१५ |
| बोडिङ कपडा | १ | ६८३ | ०.१५ |
| ऊन | २ | १,३६८ | ०.१५ |
| गहना | ४४१ | ३०९,२०३ | ०.१४ |
| भ्याकुम फ्लास्क | १२५ | ८८,४५६ | ०.१४ |
| टेबुल सिसा | २ | १,४५९ | ०.१४ |
| काठका फर्निचर | ३४३ | २६२,९७३ | ०.१३ |
| प्लास्टिकका मूर्ति | ३६ | २७,९०० | ०.१३ |
| सिटीसी चिया | ११२ | ९३,५०८ | ०.१२ |
| रंग | १९० | १६७,१२४ | ०.११ |
| टोपी | १६१ | १६४,२९४ | ०.१० |
| अम्लजातीय सारतेल | १०२ | ११०,५०७ | ०.०९ |
| औषधीय बिरुवा | ११३ | १२७,३५५ | ०.०९ |
| कीटनाशक औषधीय बिरूवा | १४ | १५,८५४ | ०.०९ |
| झिटीगुण्टाका सामानहरू | ६,६१७ | ८,६६५,३९९ | ०.०८ |
| जालीदार कपडा | ५ | ७,१७८ | ०.०७ |
| भोड्का | १२ | १८,०५४ | ०.०७ |
| क्यासियाको सारतेल | ५ | ८,७०० | ०.०६ |
| ऊनी फेल्ट | २१ | ३८,२८९ | ०.०५ |
| तयारी पोशाक | ३,०४८ | ६,३९४,०८७ | ०.०५ |
| कर्क स्क्रु | २ | ४,३३८ | ०.०५ |
| खेलौना | ३६ | ८३,८०० | ०.०४ |
| ट्वाइन | ६६ | १५६,६३५ | ०.०४ |
| रूद्राक्ष | २५ | ७१,५५२ | ०.०३ |
| कृत्रिम मानव अंग | २७८ | ९१७,६३० | ०.०३ |
| ढुंगा | १० | ४०,३७९ | ०.०२ |
| सेन्थेटिक यार्न | ६१ | २८०,९७६ | ०.०२ |
| खाद्य उद्योगका सहउत्पादनहरू | १२ | ५९,९१६ | ०.०२ |
| प्लास्टिकका टेबलपोश | १२ | ६१,३४१ | ०.०२ |
| छाला | १२३ | ६५६,७८० | ०.०२ |
| अन्य काठका सामानहरू | ६१ | ३४५,०३२ | ०.०२ |
| रबरका सामानहरू | ६८ | ५१८,४८१ | ०.०१ |
| विग्स | २२ | १९४,०९४ | ०.०१ |
| ओलोङ चिया | १ | ८,८२९ | ०.०१ |
| अन्य कागज | ४१ | ५३१,७७५ | ०.०१ |
| जल | १ | १२,९७७ | ०.०१ |
| पुदिनाको सारतेल | २ | ३२,३६१ | ०.०१ |
| अत्तर | १३ | २३२,१७१ | ०.०१ |
| एन्टीसेरा | ४०१ | ९,६१०,६३२ | ०.०० |
| छालाका उत्पादनहरू | २०६ | ५,८४२,१५७ | ०.०० |
| कच्चाकाठ | ३४ | ९७२,८५७ | ०.०० |
| बहुमूल्य पत्थर | ६ | २०२,२८३ | ०.०० |
| ह्विस्की | १५ | ५८४,६४७ | ०.०० |
| ढुंगा | १ | ४५,०१९ | ०.०० |
| फलामका रड | १ | ४७,४९६ | ०.०० |
| बियर | ११ | ५७८,१६७ | ०.०० |
| प्लास्टिकका बोतल | १ | ५४,८०६ | ०.०० |
| शृंगारात्मक बत्ती | १ | १४१,६४९ | ०.०० |
| जुत्ता | १४ | २,५६९,५०८ | ०.०० |
| इकमर्शबाट भएको व्यापारिक वस्तुहरू | १० | २,२१४,७२१ | ०.०० |
| प्लास्टिकका सामानहरू | ७ | २,२०६,९५३ | ०.०० |
| कपास | ७ | ४,१७३,०२५ | ०.०० |
| बिजुलीका स्वीच | १ | १,५१३,५३२ | ०.०० |
| मेशिनरी भल्भ | १ | २,५५०,३०४ | ०.०० |
| तयारी खाद्य | १ | ५,२३८,५१० | ०.०० |

स्रोत : आइटिसीट्रेडम्याप



तस्वीर : रासस

दाङको घोराही उपमहानगरपालिका–१९ स्थित सैघाको राम्चेमा रहेको खानीभित्रको साँघुरो सुरुङबाट बोरामा भरेको कोइला निकाल्दै श्रमिक ।

# साढे १० लाख पर्यटक आउँदा स्थलमार्गबाट कति ?

हवाई र स्थलमार्गबाट आउने पर्यटक संख्या

| आगमन | जनवरी | फेब्रुअरी | मार्च | अप्रिल | मे | जुन | जुलाई | अगस्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | कुल |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्थलमार्ग | १०,८५२ | १५,६०३ | १९,११९ | ५,९९२ | ४,५५४ | ३,५३५ | ४,६७५ | ८,७५१ | १०,२९१ | ९,७८१ | १७,६५१ | ११०,८०४ |
| हवाईमार्ग | ६८,२४९ | ८१,८२० | १०९,०४८ | १०५,३९० | ८७,४८१ | ७३,११२ | ५९,९२३ | ६३,९६६ | ८६,०१४ | ११४,६१० | ९६,८४५ | ९४६,४५८ |
| कुल | ७९,१०१ | ९७,४२३ | १२८,१६७ | १११,३८२ | ९२,०३५ | ७६,६४७ | ६४,५९८ | ७२,७१७ | ९६,३०५ | १२४,३९१ | ११४,५०१ | १,०५७,२६२ |

स्रोत : संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**अभियान संवाददाता**

काठमाडौं

सन् २०२४ को ११ महीनामा १० लाख ५७ हजार २६२ पर्यटक नेपालमा आउँदा १ लाख १० हजार ८०४ स्थलमार्गबाट नेपाल प्रवेश गरेको अभिलेख छ । सन् २०२४ को शुरूदेखि नै पर्यटक आगमन बढेका बेला स्थलमार्गबाट आउने पर्यटक पनि बढेका हुन् । सन् २०२४ को नोभेम्बरमा मात्रै १ लाख १४ हजार ५०१ पर्यटक नेपाल आएका छन् । नेपाल पर्यटन बोर्डले आइतवार सार्वजनिक गरेको तथ्यांकअनुसार स्थलमार्गबाट आउने पर्यटक सबैभन्दा धेरै मार्च र नोभेम्बरमा आएको देखिएको छ । सन् २०२४ को मार्चमा मात्रै स्थलमार्ग हुँदै १९ हजार ११९ पर्यटक नेपाल आएका थिए । त्यसपछि नोभेम्बरमा बढी छन् । उक्त महीना १७ हजार ६५१ पर्यटक स्थलमार्ग हुँदै आएको देखिन्छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार जनवरी, फेब्रुअरी, मार्चसम्म स्थलमार्गबाट आउने पर्यटकको संख्यामा क्रमशः सुधार देखिन्छ। अप्रिलदेखि अगस्टसम्म भने स्थलमार्गबाट आउनेको संख्या क्रमशः कम हुने गरेको देखिन्छ । सेप्टेम्बरदेखि भने स्थलमार्ग हुँदै आउनेको संख्या क्रमशः बढेको देखिएको छ ।

ट्रेकिङ एजेन्सिज् एशोसिएशन अफ नेपाल (टान)का अध्यक्ष सागर पाण्डेले स्थलमार्गबाट आउने धेरै पर्यटक भारतीय हुने गरेको बताए । खासगरी भैरहवा, सुनौली नाका, विराटनगरबाट धेरै आउने गर्छन् । 'स्थलमार्गबाट आउने धेरै पर्यटक खासगरी भारतीय र भारतमा आउने विदेशी पर्यटक स्थलमार्ग हुँदै नेपालमा आउने गर्छन्,' पाण्डेले भने, 'विदेशी पर्यटक हिमाल हेर्न आउने माउन्टेन पर्यटक सेप्टेम्बर, अक्टोबर, नोभेम्बर, मार्च, अप्रिल, मेमा आउने गर्छन् ।'

# अन्नपूर्ण क्षेत्रमा २२३ प्रजातिका सुनाखरी

गण्डकी । अन्नपूर्ण संरक्षण क्षेत्रमा २२३ प्रजातिका सुनाखरी भेटिएका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ले गरेको खोज तथा अन्वेषणका क्रममा ८०० मिटरदेखि ४ हजार ५०० मिटरसम्मको उचाइमा ती प्रजातिका सुनाखरी पहिचान गरिएको हो ।

वरिष्ठ संरक्षण अधिकृत बाबुलाल तिरूवा नेतृत्वको टोलीले झन्डै एक वर्ष लगातार अन्नपूर्ण क्षेत्रमा पाइने सुनाखरीको अनुसन्धान गरेको थियो । भौगोलिक विकटता र मौसम प्रतिकूलताका कारण कतिपय ठाउँमा पुग्न नसकिएको जनाउँदै संरक्षण अधिकृत तिरूवाले अन्नपूर्ण क्षेत्रमा सुनाखरीका अझै थप प्रजाति भेटिन सक्ने बताए । फूल फुल्ने एकदलीय बिरूवा प्रजातिमा पर्ने सुनाखरी जमिन (भुइँ), सडेगलेका वस्तु, रूख र पाखापहराको चेपमा उम्रने गरेको उनको भनाइ छ । गुणकारी वनस्पतिमा पर्ने सुनाखरी प्रजातिअनुसार विभिन्न याममा फुल्ने गरेको संरक्षण अधिकृत तिरूवाले बताए ।

'सुनाखरी खाना र औषधिका रूपमा प्रयोग गरिन्छ, फूल फुल्दा आकर्षक देखिने हुँदा यसले प्रकृतिमा सौन्दर्य थपेको हुन्छ,' उनी भन्छन्, 'संसारमा अन्त कतै नपाइने सुनाखरी पनि अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइन्छ ।' सुनाखरी दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार महासन्धि (साइटिस) मा सूचीकृत वनस्पति हो । औषधीय गुण भएका कारण कतिपय प्रजातिको सुनाखारीको अवैध तस्करीसमेत हुँदै आएको छ ।

**संसारमा अन्त कतै नपाइने सुनाखरी पनि नेपालको अन्नपूर्ण संरक्षण क्षेत्रमा पाइन्छ ।**

हिमालदेखि तराईसम्मको भूभागमा पाइने सुनाखरीको संरक्षणमा सम्बद्ध सबै पक्षले विशेष ध्यान दिनुपर्ने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)का प्रमुख डा. रविन कडरिया बताउँछन् । देश-विदेशका वनस्पतिविद् र वैज्ञानिकहरूले अन्नपूर्ण क्षेत्रमा पाइने सुनाखरीको अध्ययन तथा अनुसन्धान गरेको उनको भनाइ छ । पाँचऔंलेलगायत नेपालमा सूचीकृत सुनाखरीमध्ये एक तिहाइ प्रजाति औषधीको रूपमा प्रयोगमा रहेका छन् ।

एक्यापले अनुसन्धानका क्रममा भेटिएका सुनाखरीका प्रजाति, बासस्थान, प्रयोग जस्ता विधालाई समेटेर सचित्र पुस्तक 'अन्नपूर्ण संरक्षण क्षेत्रका सुनाखरीहरू' प्रकाशनको तयारी गरेको छ । ७ हजार ६०० वर्ग किलोमिटरमा फैलिएको एक्यापमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १६ स्थानीय तहका ८९ वडा समेटिएका छन् । अन्नपूर्ण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, सभ्यता, संस्कृति आदि कारणले देश-विदेशका पर्यटकको रोजाइमा पर्ने गरेको छ । *रासस*

# किवी उत्पादन दोब्बर, विक्री गर्न बजारको समस्या

खोटाङ । यहाँको केपिलासगढी गाउँपालिका-१, फेदीका धनकुमार राईको फार्ममा लटरम्मै किवी पाकिसकेका छन् । १२ वर्षदेखि यसको व्यावसायिक खेती गरिरहेका राई जिल्लाकै पहिलो किवी किसान हुन् । शुरूका वर्षमा प्रतिकिलो ४०० रुपैयाँसम्ममा बेचेका उनले यस वर्ष बोटमै किवी पाकिसक्दा पनि नटिपेको बताए । उनको फार्ममा करीब ४ हजार किलो किवी उत्पादन भएको अनुमान छ ।

किवीका बेर्नासमेत उत्पादन गर्दै आएका राईले गतवर्ष १४ लाख रुपैयाँभन्दा बढीको बेर्ना बेचेको बताए । करीब २५ रोपनी जमिनमा किवी खेती गरेका राईले यस वर्ष विक्री हुने सम्भावना नभएपछि वाइन, स्विस्की, जुसलगायत पेयपदार्थ बनाउने तयारी गरेका छन् । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२, मुडेका दोर्जी शेर्पाले करीब ६० रोपनीमा किवी खेती गरेका छन् । ११ वर्षदेखि किवी खेती गरिरहेका शेर्पाको फार्ममा यस वर्ष ११ हजार किलोभन्दा बढी किवी फलेको छ । शेर्पाले उत्पादन गरेको किवी दिक्तेलबजार, हलेसी, धरान, विराटनगर, काठमाडौंलगायत शहरमा विक्रीका लागि पुऱ्याउने गरिएको छ ।



जिल्लाका स्थानीय हाटबजार तथा पसलमा प्रतिकेजी १०० देखि १५० रुपैयाँसम्ममा किवी विक्री भइरहेको छ । विगतमा फार्मबाटै विक्री भएको किवी यस वर्ष आफैले ढुवानी खर्च बेहोरेर बजार पठाउन थालेको शेर्पाले बताए । 'मेरो फार्ममा १७५ ओटा वयस्क बोट छन् । एउटै बोटमा १५० केजीसम्म फलेको छ । दुईओटा बोटको मात्रै टिपेर विक्री गरिरहेको छु,' उनले भने, 'यो वर्ष सबै बोटको किवी विक्री हुने सम्भावना कम छ । पोहोर विक्री गरिएको ठाउँ (धरान, विराटनगर, काठमाडौंलगायत)मा सम्पर्क गरिरहेको छु । त्यहाँ पनि बजार छैन भनिरहेका छन् । दाना विक्री नभएको खण्डमा वाइन, जुस र माडा बनाएर विक्री गर्ने सोचमा छु ।' किवी विक्री नहुने सम्भावना बढेपछि शेर्पा चिन्तित छन् ।

किवी उत्पादनमा वृद्धि भए पनि प्रशोधन केन्द्र नहुँदा किसानले चाहेजस्तो आम्दानी गर्न नसकेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-६ नेर्पास्थित शुभ कृषि फार्मका सञ्चालक शुभचन्द्र राई बताउनुहुन्छ ।

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकामा मात्रै गत वर्ष १५ मेट्रिक टन उत्पादन भएकामा यो वर्ष बढेर ४० मेट्रिक टन नाघेको नगरपालिकाका कृषि शाखा प्रमुख तेजप्रकाश जैसीले जानकारी दिए । यो वर्ष बोट वयस्क हुँदै गएपछि उत्पादन बढेको हो ।

नगरपालिकाको सात हेक्टर खेतीयोग्य जमिनमा व्यावसायिक किवी खेती रहेको कृषि शाखा प्रमुख जैसीले जानकारी दिए । 'किवी उत्पादन वर्षेनि बढ्दै जाने फल हो । जति वयस्क हुन्छ उति नै उत्पादन पनि बढ्दै जान्छ । त्यही भएर यो वर्ष उत्पादनमा वृद्धि भएको हो,' उनले भने, 'गतवर्ष १० टन किवी किसानले विक्री गरेका थिए ।' नगरपालिकामा थप ३५ हेक्टरमा १५ हजार किवीको बिरुवा रोपिएको जनाइएको छ । यसमध्ये नगरपालिकाले ७ हजार र जलाधारमा आधारित जलवायु उत्थानशील जीविकोपार्जन परियोजनाले ८ हजार बिरुवा किसानलाई निःशुल्क वितरण गरेको छ । फलफूल खेतीबाटै नगरमा समृद्धि हासिल गर्ने लक्ष्य लिइएकाले उत्पादन, प्रशोधन र बजारीकरणलाई जोड दिइएको नगर उपप्रमुख विशन राईले बताए । *रासस*

# आराधना कम्प्लेक्समा सुट मेला शुरू

काठमाडौं (अस) । काठमाडौंको बागबजारस्थित आराधना कम्प्लेक्समा सुट मेला शुरु भएको छ । नेपाल टेलरिङ व्यवसायी महासंघको आयोजनामा मङ्सिर १७ मा शुरू भएको सर्टिङ सुटिङ वस्तुको मेला २०८२ वैशाख २५ गतेसम्म चल्ने बताइएको छ । नेपालमा सर्टिङ सुटिङ मेला पहिलोपटक आयोजना गरिएको पनि महासंघले पत्रकार सम्मेलन गरी जानकारी दिएको छ । मेलाको उद्देश्य ग्राहकलाई उच्च गुणस्तरको सर्टिङ सुटिङ कपडाका दर्जनौं विकल्प एकै ठाउँमा उपलब्ध गराउनु तथा आम सर्वसाधारणमा व्यक्तित्व निर्माणमा सर्टिङ सुटिङको महत्त्व बुझाउनु रहेको बताइएको छ । आयोजकका अनुसार मेलाले सुटमा आएको नयाँ डिजाइनबारे पनि ग्राहकलाई जानकारी गराउनेछ । मेलामा आराधना कम्प्लेक्समा रहेका मेरिना इम्पेक्स, अनुपम टेलर्स, श्रेष्ठ टेलरिङ, एक्सलेन्ट टेलर्स, एसटी टेलर्स, सिजनल टेलर्स, टिपटप टेलर्स, रिच स्टिचिङ, मेरो टेलर्स, हिल टप र ह्यारी कलेक्सनका स्टल रहनेछन् ।

'मेलामा सहभागी व्यवसायीले मेलाका अवसरमा कपडा र सिलाइमा ग्राहकलाई आकर्षक छूट उपलब्ध गराउने हुँदा ग्राहकका लागि यो एउटा अवसर सावित हुने अपेक्षा गरेका छौं,' मेला संयोजक अर्जुन बस्नेतले पत्रकार सम्मेलनमा भने, 'मेलामा अन्तरराष्ट्रिय जगतमै ख्याति कमाएका इटालियन, इंग्ल्यान्ड, बैंकक, भारतलगायत देशमा उत्पादित उच्च गुणस्तरको फेब्रिक विकल्प एउटै छानामुनि उपलब्ध हुनेछ ।'

मेलामा सहभागी व्यवसायीले मेला अवधिमा कपडा खरीद गर्ने र सिलाउने ग्राहकमध्येबाट गोलाप्रथामार्फत भाग्यशाली विजेता चयन गरी स्वदेश र विदेशका विभिन्न गन्तव्यको भ्रमण गराउने अफर समेत राखेको बताइएको छ । उपहारअन्तर्गत एक-एक जोडीले दुबई र थाइल्यान्ड, १५ जोडीले पोखरा, १० जोडीले चितवनको सौराहा र १० जोडीले मनकामना घुम्न पाउनेछन् । त्यसैगरी ५० जनाले चन्द्रागिरि केबलकारको टिकट पाउनेछन् । २० ओटा सुट पिस र ४० ओटा सर्ट-पाइन्ट पिस उपहारमा राखिएको छ ।

मेलाले आर्थिक मन्दीका कारण शिथिल भएको व्यवसायलाई गति दिने अपेक्षा आयोजकको छ ।

**बाँकी पृष्ठ १ बाट ...**

**झन्झटिलो प्रक्रिया ...**

पछिल्ला वर्षमा पूँजीगत खर्च कम भएका कारण हाम्रो सार्वजनिक लगानीमा अपेक्षित सुधार हुन सकेको छैन । यसका लागि आयोजनाको गुणस्तर सुधारमा हामीले प्राथमिकताका साथ काम गरिरहेका छौं,' अर्थमन्त्रीले भने ।

सार्वजनिक ऋणको भारबाट तत्काल अत्तालिनुपर्ने अवस्था नरहेको उल्लेख गर्दै अर्थमन्त्री पौडेलले लामो समयसम्म दिगो बनाई राख्न ऋण परिचालनलाई पुनः प्राथमिकीकरण गर्नुपर्ने आवश्यकता महसूस गरेको बताए ।

छलफलमा विकास साझेदारका प्रतिनिधिले नेपालको आर्थिक विकासमा थप सहयोग गर्न आफूहरू तयार रहेको स्पष्ट गर्दै उच्चस्तरीय आर्थिक क्षेत्र सुधार सुझाव आयोग गठन गर्नु सकारात्मक भएको बताए । उनीहरूले क्रेटिड रेटिङको नतिजाले नेपालमा बाह्य लगानीलाई थप आकर्षित गर्ने बताएका थिए ।

नेपालमा विदेशी मुद्रा सञ्चिति बलियो अवस्थामा रहेको, आर्थिक गतिविधि चलायमान बन्ने संकेत देखिएकाले आर्थिक वृद्धिदरमा सकारात्मक उपलब्धि हासिल हुने अनुमानका आधारमा उक्त रेटिङ प्रदान गरेको फिचले बताएको थियो ।

अर्थमन्त्री पौडेलले दुई ठूला राजनीतिक दल मिलेर सरकार बनेपछि मुलुकमा राजनीतिक र नीतिगत स्थायित्व कायम हुँदै गएकाले अब सरकारको ध्यान आर्थिक विकासमा केन्द्रित भएको बताएका थिए । विकास साझेदारहरूको निरन्तर सहयोग र साझेदारीमा आर्थिक विकासलाई अघि बढाउने मन्त्री पौडेलले जानकारी गराएका थिए ।

**वाइड बडी ...**

एफसीपीएको अनुसन्धान प्रतिवेदनमा शर्मा र उनको टोलीले नेपाल वायुसेवा निगमलाई जहाज बेच्न नेपाली तथा विदेशी सरकारी अधिकारीहरूलाई घूस दिएको र घूस लिनेमा निगममा सन् २०१५ देखि २०१९ सम्म उच्च तहमा कार्यरत एक अधिकारी पनि रहेको उल्लेख छ । एफसीपीएको अनुसन्धान प्रतिवेदनमा भनिएको छ, 'जसबाट दुई थान ए३३०-२०० जहाज बेच्ने टेन्डर जित्न मद्दत पुगेको थियो ।'

नेपाली सरकारी अधिकारीहरूलाई घूस खुवाउन शर्मा र उनको टोलीले अमेरिका, आयरल्यान्ड, युनाइटेड अरब इमिरेट्स (यूएई)लगायत देशमा बैंक खाता खोलेको प्रतिवेदनमा उल्लेख छ । विभिन्न देशमा बैंक खाता खोली निगमले पठाएको रकम स्थानान्तरण गरी करीब २५ लाख अमेरिकी डलर बराबर रकम नेपाली र विदेशी सरकारी अधिकारीहरूलाई घूस दिन शर्माले मध्यस्थता गरेको एफसीपीएले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ । निगमको वाइड बडी खरीद प्रकरणमा ठूलो रकमको चलखेल भएको चर्चा ऊबेला निकै चलेको थियो ।

**Notice for Sealed Proposals**

First Published Date: 03/12/2024

Nabil Bank Ltd. invites sealed proposal from interested firms/companies **for the Development of Microsite for nBank.**

RFP documents with detailed Scope of works, Terms & Conditions can be received from the Administration Department, 4th floor, Ghantaghar building, Kathmandu, Nepal upon submission of a written request letter in the official letter head of the interested firm/vendor.

The hard copy of RFP/Proposal document along with copy of other supporting documents must be submitted to Nabil Bank Limited, **Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal,** not later than **4:00 PM,17th December,2024 (Poush 2, 2081)**. RFP documents received after this deadline will not be accepted.

1. The received proposal shall be opened at Nabil Bank Ltd, Ghantaghar, Kathmandu at **11.00. a.m.** on **18th December, 2024 (Poush 3, 2081).** Non-attendance of any or all of the bidder's representatives shall not hinder the opening of the proposal.
2. In case the last day of submission falls on government holiday, then submission can be done on the next working day. Same applies for proposal opening date as well.
3. The Bank reserves the ultimate rights to accept/ reject any proposal and shall not be required to disclose any reason whatsœver and will not be compelled to accept the lowest proposal.

NABIL BANK®

Nabil Bank Limited, Administration Department, Ghantaghar, Kathmandu, Contact No: - 01-5971871

**निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड**

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, भगवतीबहाल, नक्साल, काठमाण्डौ

**नायव प्रमुख कार्यकारी अधिकृतको पदपूर्ति सम्बन्धी सूचना**

**(प्रकाशित मिति २०८१/०८/१८)**

**विज्ञापन नं : ०२/०८१/८२** **पद संख्या : १ (एक)**

यस संस्थामा रिक्त रहेको नायव प्रमुख कार्यकारी अधिकृत पदमा खुला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गरिने भएकोले देहायको न्यूनतम शैक्षिक योग्यता र अनुभव प्राप्त गरेका इच्छुक, योग्य नेपाली नागरिकहरूबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थाको केन्द्रीय कार्यालय, नक्साल, काठमाण्डौंमा वा dceonirdhanvacancy@gmail.com मार्फत आवेदन दिनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, बाणिज्य वा तथ्याङ्क विषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि प्राप्त गरेको वा स्नातक तह उत्तीर्ण साथै चार्टर्ड एकाउन्टेन्ट (CA) उत्तीर्ण गरेको ।

२. **अनुभव :**
(क) बैंक तथा वित्तीय संस्थामा अधिकृत श्रेणीमा कम्तिमा ५ वर्ष केन्द्रीय कार्यालयमा कार्य गरेको वा,
(ख) लघुवित्त संस्थाको हकमा व्यवस्थापकीय श्रेणीमा विभागीय प्रमुखको जिम्मेवारीमा कम्तिमा ७ वर्ष कार्य गरेको वा,
(ग) स्नातक तह उत्तीर्ण साथै चार्टर्ड एकाउन्टेन्ट (CA) उत्तिर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ३ वर्ष काम गरेको ।

३. **उमेर :** उमेरको हद दरखास्त दिने अन्तिम मितिसम्म ५० बर्ष ननाघेको हुनुपर्ने ।

४. **दरखास्तसाथ पेश गर्नुपर्ने कागजात तथा विवरणहरू:**
(क) शैक्षिक योग्यता, अनुभव, सम्पर्क ठेगाना (मोबाईल नम्बर) सहितको विस्तृत वैयक्तिक विवरण (Bio–Data) ।
(ख) नेपाली नागरिकताको प्रमाणपत्र र सम्पूर्ण शैक्षिक योग्यताको प्रमाणपत्र तथा अनुभवको स्वयम्ले प्रमाणित गरेका प्रतिलिपिहरू ।
(ग) उम्मेद्वारले आफ्नो दरखास्तका साथ ३,००० शब्दमा नबढ्ने गरी नेपालमा लघुवित्तको वर्तमान अवस्था, चुनौती र समस्या समाधानका उपायका सन्दर्भमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लि. को आगामी कार्यदिशा विषयक लेख पेश गर्नु पर्नेछ ।
(घ) विदेशी शैक्षिक संस्थाहरूबाट प्राप्त शैक्षिक योग्यताका हकमा त्रिभुवन विश्वविद्यालयको समकक्ष मान्यता प्रमाणपत्रको प्रतिलिपी ।

५. **छनौट प्रक्रिया :**
(क) उम्मेदवारको शैक्षिक योग्यता, कार्य अनुभव र पेश भएको लेखको मूल्यांकनको आधारमा उम्मेद्वारहरूको संक्षिप्त सूची (Short Listing) प्रस्तुतीकरण तथा अन्तर्वार्ताका लागि छनौट गरिनेछ ।
(ख) अन्तर्वार्तामा सहभागी हुने उम्मेद्वारले आफ्नो शैक्षिक योग्यता, अनुभव, नेपाली नागरिकताको प्रमाणपत्र एवं दरखास्त साथ पेश गरेका अन्य कागजातहरूको सक्कल प्रति सहित उपस्थित हुनु पर्ने छ । साथै, दरखास्तसाथ पेश गरेको लेखको आधारमा करिब ३० मिनेटको प्रस्तुतीकरण (Presentation) गर्नुपर्नेछ ।

६. **पारिश्रमिक :** संस्थाको नियमानुसार हुनेछ ।

७. **अन्य विवरण :**
(क) नायव प्रमुख कार्यकारी अधिकृतको छनौट सम्बन्धी विवरण संस्थाको वेवसाईटः www.nirdhan.com.np मा राखिएको छ ।
(ख) नायव प्रमुख कार्यकारी अधिकृत छनौट सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहित रहनेछ ।

**धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी १५ दिने सार्वजनिक सूचना**

(प्रकाशित मिति २०८१ साल मंसिर महिना १८ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय धादिङवेसीबाट तपशिलमा उल्लेखित ऋणीले व्यावसायिक आवधिक कर्जा शिर्षक अन्तगर्त लिएको कर्जाको साँवा ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमका बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले १६ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस बैकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

**तपशिल**

**ऋणीको विवरण**

धन नारायण श्रेष्ठको छोरी डिल बहादुर नगरकोटीको बुहारी लिला बहादुर श्रेष्ठको पत्नी धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **सरिता श्रेष्ठ** (ना.प्र.नं : २६१/४८९३७ जारी मिति र जिल्ला : २०६८/०६/२५, धादिङ)

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हस्त बहादुर नगरकोटीको नाति डिल बहादुर नगरकोटीको छोरा धादिङ जिल्ला निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **लिला बहादुर श्रेष्ठ** (ना.प्र.नं : २६१/१५५७३, जारी मिति र जिल्ला : २०६४/०६/०२, धादिङ)

२) चाउरे मगरको बुहारी भिम बहादुर मगरको पत्नी धादिङ जिल्ला निलकण्ठ वडा नं. १ हाल, निलकण्ठ न.पा. वडा नं. ४ बस्ने **बाल कुमारी मगर** (ना.प्र.नं : १/६५६४९, जारी मिति र जिल्ला : २०७०/०२/२६, धादिङ)

**धितो सुरक्षण सम्बन्धी विवरण :**
१) मिति २०७९/०७/२८ को नागरिक दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।
२) मिति २०८०/०४/२५ को नागरिक दैनिक राष्ट्रिय पत्रिकामा धितो लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धनीको नाम | ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (रोपनी) |
|---|---|---|---|---|
| लिला बहादुर श्रेष्ठ | धादिङ जिल्ला निलकण्ठ वडा नं. १ | १ख | २८४ | १-२-१-२ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात मिति २०८१/०९/०२ गते मंगलबार भित्र यस बैकको शाखा कार्यालय धादिङवेसी आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८१/०९/०३ गते बुधबार दिउँसो ३:०० बजे यस बैकको शाखा कार्यालय धादिङवेसीमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

**Central Office:** Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

**आगामी साधारणसभा**

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) बोनस | प्रस्तावित लाभांश (%) नगद | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राइम कमर्सियल बैंक लिमिटेड | २०८०/०८१ | आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | मङ्सिर १९ | ११:०० | | ५ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर ९ |
| २ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/०८१ | अरनिको पार्टी प्यालेस, बनेपा, काभ्रेपलाञ्चोक | मङ्सिर २४ | ११:०० | १४.२५ | ०.७५ | थप सार्वजनिक निष्कासन (एफपीओ) जारी गर्ने, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १८ - मङ्सिर २४ |
| ३ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लिमिटेड | २०८०/०८१ | आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | मङ्सिर २५ | ९:३० | ६.५ | १९ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १२ |
| ४ | ग्लोबल आइएमई बैंक लिमिटेड | २०८०/०८१ | नेपाल प्रज्ञा-प्रतिष्ठान, कमलादी, काठमाडौं | मङ्सिर २७ | १०:०० | ५.५ | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर ९ |
| ५ | नबिल बैंक लिमिटेड | २०८०/०८१ | राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं | मङ्सिर २७ | १०:०० | | १० | सञ्चालकको निर्वाचन/नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १० |
| ६ | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/०८१ | बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं | मङ्सिर २७ | १०:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १६ |
| ७ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/०८१ | दिनेश चौधरी स्मृति प्रतिष्ठान, दुहवी, सुनसरी | मङ्सिर २८ | ११:०० | १३.३ | ०.७ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १४ |
| ८ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २०७९/८०, २०८०/८१ | डेलिश ओपेरा रेष्ट्रो एण्ड ब्याङ्क्वेट, बालुवाटार, काठमाडौं | मङ्सिर २८ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १९ |
| ९ | सुपरमाई हाइड्रोपावर लिमिटेड | २०८०/०८१ | लिसरा रिसेप्सन, भगवती बहाल नक्साल, काठमाडौं | मङ्सिर २८ | ४:०० | ७ | ५.६३१ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १७ |
| १० | एशियन हाइड्रोपावर लिमिटेड | २०८०/०८१ | द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर | पुस २ | १२:३० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १९ |
| ११ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | २०८०/०८१ | द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर | पुस २ | १०:३० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १९ |
| १२ | चन्द्रागिरि हिल्स लिमिटेड | २०८०/०८१ | चन्द्रागिरी हिल्स लिमिटेडको कार्यालय, थानकोट परिसर | पुस ३ | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २१ |
| १३ | सोल्टी होटल लिमिटेड | २०८०/०८१ | नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं | पुस ४ | ११:०० | १० | २६.८५ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १३ - पुस ४ |
| १४ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २०८०/०८१ | कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाडौं | पुस ४ | ९:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २१ |
| १५ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | २०७९/८०, २०८०/८१ | अग्रवाल भवन, कमलपोखरी, काठमाडौं | पुस ५ | ९:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २७ |
| १६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | दुर्गा पार्टी प्यालेस, इटहरी, सुनसरी | पुस ६ | ११:०० | १३.७७५ | ०.७२५ | वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर १४ |
| १७ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | बिग होटल, बिराटनगर | पुस ६ | १०:०० | | २० | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २१ |
| १८ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल सेन्ट्रल प्लाजा, बाँके | पुस १० | १०:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | पुस २ |
| १९ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | आम्रपालि ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | पुस ११ | १०:०० | ९ | ०.४७ | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २३ |
| २० | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | २०८०/८१ | आम्रपालि ब्याङ्क्वेट, भाटभटेनी, काठमाडौं | पुस १२ | ९:०० | ५ | ०.२६३२ | १०० प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | मङ्सिर २१ |

# नेप्सेसँगै बढ्यो कारोबार रकम

**अभियान संवाददाता**

काठमाडौं

दुई कारोबार दिन घटेको नेप्से सोमवार शून्य दशमलव ७२ प्रतिशत बढेर बन्द भएको छ। नेप्से परिसूचक २ हजार ७५८ दशमलव ०४ विन्दुमा पुगेको छ । यस दिन 'इन्ट्राडे'मा नेप्से २ हजार ७७३ दशमलव ४७ विन्दुसम्म पुगेको थियो भने न्यून २ हजार ७४६ दशमलव ४७ विन्दुसम्म झरेको थियो ।

बजार बढ्दा कारोबार रकम समेत बढेको छ। अघिल्लो कारोबार दिन रू. ८ अर्ब ८३ करोड बराबरको कारोबार भएकोमा यस दिन रू. १० अर्ब ५४ करोडभन्दा बढीको कारोबार भएको हो ।

कारोबारमा आएका धितोपत्रमध्ये तीन धितोपत्रको मूल्य १० प्रतिशतका दरले वृद्धि भएको छ । तारागाउँ रिजेन्सी होटल्स, विशाल बजार कम्पनी र खानीखोला हाइड्रोपावर कम्पनीको शेयर मूल्य अघिल्लो कारोबार दिनको तुलनामा १० प्रतिशतका दरले वृद्धि भएको हो। सोमवार सबैभन्दा बढी नेपाल फाइनान्सका शेयरधनीले गुमाएका छन्। यस कम्पनीको शेयर मूल्य ८ दशमलव ७२ प्रतिशत घटेको छ। कम्पनीको शेयर मूल्य प्रतिकित्ता रू. १ हजार २४४ मा झरेको छ। सर्वाधिक शेयर खरीदविक्रीको हिस्सा पनि नेपाल फाइनान्सले ओगटेको छ । यस कम्पनीको रू. ५९ करोड ४७ लाख बराबरको शेयर खरीदविक्री भएको हो ।

कारोबारमा आएका १३ समूहगत सूचकमध्ये चार समूहको सूचक घटेको छ भने बाँकी सबै समूहको सूचक बढेको छ। तीमध्ये व्यापार समूहको सूचक सबैभन्दा बढी ९ दशमलव ७० प्रतिशत वृद्धि भएको छ । वित्त समूहको सूचक सबैभन्दा बढी १ दशमलव ९७ प्रतिशत घटेको छ।

**कुल कारोबारमा सर्वाधिक हिस्सा जलविद्युत् समूहको**

कारोबार रकमका आधारमा सोमवार जलविद्युत् समूहले सर्वाधिक हिस्सा ओगटेको छ । कुल कारोबारमध्ये ३४ दशमलव २९ प्रतिशत हिस्सा ओगटेको उक्त समूहको रू. ३ अर्ब ६१ करोड ५० लाख बराबरको धितोपत्र किनबेच भएको छ। यस्तै सर्वाधिक कारोबार गर्ने समूहमध्ये दोस्रो स्थानमा विकास बैंक समूह रहेको छ । उक्त समूहको रू. १ अर्ब ९० करोड ६७ लाख बराबरको धितोपत्र किनबेच भएको छ।

**ब्रोकर नं. ५८ बाट सर्वाधिक कारोबार**

सोमवारको बजारमा ब्रोकर नं. ५८ सर्वाधिक कारोबार गर्नेमध्ये शीर्ष स्थानमा रहेको छ । उक्त ब्रोकरबाट रू. १ अर्ब ३३ करोड ५१ लाख बराबरको धितोपत्र किनबेच भएको हो । कारोबार अवधिमा उक्त ब्रोकरबाट रू. ६८ करोड १ लाख बराबरको धितोपत्र विक्री भएको छ भने रू. ६५ करोड ४९ लाख बराबरको धितोपत्र खरीद भएको देखिन्छ । यस्तै, दोस्रोमा ब्रोकर नं. ४५ रहेको छ । जसबाट सोमवारको बजारमा रू. ८३ करोड ७१ लाख बराबरको धितोपत्र किनबेच भएको छ ।

**मूल्य घटबढका आधारमा शीर्ष ५ धितोपत्र**

| बढेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) | घटेका धितोपत्र: धितोपत्र | अन्तिम मूल्य रू. | फरक (प्रतिशत) |
|---|---|---|---|---|---|
| तारागाउँ रिजेन्सी होटल्स लिमिटेड | १,२७०.५० | १०.०० | नेपाल फाइनान्स लिमिटेड | १,२४४.०० | -८.७२ |
| विशाल बजार कम्पनी लिमिटेड | ६,५८८.४० | १०.०० | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २,४५८.०० | -७.७३ |
| खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३२२.३० | १०.०० | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २,६९५.०० | -६.०३ |
| जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ३७३.४० | ९.९९ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १,६८०.०० | -४.७६ |
| अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ८७३.०० | ९.९५ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ७१६.०० | -४.४१ |

**समूहगत परिसूचकमा आएको परिवर्तन**

| क्र.सं. | समूह | समूहगत परिसूचक | परिवर्तन (%मा) |
|---|---|---|---|
| १ | व्यापार | ५,०६०.५८ | ९.७० |
| २ | होटल तथा पर्यटन | ७,२६२.६० | ४.९९ |
| ३ | जीवन बीमा | १३,६३९.५० | १.९१ |
| ४ | जलविद्युत् | ३,५६०.३५ | ०.६२ |
| ५ | लगानी | १०६.२६ | ०.६० |
| ६ | म्युचुअल फण्ड | २१.९० | ०.४१ |
| ७ | निर्जीवन बीमा | १३,२१६.९६ | ०.२० |
| ८ | उत्पादन तथा प्रशोधन | ६,७९९.६९ | ०.१५ |
| ९ | लघुवित्त | ५,१२१.७९ | ०.१५ |
| १० | अन्य | २,०२३.१० | -०.३६ |
| ११ | बैंकिङ्ग | १,४६१.९७ | -०.५९ |
| १२ | विकास बैंक | ६,०२०.४५ | -१.७२ |
| १३ | वित्त | ३,४६०.७६ | -१.९७ |

**समूहगत कारोबार**

| क्र.सं. | समूह | कारोबार रकम (रू. करोडमा) | कारोबारमा हिस्सा(%मा) |
|---|---|---|---|
| १ | जलविद्युत् | ३६१.५० | ३४.२९ |
| २ | विकास बैंक | १९०.६७ | १८.०९ |
| ३ | वित्त | १५५.५४ | १४.७६ |
| ४ | लघुवित्त | ६१.०४ | ५.७९ |
| ५ | बैंकिङ्ग | ५६.८८ | ५.४० |
| ६ | लगानी | ४९.९७ | ४.७४ |
| ७ | होटल तथा पर्यटन | ४१.६८ | ३.९५ |
| ८ | जीवन बीमा | ३८.६२ | ३.६६ |
| ९ | निर्जीवन बीमा | ३१.४८ | २.९९ |
| १० | उत्पादन तथा प्रशोधन | २४.६५ | २.३४ |
| ११ | अन्य | १७.२४ | १.६४ |
| १२ | व्यापार | ११.८८ | १.१३ |
| १३ | संस्थापक शेयर | ८.४४ | ०.८० |
| १४ | म्युचुअल फण्ड | ४.२६ | ०.४० |
| १५ | ऋणपत्र | ०.२४ | ०.०२ |

**शीर्ष ५ ब्रोकर (रकम रू. करोडमा)**

| ब्रोकर नं. | खरीद रकम | विक्री रकम | जम्मा रकम |
|---|---|---|---|
| ५८ | ६५.४९ | ६८.०१ | १३३.५१ |
| ४५ | ४३.३२ | ४०.३९ | ८३.७१ |
| ४१ | ३६.९० | ३५.४६ | ७२.३६ |
| ३४ | ३४.१३ | ३७.६१ | ७१.७४ |
| ४२ | ३०.७८ | ३६.७० | ६७.४८ |

**सर्वाधिक कारोबार भएका पाँच धितोपत्र**

| धितोपत्रको नाम | कारोबार रकम (रू. करोडमा) | अन्तिम मूल्य(रू.) |
|---|---|---|
| नेपाल फाइनान्स लिमिटेड | ५९.४७ | १,२४४.०० |
| ङादी ग्रुप पावर लिमिटेड | ४८.८९ | ४७८.०० |
| जानकी फाइनान्स कम्पनी लिमिटेड | २७.५१ | ९४८.६० |
| एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | २४.२४ | १,०५७.२० |
| एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | २१.७१ | ७१६.०० |


## सामलिङ्ग पावर कम्पनी लिमिटेड

Samling Power Company Ltd

ललितपुर, नेपाल

### छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दास्रो पटक प्रकाशित मिति : १८ मंसिर २०८१**

यस सामलिङ्ग पावर कम्पनी लिमिटेडको संचालक समितिको मिति २०८१/०८/०९ (तदनुसार २४ नोभेम्बर २०२४) गतेको दिन बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको छैठौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिको मिति, स्थान र समयमा बस्ने भएको हुँदा (कम्पनी ऐन २०६३) को दफा–६७ अनुसार शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

**मिति** : २०८१ साल पौष महिना २ गते मंगलबार (तदनुसार १७ डिसेम्बर २०२४)

**समय** : बिहान १०:३० बजे, उपस्थिति पुस्तिका बिहान ९:३० बजे देखि नै खुल्ला राखिने छ ।

**स्थान** : द ईन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर ।

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव:**

१) कम्पनीको वार्षिक साधारण सभामा पेश हुने संचालक समितिको प्रतिवेदन सम्बन्धमा ।
२) कम्पनीको आ.व.२०८०/०८१ को लेखापरिक्षण प्रतिवेदन सहितको अर्थिक प्रतिवेदन सम्बन्धमा ।
३) लेखा परिक्षण समितिबाट सिफारिश भई आएबमोजिम आ.ब २०८१/८२ को लागि लेखापरिक्षक नियुक्तिको लागि साधारण सभामा प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
४) विविध

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी जानकारी**

१) उल्लेखित कम्पनीको छैठौं वार्षिक साधारण सभामा भाग लिने प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता किताब मिति २०८१/०८/१९ गते एक दिनका लागि बन्द रहनेछ । शेयरधनी दर्ता किताब बन्द भएको मिति २०८१/०८/१९ भन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि.बाट कारोबार भई यस कम्पनीको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लिमिटेड, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले यो सभामा भाग लिन सक्ने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइएको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरका आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मितिभित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ ।
२) वार्षिक साधारण सभामा भौतिक रुपमा उपस्थित भई भाग लिन इच्छुक शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी किताब सभा शुरु हुनु भन्दा १ घण्टा अगावै देखि खुला रहनेछ ।
३) सम्पुर्ण शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदनका लागि यस कम्पनीको पुल्चोक-३, ललितपुर स्थित प्रधान कार्यालयमा सम्पर्क गर्नुहुन सुचित गरिन्छ । वार्षिक प्रतिवेदन यस कम्पनीको वेभसाईट www.spcl.com.np तथा शेयर रजिष्ट्रार कार्यालय नेपाल एसविआई मर्चेण्ट बैकिङ्ग लिमिटेडको कार्यालयमा समेत उपलब्ध हुने व्यहोरा सुचित गराईन्छ ।
४) सभामा भाग लिन ईच्छुक शेयरधनीले सभा हुने दिन सभा शुरु हुनुभन्दा पहिला नै उपस्थित भई हाजिर पुस्तिका मा हाजिरी गर्नुपर्ने छ । सो दिन हाजिर पुस्तिका बिहान ९:३० बजे देखि खुल्ला हुनेछ ।
५) सभामा प्रवेशका लागि DMAT Account No. वा आफ्नो परिचय खुल्ने कुनै परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
६) सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयर धनीले सो सम्बन्धी निवेदन सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै प्रतिनिधि पत्र (प्रोक्सी) यस कम्पनीको रजिष्टर्ड कार्यालय पुल्चोक-३, ललितपुरमा बुझाई सक्नुपर्नेछ र यसरी प्रतिनिधि नियुक्त गरिएका व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ । उक्त दिन सार्वजनिक बिदा परेको खण्डमा पनि उल्लेखित प्रयोजनको निमित्त कार्यालय खुल्ला रहनेछ ।
७) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा एकभन्दा बढि व्यक्तिलाई शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्टाएर दिईएको प्रोक्सी बदर हुनेछ । कुनै शेयरधनीले एक भन्दा बढी शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेको रहेछ भने त्यस्ता प्रतिनिधि पत्र स्वतः खारेज हुनेछ ।
८) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा अगावै यस कम्पनीको रजिष्टर्ड कार्यालय ललितपुर–३, पुल्चोकमा बुझाई सक्नुपर्नेछ ।
९) संयुक्त रुपमा शेयर ग्रहण गर्ने शेयरधनीहरुको हकमा शेयरधनीको लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्तिले वा संयुक्त नाम मध्येबाट सर्वसम्मतीमा नियुक्त कुनै एकजना शेयरधनीले वा सर्वसम्मतीबाट नियुक्त प्रतिनिधि (प्रोक्सी) ले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछ ।
१०) नाबालक तथा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन तथा प्रोक्सी नियुक्त गर्न सक्नुहुनेछ ।
११) शेयरधनी महानुभावहरुले सभामा उपस्थित हुदाँ सुरक्षाको दृष्टिकोणले सुरक्षाकर्मीले सभाकक्षमा प्रवेश गर्नको आवश्यकतानुरुप सुरक्षा जाँच गर्नसक्ने हुदाँ सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।
१२) सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ ।
१३) सभा सम्बन्धी अन्य काम कारवाही प्रबन्ध पत्र, निमावली तथा कम्पनी ऐन २०६३ बमोजिम हुनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**



PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

को

शाखा कार्यालय: खाँदवारी, संखुवासभा
फोन नं.: ०२९-५६२८६०/७०

### गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरेको सूचना

**(प्रकाशित मिति २०८१/०८/१८ गते)**

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित गैर बैंकिङ्ग सम्पतिहरु (घर/जग्गा) जहाँ, जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गरिने भएको हुँदा ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीबाट आफूले के कति मुल्य तिरी लिने हो सो मुल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय खाँदवारी, संखुवासभामा उपलब्ध बोलपत्र फारम भरी शिलबन्दी बोलपत्र सम्बन्धित शाखा कार्यालयमा पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिएको छ ।

**तपसिल**

**गैर-बैंकिङ्ग सम्पतिको विवरण**

**शाखा कार्यालय : खाँदवारी, संखुवासभा**

१. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय खाँदवारी, संखुवासभाको लगतमा दर्ता श्रेस्ता कायम रहेको संखुवासभा जिल्ला, मनकामना गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. २०३३, २१२७ र १५४९ को क्रमशः क्षेत्रफल ९४०.००, २६०.०० र १४३.०० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
२. **प्राइम कमर्सियल बैंक लिमिटेडको** नाममा मालपोत कार्यालय खाँदवारी, संखुवासभाको लगतमा दर्ता श्रेस्ता कायम रहेको संखुवासभा जिल्ला, मनकामना गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ३०९३ र ४२४९ को क्रमशः क्षेत्रफल ४९९.०० र ५२.५० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गा ले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।

**गैर बैंकिङ्ग सम्पति बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८१/०८/१८ गते मंगलबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय खाँदवारी, संखुवासभाबाट प्राप्त गर्न सकिनेछ ।
२. छुट्टाछुट्टै गैर बैंकिङ्ग सम्पत्तिको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८१/०९/०२ गते मंगलबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय खाँदवारी, संखुवासभामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८१/०९/०३ गते बुधबार दिउँसो ४:०० बजे यस बैंकको शाखा कार्यालय खाँदवारी, संखुवासभामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरू तथा अन्य पदाधिकारीहरूको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगतै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी गैर बैंकिङ्ग सम्पत्ति आफ्नो नाममा नामसारी गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय खाँदवारी, संखुवासभाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. गैर बैंकिङ्ग सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरू लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय खाँदवारी, संखुवासभामा सम्पर्क राखी बुझ्न सकिनेछ ।


## चार महीनामा जीवन बीमा व्यवसाय तर्फको कुल व्यापार रू. ५३ अर्ब ६९ करोडभन्दा बढी

| जीवन बीमा/लघुबीमा कम्पनीको नाम | कात्तिक मसान्तसम्मको कुल बीमा शुल्क आर्जन रू. लाखमा |
|---|---|
| नेपाल | १५४,०९५.७७ |
| नेशनल | ६४,३७२.६० |
| लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) | ६०,५६७.१२ |
| हिमालयन | ५५,८३०.४४ |
| सूर्यज्योति | ३२,५१३.५६ |
| एशियन | २७,४३५.३८ |
| सिटिजन | २१,९६४.२० |
| सानिमा रिलायन्स | २०,५९५.०५ |
| मेट | १८,७५१.५५ |
| राष्ट्रिय जीवन बीमा | १७,७६५.६६ |
| प्रभु महालक्ष्मी | १६,२७९.८३ |
| रिलायबल नेपाल | १५,५८८.३५ |
| आईएमई | १५,३५७.८६ |
| सन नेपाल | १२,८१५.०९ |
| गार्डियन माइक्रो | १,१९०.६८ |
| क्रेस्ट माइक्रो | १,११४.९८ |
| लिबर्टी माइक्रो | ७५२.२६ |
| कुल | ५३६,९९०.३८ |

स्रोत : नेपाल बीमा प्राधिकरण

काठमाडौं (अस)। चालू आर्थिक वर्ष २०८१/८२ को चार महीनामा जीवन बीमा कम्पनीहरूले कुल रू. ५३ अर्ब ६९ करोड बीमा शुल्क आर्जन गरेका छन्। नेपाल बीमा प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार सञ्चालनमा रहेका १४ जीवन बीमा कम्पनी र ३ लघुबीमा सहित कुल १७ कम्पनीहरूले उक्त बीमा शुल्क आर्जन गरेका हुन् । यी कम्पनीहरूमध्ये सबैभन्दा बढी बीमा शुल्क आर्जन गर्नेमा नेपाल लाइफ इन्स्योरेन्स छ। कम्पनीले चार महीनामा रू. १५ अर्ब ४० करोड बीमा शुल्क आर्जन गरेको छ। नेपाल लाइफपछि दोस्रोमा नेशनल लाइफ छ। उक्त कम्पनीले चार महीनामा रू. ६ अर्ब ४३ करोड बीमा शुल्क संकलन गरेको छ।

यसैगरी, लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल)ले रू. ६ अर्ब ५ करोड बीमा शुल्क आर्जन गरेको छ।लघुबीमा कम्पनीमध्ये सबैभन्दा बढी गार्डियन माइक्रो लाइफले रू. ११ करोड ९० लाख बीमा शुल्क आर्जन गरेको छ।

# दुई कम्पनीको शेयर मूल्य समायोजन

काठमाडौं (अस) । सोमवार नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा दुई कम्पनीको शेयर मूल्य समायोजन भएको छ । नेशनल लघुवित्त वित्तीय संस्थाको बोनस शेयर र ङादी ग्रुप पावरले हकप्रद शेयर निष्कासन प्रयोजनको लागि बुक क्लोज गरेसँगै नेप्सेले शेयर मूल्य समायोजन गरी नयाँ मूल्य निर्धारण गरेको हो ।

नेप्सेले नेशनल लघुवित्तको १४ दशमलव २५ प्रतिशत बोनस शेयर र ङादी ग्रुप पावरको शत प्रतिशत हकप्रद शेयरको मूल्य समायोजन गरेको हो । समायोजनपश्चात् ङादी ग्रुप पावरको शेयर मूल्य रू. २८९ र नेशनल लघुवित्तको रू. १ हजार ३५५ दशमलव ८० कायम भएको छ । नेप्सेले सोमवार कारोबार दिनको अन्तिम मूल्यका आधारमा यी दुवै कम्पनीको शेयर मूल्य समायोजन गरेको हो ।

सोमवार दोस्रो बजारमा नेशनल लघुवित्तको शेयर मूल्य प्रतिकित्ता रू. १ हजार ५४९ मा र ङादी ग्रुप पावरको रू. ४७८ मा अन्तिम कारोबार भएको थियो । यही समायोजित मूल्यलाई आधार मानेर यी कम्पनीको शेयर आज अर्थात् मंगलवार देखि दोस्रो बजारमा कारोबारमा आउनेछ ।

# साना किसान विकास लघुवित्तको लाभांश प्रस्ताव

काठमाडौं (अस) । साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल १४ प्रतिशत लाभांश प्रस्ताव गरेको छ ।

मङ्सिर १६ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले गत वर्षको मुनाफाबाट हाल कायम चुक्तापूँजीको आधारमा १३ दशमलव ३० प्रतिशत बोनस शेयर र कर प्रयोजनका लागि शून्य दशमलव ७० प्रतिशत नगद लाभांश वितरण गर्ने निर्णय गरेको हो ।

हाल कम्पनीको चुक्तापूँजी ३ अर्ब ८० करोड ६३ लाख ७३ हजार रुपैयाँ छ । प्रस्तावित लाभांश नेपाल राष्ट्र बैंकको स्वीकृति पछि कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि वितरण हुनेछ ।

# रिलायबल समृद्धि योजना सञ्चालनमा आउने बोर्डसँग माग्यो अनुमति

काठमाडौं (अस) । रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेडले रिलायबल समृद्धि योजना सञ्चालन गर्ने भएको छ ।

रिलायबल म्युचुअल फण्डअन्तर्गत सञ्चालन हुने यस योजनाका लागि रू. १ अर्ब बराबरको इकाई विक्री गर्न योजना व्यवस्थापक रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटलले नेपाल धितोपत्र बोर्डमा निवेदन दिएको छ ।

कम्पनीले मङ्सिर १२ गते प्रतिइकाई रू. १० अंकित मूल्यका १० करोड इकाई विक्रीका लागि बोर्डसँग अनुमति मागेको हो । इकाई विक्री प्रबन्धकको जिम्मेवारी समेत रिलायबल इन्भेष्टमेन्ट एण्ड मर्चेन्ट क्यापिटल लिमिटेडले नै पूरा गर्नेछ । यो एक बन्दमूखी योजना हो ।


HBL हिमालयन बैंक लिमिटेड Himalayan Bank Ltd.

तपसिलका शाखा कार्यालयहरुका

## ऋणीहरुलाई ऋण कर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउन पर्ने साँवा, ब्याज आदि नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नुभएको तथा तिर्न बुझाउन पटक पटक लिखित एवं मौखिक तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्नु नभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकलाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, आदि अविलम्ब चुक्ता भुक्तान गर्नु होला । अन्यथा कालोसूचीमा राखि ऐन कानून तथा ऋणी र बैंकबीच भएको लिखत अनुसार कारवाही गरी बैंकको लेना असुल गरिने छ ।

तपसिल

| ऋणीहरुको नाम | धितोको विवरण |
|---|---|
| **शाखा कार्यालय : कालिकानगर, बुटवल, रुपन्देही** | |
| १. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, भैरहवा, रुपन्देहीमा प्रा.फ.र.नं. ४४२११/०७५/७६, स्थानीय व्यापार कायम भइ मिति २०७६/०२/१० मा दर्ता भएको **श्रवण बस्त्रालय ।**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने<br>**लक्ष्मी नारायण गुप्ता**<br>व्यक्तिगत जमानी दिने<br>**श्रवण गुप्ता**<br>**राधा गुप्ता** | गब्बुलाल गुप्ताको बुहारी, लक्ष्मीनारायण गुप्ताको पत्नी रुपन्देही जिल्ला, साविक बुटवल न.पा., वडा नं. ६ (हाल परिवर्तित बुटवल उ.म.न.पा., वडा नं. ४) बस्ने **राधा गुप्ता**को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला, साविक बुटवल न.पा., वडा नं. ६ (हाल परिवर्तित बुटवल उ.म.न.पा., वडा नं. ४) स्थित कित्ता नं. १९३ को क्षेत्रफल ६१.१८ ब.मी. जग्गा र घर समेत । |
| २. जबाहरलाल गुप्ताको नाति, गब्बुलाल गुप्ताको छोरा रुपन्देही जिल्ला, साविक बुटवल न.पा., वडा नं. ७ बस्ने **लक्ष्मी नारायण गुप्ता ।** | |
| ३. टिकाराम शर्माको नाती, मणिराम शर्माको छोरा रुपन्दही जिल्ला, बुटवल उ.म.न.पा., वडा नं. ११ बस्ने **रवि शर्मा ।**<br>व्यक्तिगत जमानी दिने<br>**गंगा देवी शर्मा**<br>**मणिराम शर्मा**<br>**कमला देवी प्याकुरेल** | पुर्ख नारायणको नाती, टीकारामको छोरा गुल्मी जिल्ला, साविक रुरु गा.वि.स., वडा नं. ८ बस्ने **मणिराम शर्मा**को नाममा दर्ता कायम रहेको रुपन्देही जिल्ला, साविक बुटवल न.पा., वडा नं. ११ (हाल परिवर्तित बुटवल उ.म.न.पा., वडा नं. ९) स्थित कि.नं. ४१ को क्षेत्रफल १२५.१२ (ब.मी.) जग्गा समेत । |
| **शाखा कार्यालय : हेटौडा, मकवानपुर** | |
| १. प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, वाग्मती प्रदेश, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौडा, मकवानपुर मा प्रा.फ.र.नं. २९१८/१६६५/०७८/०७९, स्थानीय व्यापार कायम भइ मिति २०७८/०५/०३ मा दर्ता भएको **सरिता ट्रेडर्स ।**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने<br>**छितिज भण्डारी**<br>व्यक्तिगत जमानी दिने<br>**दिल कुमारी न्यौपाने**<br>**शंभु भण्डारी**<br>**भिमसेन भण्डारी** | बल बहादुर भण्डारीको नाति, पुर्ण बहादुर भण्डारीको छोरा मकवानपुर जिल्ला, साविक हर्नामाडी गा.वि.स., वडा नं. ९ (हाल परिवर्तित हेटौडा उ.म.न.पा., वडा नं. १८) बस्ने **शंभु भण्डारी**को नाममा दर्ता कायम रहेको मकवानपुर जिल्ला, साविक हेटौडा न.पा., वडा नं. ४ स्थित कित्ता नं. २१६७ को क्षेत्रफल ०–०–९–० (विघा) जग्गा समेत । |
| २. पूर्ण बहादुर भण्डारीको नाति, शंभु भण्डारीको छोरा मकवानपुर जिल्ला, साविक हर्नामाडी गा.वि.स., वडा नं. ९ (हाल परिवर्तित हेटौडा उ.म. न.पा., वडा नं. १८) बस्ने **भिमसेन भण्डारी ।**<br>व्यक्तिगत जमानी दिने<br>**छितिज भण्डारी**<br>**दिल कुमारी न्यौपाने**<br>**शंभु भण्डारी**<br>**भिमसेन भण्डारी** | |
| **शाखा कार्यालय : धनगढी २, कैलाली** | |
| जमान सिंहको नाति, कर्ण बहादुर कोटालेको छोरा, कन्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ६ को हाल पुनर्वास न.पा., वडा नं. ५ बस्ने **अम्मर बहादुर कोटाले क्षेत्री ।**<br>व्यक्तिगत जमानी दिने<br>**आशिष क्षेत्री**<br>**बिबेक क्षेत्री**<br>**शान्ता क्षेत्री (कोटाले)** | ऋणि **अम्मर बहादुर कोटाले क्षेत्री**को नाममा दर्ता कायम रहेको:<br>क) कन्चनपुर जिल्ला, कालिका गा.वि.स., वडा नं. ४ (हाल पुनर्वास न.पा., वडा नं. ३) स्थित कित्ता नं. ८४७ को क्षेत्रफल ८५ (व.मि.) जग्गा र घरसमेत ।<br>ख) कन्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स., वडा नं. ६ (हाल पुनर्वास न.पा., बडा नं. ५) स्थित कित्ता नं. ५६२ को क्षेत्रफल १२७५ (व.मि.) जग्गा समेत । |
| **शाखा कार्यालय : इनरुवा, सुनसरी** | |
| नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, सुनसरीमा प्रा.फ.र.नं. ६८५३/०७५/०७६, स्थानीय व्यापार कायम भइ मिति २०७५।०६।२३ मा दर्ता भएको **उज्वल किराना पसल ।**<br>प्रोप्राइटर तथा व्यक्तिगत जमानी दिने<br>**रबुराज पौडेल**<br>व्यक्तिगत जमानी दिने<br>**उषा कुमारी विष्ट** | मान बहादुर पौडेलको नाति, रत्न बहादुर पौडेलको छोरा, उषा कुमारी विष्टको पति भोजपुर जिल्ला, साविक नेपालेडाँडा गा.वि.स., वडा नं. ९ (हाल परिवर्तित षडानन्द न.पा., वडा नं. १) बस्ने **रबुराज पौडेल**को नाममा दर्ता कायम रहेको सुनसरी जिल्ला, साविक बकलौरी गा.वि.स., वडा नं. ८ (हाल परिवर्तित रामधुनी न.पा., वडा नं. ७) स्थित कित्ता नं. १०११ को क्षेत्रफल १९०.४८ व.मी. जग्गा समेत । |
| **शाखा कार्यालय : पुतलीसडक, काठमाण्डौ** | |
| १. नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २५८७६०/०७७/०७८ कायम भइ मिति २०७७/१२/०१ मा दर्ता भएको **कृशु ट्राभल्स एण्ड टुर्स प्रा. लि. ।**<br>सञ्चालक तथा व्यक्तिगत जमानी दिने<br>**रेनुकुमारी साह**<br>व्यक्तिगत जमानी दिने<br>**सुरेश कुमार महतो** | १. वौएलाल महतो सुडीको नाति, हरि नारायण महतोको छोरा, धनुषा जिल्ला, साविक सोनिगामा गा.वि.स., वडा नं. २ को हाल परिवर्तित हंसपुर न.पा., वडा नं. ९ बस्ने **सुरेश कुमार महतो**को नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.पा., वडा नं. ९ स्थित कित्ता नं ५०२ को क्षेत्रफल १९०.७४ व.मि. जग्गा र घर समेत ।<br>२. हिमालयन बैंक लिमिटेड (साविक सिभिल बैंक) लि. धनी, र **कृषु ट्राभल्स एण्ड टुर्स प्रा. लि.** ऋणी कायम भइ दर्ता भएको प्रदेश ३–०१–०२४ च–९६५२ को इन्जिन नं. 1.5CRAIL 01JPYW19828, चेसिस नं. MAT627121K LJ3 6452 को Tata Nexon xm । |
| २. बौएलाल महतो/हरी नारायण महतो सुडीको नाति/बुहारी, हरी नारायण महतो सुडी/राज कुमार शाह सुडीको छोरा/छोरी, रेनुकुमारी साह/सुरेश कुमार शाहको पति/पत्नी, धनुषा जिल्ला, साविक सोनीगामा गा.वि.स., वडा नं. २ को हाल परिवर्तित हंसपुर न.पा., वडा नं. ९ बस्ने **सुरेश कुमार महतो/रेनुकुमारी साह ।** | वौएलाल महतो सुडीको नाति, हरि नारायाण महतोको छोरा, धनुषा जिल्ला, साविक सोनिगामा गा.वि.स., वडा नं. २ को हाल परिवर्तित हंसपुर न.पा., वडा नं. ९ बस्ने **सुरेश कुमार महतो**को नाममा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.पा., वडा नं. ९ स्थित कित्ता नं. ५०२ को क्षेत्रफल १९०.७४ व.मि. जग्गा र घर समेत । |
| **शाखा कार्यालय : पाल्पा** | |
| नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २५०१०२/ ०७७/०७८ कायम भइ मिति २०७७/०९/०१ मा दर्ता भएको **भैरव च्याउ उद्योग प्रा. लि. ।**<br>सञ्चालक तथा व्यक्तिगत जमानी दिने<br>**केशव बहादुर कार्की**<br>व्यक्तिगत जमानी दिने<br>**लक्ष्मी कुमारी कार्की** | १. धन बहादुर कार्कीको नाति, हरि बहादुर कार्कीको छोरा पाल्पा जिल्ला, साविक मदनपोखरा गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित तानसेन न.पा., वडा नं. ८) बस्ने **केशव बहादुर कार्की**को नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला, साविक मदनपोखरा गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित तानसेन न.पा., वडा नं. ८) स्थित कित्ता नं. ७९८ को क्षेत्रफल १–६–२–३, ऐ. कित्ता नं. ८९० को क्षेत्रफल १–४–०–०, ऐ. कित्ता नं. ७८६ को क्षेत्रफल ०–४–०–० (रोपनी) जग्गा समेत ।<br>२. धन बहादुर कार्कीको बुहारी, हरि बहादुर कार्कीको पत्नी पाल्पा जिल्ला, साविक मदनपोखरा गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित तानसेन न.पा., वडा नं. ८) बस्ने **लक्ष्मी कुमारी कार्की**को नाममा दर्ता कायम रहेको पाल्पा जिल्ला, साविक मदनपोखरा गा.वि.स., वडा नं. ४ (हाल परिवर्तित तानसेन न.पा., वडा नं. ८) स्थित कित्ता नं. ७८४ को क्षेत्रफल ०–२–०–०, ऐ. कित्ता नं. ६५५ को क्षेत्रफल २–०–३–२, ऐ. कित्ता नं. ६५१ को क्षेत्रफल २–६–०–२, ऐ. कित्ता नं. ८२७ को क्षेत्रफल ०–१०–०–३ (रोपनी) जग्गा समेत । |
| **शाखा कार्यालय : खुर्कोट, सिन्धुली** | |
| १. खड्ग बहादुर श्रेष्ठको नाति, कुल बहादुर श्रेष्ठको छोरा सिन्धुली जिल्ला, साविक भुवनेश्वरी गा.वि.स., वडा नं. ३ (हाल गोलन्जोर गा.पा., वडा नं. ३) बस्ने **बाबुराम श्रेष्ठ ।**<br>व्यक्तिगत जमानी दिने<br>**सुनिता श्रेष्ठ**<br>**गोरख नाथ श्रेष्ठ** | ऋणी **बाबुराम श्रेष्ठ**को नाममा दर्ता कायम रहेको सिन्धुली जिल्ला, साविक भुवनेश्वरी गा.वि.स., वडा नं. ३ (हाल गोलन्जोर गा.पा., वडा नं. ३) स्थित कित्ता नं. २७१ को क्षेत्रफल १–९–३–० (रोपनी) जग्गा समेत । |
| २. कुल बहादुर श्रेष्ठको बुहारी, यज्ञ बहादुर श्रेष्ठको पत्नी सिन्धुली जिल्ला, साविक भुवनेश्वरी गा.वि.स., वडा नं. १ (हाल गोलन्जोर गा.पा., वडा नं. ३) बस्ने **सुमित्रा श्रेष्ठ ।**<br>व्यक्तिगत जमानी दिने<br>**यज्ञ बहादुर श्रेष्ठ** | खड्ग बहादुर श्रेष्ठको नाति, कूल बहादुर श्रेष्ठको छोरा सिन्धुली जिल्ला, साविक भुवनेश्वरी गा.वि.स., वडा नं. १ (हाल गोलन्जोर गा.पा., वडा नं. ३) बस्ने **यज्ञ बहादुर श्रेष्ठ**को नाममा दर्ता कायम रहेको सिन्धुली जिल्ला, साविक भुवनेश्वरी गा.वि.स., वडा नं. १ (हाल गोलन्जोर गा.पा., वडा नं. ३) स्थित कित्ता नं. ४१० को क्षेत्रफल २–१३–१–१, ऐ. ४१३ को क्षेत्रफल १–६–०–० (रोपनी) जग्गा समेत । |
| **शाखा कार्यालय : कौशलटार, भक्तपुर** | |
| इन्द्र बहादुर थापाको नाति, मोहन बहादुर थापाको छोरा, सिन्धुपाल्चोक जिल्ला, सेलाङ गा.वि.स. वडा नं. ६ बस्ने **विमल थापा ।**<br>व्यक्तिगत जमानी दिने<br>**प्रतिमा थापा**<br>**मोहन बहादुर थापा** | ऋणी विमल थापाको नाममा दर्ता कायम रहेको साविक भक्तपुर जिल्ला, दुवाकोट गा.वि.स., वडा नं. १ को हाल परिवर्तित वाग्मती प्रदेश, भक्तपुर जिल्ला, चागुँनारायण न.पा., वडा नं. ०२ स्थित कित्ता नं. १२८९ को क्षेत्रफल ७.९५, ऐ कित्ता नं. १३३३ को क्षेत्रफल १.९९, ऐ. कित्ता नं. १२२६ को क्षेत्रफल ११.९३, ऐ. कित्ता नं. १२८६ को क्षेत्रफल ६७.५६, ऐ. कित्ता नं. १२९१ को क्षेत्रफल ५.९७ (व.मी.) जग्गा समेत । |
| **शाखा कार्यालय : वीरगञ्ज २, पर्सा** | |
| १. ढेला राउत अहिरको नाति, राजेन्द्र प्रसाद अहिरको छोरा पर्सा जिल्ला, साविक बिजवनिया गा.वि.स., वडा नं. ८ अबस्ने **विसम्भर प्रसाद अहिर ।**<br>व्यक्तिगत जमानी दिने<br>**राजेन्द्र प्रसाद अहिर**<br>**श्रीलाल प्रसाद यादव**<br>**श्रीकान्त प्रसाद यादव**<br>**बविता यादव**<br>**श्रीमती यादव**<br>**मिना यादव** | देव नारायण राउत अकिरको नाती, ढेला राउत अहिरको छोरा पर्सा जिल्ला, साविक बिजवनिया गा.वि.स., वडा नं. ८ बस्ने **राजेन्द्र प्रसाद अहिर**को नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, साविक रामगढवा गा.वि.स., वडा नं. ६ (हाल परिवर्तित वीरगञ्ज उ.प.मा.न.पा. वडा नं. २४) स्थित कित्ता नं. १३०४ को क्षेत्रफल ०–०–७–९ (विघा) जग्गा समेत । |
| २. नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २१४८५१/७५/०७६ कायम भइ मिति २०७६/०१/२७ मा दर्ता भएको **यू. मेड. फर्मास्युटीकल्स प्रा. लि. ।**<br>सञ्चालक तथा व्यक्तिगत जमानी दिने<br>**अरूण कुमार चौधरी अग्रवाल**<br>व्यक्तिगत जमानी दिने<br>**गरीमा चौधरी**<br>**प्रभा देवी चौधरी अग्रवाल**<br>**अरूण कुमार चौधरी अग्रवाल**<br>**गिता अग्रवाल** | १. गोविन्द प्रसाद चौधरी अग्रवालको नाति, विनोद कुमार चौधरी अग्रवालको छोरा पर्सा जिल्ला, साविक वीरगञ्ज उ.म.न.पा., वडा नं. ८ (हाल परिवर्तित वीरगञ्ज उ.म.न.पा., वडा नं. ०६) बस्ने **अरूण कुमार चौधरी अग्रवाल**को नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, साविक वीरगञ्ज उ.म.न.पा., वडा नं. ०९ स्थित कित्ता नं. ५३४ को क्षेत्रफल ३६७.५५, ऐ. कित्ता नं. ५०३ को क्षेत्रफल २७२.८५ (ब.मी.) जग्गा समेत ।<br>२. गोविन्द प्रसाद चौधरी अग्रवालको बुहारी, विनोद कुमार चौधरी अग्रवालको पत्नी पर्सा जिल्ला, साविक वीरगञ्ज उ.म.न.पा., वडा नं. ८ (हाल परिवर्तित वीरगञ्ज म.न.पा., वडा नं. ०६) बस्ने **प्रभा देवी चौधरी अग्रवाल**को नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, साविक वीरगञ्ज उ.म.न.पा., वडा नं. ८ स्थित कित्ता नं. ८७ को क्षेत्रफल १९३ ब.मी. जग्गा समेत ।<br>३. विनोद कुमार चौधरी अग्रवालको बुहारी, अरुण कुमार चौधरी अग्रवालको पत्नी, विसम्वरदियाल अग्रवालको छोरी सुनसरी जिल्ला, धरान नगरपालिका, वडा नं. २ बस्ने **गीता अग्रवाल**को नाममा दर्ता कायम रहेको पर्सा जिल्ला, साविक वीरगञ्ज उ.म.न.पा., वडा नं. ९ स्थित कित्ता नं. १३० को क्षेत्रफल ३०७.४ ब.मी. जग्गा समेत । |
| **शाखा कार्यालय : विर्तामोड, झापा** | |
| नेपाल सरकार, उद्योग, वणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. २०३०९७/०७५/०७६ कायम भइ मिति २०७५।०८।१० मा दर्ता भएको **बाहुनडाँगी कृषि तथा पशुपालन प्रा. लि. ।**<br>सञ्चालक तथा व्यक्तिगत जमानी दिने<br>**केशव सुवेदी**<br>व्यक्तिगत जमानी दिने<br>**ऐश्वर्य सुवेदी** | १. हिमालयन बैंक लि. धनी, **बाहुनडाँगी कृषि तथा पशुपालन प्रा. लि.** ऋणी कायम भइ दर्ता भएको प्र. ०१–०१–००१च ८४८७ को च्यासिस नं. MAT627121KLF2 8126, इन्जिन नं. 1.5CRAIL01FPY W16005 को Tata Nexon XM 1.5 RTQ ।<br>२. ऋणी **बाहुनडाँगी कृषि तथा पशुपालन प्रा. लि.** को नाममा दर्ता कायम रहेको झापा जिल्ला साविक बाहुनडाँगी गा.वि.स., वडा नं. २ (हाल परिवर्तित मेचीनगर न.पा., वडा नं. ४) स्थित कित्ता नं. १९१४ को क्षेत्रफल ०–११–०–०, ऐ. कित्ता नं. १९१२ को क्षेत्रफल ०–१७–०–० (विघा) जग्गा समेत ।<br>३. कृष्ण प्रसाद सुवेदीको नाति, टंक प्रसाद सुवेदीको छोरा, झापा जिल्ला, बाहुँनडाँगी गा.वि.स., वडा नं. २ (हाल परिवर्तित मेचीनगर न.पा., वडा नं. ४) बस्ने **केशव सुवेदी**को नाममा दर्ता कायम रहेको झापा जिल्ला, साविक बाहुनडाँगी गा.वि.स., वडा नं. २ (हाल परिवर्तित मेचीनगर न.पा., वडा नं. ४) स्थित कित्ता नं. १९१६ को क्षेत्रफल ०–८–१९–०, ऐ. कित्ता नं. १९१३ को क्षेत्रफल ०–१२–१०–०, ऐ. कित्ता नं. १९१५ को क्षेत्रफल ०–४–०–० (विघा) जग्गा र घर समेत । |
| **शाखा कार्यालय : लाहान, सिराहा** | |
| रुपलाल चौधरीको नाति, नारायण प्रसाद चौधरीको छोरा सप्तरी जिल्ला, साविक टिकुलिया गा.वि.स,. वडा नं. २ को हाल परिवर्तित मधेश प्रदेश, सप्तरी जिल्ला, सुरुङ्गा गा.पा./न.पा., वडा नं. ९ बस्ने **तारणी प्र. चौधरी कलवार ।**<br>व्यक्तिगत जमानी दिने<br>**अनुपी देवी कलवारनी**<br>**पुनम चौधरी**<br>**इन्द्र प्रसाद चौधरी** | १. रुपलाल चौधरीको नाति, नारायण प्रसाद चौधरीको छोरा सप्तरी जिल्ला, साविक टिकुलिया गा.वि.स., वडा नं. २ को हाल परिवर्तित सुरुङ्गा गा.पा., वडा नं. ९ बस्ने **इन्द्र प्रसाद चौधरी**को नाममा दर्ता कायम रहेको सिराहा जिल्ला, साविक सिंगराही मटियर्वा गा.वि.स., वडा नं. १ (हाल परिवर्तित मधेश प्रदेश, सिराहा जिल्ला, लाहान न.पा., वडा नं. १) स्थित कित्ता नं. ४९२ को क्षेत्रफल ०–१–०–० (विघा) जग्गा समेत ।<br>२. नारायण प्रसाद चौधरीको बुहारी, राम बिलास चौधरीको छोरी, इन्द्र प्रसाद चौधरीको पत्नी सप्तरी जिल्ला, साविक टिकुलिया गा.वि.स., वडा नं. २ को हाल परिवर्तित सुरुङ्गा गा.पा., वडा नं. ९ बस्ने **पुनम चौधरी**को नाममा दर्ता कायम रहेको साविक सिराहा जिल्ला, सिंगराही मटियर्वा वडा नं. १ (हाल परिवर्तित मधेश प्रदेश, सिराहा जिल्ला, लाहान न.पा., वडा नं. १) स्थित कित्ता नं. १२४३ को क्षेत्रफल ०–१–५–० (विघा) जग्गा समेत ।<br>(उल्लेखित अचल सम्पत्ति **श्री सोनी सोप ईण्डष्ट्रिज प्रा. लि.** ले उपभोग गरेको कर्जाको लागि समेत संयुक्त रुपमा धितो सुरक्षण कायम गरिएको छ।) |
| **शाखा कार्यालय : पिडारीचोक, जनकपुर, धनुषा** | |
| नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता नं. १५४३९६/०७३/०७४ कायम भइ मिति २०७३/०५/०७ मा दर्ता भएको **जय श्री गोपाल डेरी प्रा. लि. ।**<br>सञ्चालक तथा व्यक्तिगत जमानी दिने<br>**सशिकुमार लाल कर्ण**<br>व्यक्तिगत जमानी दिने<br>**प्रभात कुमार कर्ण**<br>**रविन कुमार कर्ण**<br>**मिरा कर्ण** | १. धनुषधारी लाल कर्णको बुहारी, शशिकुमार लाल कर्णको पत्नी, निर्सु लाल कर्णको छोरी धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स., वडा नं. ३ भई हाल सर्लाही जिल्ला, हरीपुर न.पा., वडा नं. ८ बस्ने **मिरा कर्ण**को नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला, साविक नेत्रगञ्ज गा.वि.स., वडा नं. २ (हाल परिवर्तित लालबन्दी न.पा., वडा नं. २) स्थित कित्ता नं. २७४ को क्षेत्रफल ०–१–०–० (विघा) जग्गा समेत ।<br>२. धनुषधारी लाल कर्णको नाति, शशिकुमार लाल कर्णको छोरा धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स., वडा नं. ३ भई हाल सर्लाही जिल्ला, हरीपुर न.पा., वडा नं. ८ बस्ने **रविन कुमार कर्ण**को नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला, साविक नेत्रगञ्ज गा.वि.स., वडा नं. २ (हाल परिवर्तित हरीपुर न.पा., वडा नं. ८) स्थित कित्ता नं. २८७ को क्षेत्रफल ०–१–०–०, ऐ. कित्ता नं. २८८ को क्षेत्रफल ०–१–०–० (विघा) जग्गा र घर समेत ।<br>३. पिताम्बर लाल कर्णको नाति, धनुषधारी लाल कर्णको छोरा धनुषा जिल्ला, साविक देवडिहा गा.वि.स., वडा नं. ३ भई हाल सर्लाही जिल्ला, हरीपुर न.पा., वडा नं. ८ बस्ने **शशिकुमार लाल कर्ण**को नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला, साविक जब्दी गा.वि.स., वडा नं. ९ (हाल परिवर्तित हरीपुर न.पा., वडा नं. ८) स्थित कित्ता नं. ३१३ को क्षेत्रफल ०–१–०–०, ऐ. कित्ता नं. ३०५ को क्षेत्रफल ०–१–४–१.२, ऐ. कित्ता नं. ३२० को क्षेत्रफल ०–०–१०–० (विघा) जग्गा र घर समेत । |

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
मंगलवार, १८ मङ्सिर २०८१ | Tuesday, 3 December 2024
आर्थिक अभियान



विष्णुपुकार श्रेष्ठ
चीनका लागि नेपालका पूर्व राजदूत

# अनुदान मात्र लिने प्रस्ताव चीनले स्वीकार्ने सम्भावना छैन

**प्रधानमन्त्री केपी शर्मा ओली सोमवारदेखि चीन भ्रमणमा रहनुभएको छ । अहिले चीनसँग बेल्ट एण्ड रोड इनिसियटिभ (बिआरआई)को कार्यान्वयन लगायत विषयमा नेपालमा विवाद छ । दुई देशबीच व्यापार र लगानीका सम्बन्ध भने बढ्दै गएका छन् । यसै सन्दर्भमा केही महीना अघिसम्म चीनका लागि नेपाली राजदूत रहेका विष्णुपुकार श्रेष्ठसँग आर्थिक अभियानले कुराकानी गरेको छ । त्यसैको सार यहाँ प्रस्तुत गरिएको छ :**

**प्रधानमन्त्री केपी शर्मा ओलीको यो भ्रमणबाट विशेषगरी आर्थिक क्षेत्रमा के अपेक्षा गर्न सकिन्छ ?**

अहिले चीनसित व्यापार घाटा एकदमै बढी छ । यसको कारण के हो भने हामीले उत्पादन बढाउन सकेका छैनौं । दोस्रो कुरा, हामीले उत्पादन गरेका वस्तु चीनको बजारको निमित्त कत्तिको उपयोगी हुन्, त्यसलाई पनि प्राथमिकीकरण गरेका छैनौं । तेस्रो, हाम्रो पूर्वाधार निर्यातका लागि राम्रो छैन । लगानी सम्मेलन हुँदा चिनियाँहरू सबैभन्दा धेरै लगानीको प्रतिबद्धता जनाउनेमा पर्दछन् । त्यसलाई कार्यान्वयन गर्ने खाकासहित केही सहमति अघि बढ्न सक्यो भने देशको अर्थतन्त्रमा सहयोग पुग्नेछ । सन् २०१६ मा दुई देशबीच व्यापार तथा पारवहन सन्धि भयो । त्यसलाई नियमित कार्यान्वयन गर्न सकेका छैनौं । म चीनमा राजदूत भएरै बस्दा एक ट्रिप सामान नेपालबाट लैजाने र अर्को ट्रिप तेस्रो देशको सामान चीन हुँदै ल्याउने काम भयो । चिनियाँ समुद्री बन्दरगाह प्रयोग गर्न सकेका छैनौं । चिनियाँ बन्दरगाहबाट तेस्रो देशको सामान ल्याउन लागत बढी पर्ने भएकाले पनि व्यापारीले यसमा चासो देखाएका छैनन् । त्यसलाई कार्यान्वयन तहसम्म लैजान सकिन्छ । यसमा चीनसँग छलफल गर्न जरुरी छ । दुई देशबीच व्यापार बढाउनुपर्‍यो । हाम्रा जडीबुटी, चिया, कफी, रुद्राक्ष, राँगाको मासुलगायत उत्पादन चीनमा धेरै जान सक्छ । तर ती सामान लैजानुअघि चीन त्यसको गुणस्तर परीक्षण गर्न चाहन्छ । क्वारेन्टाइन सेवाका लागि सीमा क्षेत्रमा उपकरण राख्नुपर्‍यो । त्यसका लागि चीन सहयोग गर्न तयार छ । उनीहरूले यसका लागि प्रस्ताव पनि मागेका छन् । तिब्बत सरकारको हालै नेपाल आएको टोलीले पनि कहाँ कहाँ उपकरण राख्ने हो, प्रस्ताव दिन भनेको थियो । हामीले ठाउँ उपलब्ध गराएमा उपकरण राख्न उनीहरू तयार छन् । यसपालि प्रधानमन्त्रीले यसमा प्रस्ताव राख्नुपर्छ । उपकरण चलाउन तालीम दिन पनि उनीहरू तयार छन् । चीनमा कृषि निर्यात बढाउन क्वारेन्टाइनमा गुणस्तर जाँच्ने उपकरण अत्यावश्यक छ । किनभने चीनले परीक्षण नगरी ती वस्तु आयात गर्दैन । तत्कालीन परराष्ट्रमन्त्री चीन भ्रमणमा जाँदा चिनियाँ अधिकारीहरूसँग कुरा हुँदा म पनि थिएँ । उनीहरूले प्रस्ताव पठाउन भनेका थिए र प्रस्ताव पठाए बनाइदिने बताएका थिए ।

**नारायणकाजी श्रेष्ठ चीन जाँदा नेपाल र चीनबीच विकास कोरिडोर बनाउने कुरा पनि भएको थियो । यो कस्तो अवधारणा हो ?**

अहिले हामी तिब्बतसँग मात्र जोडिएका छौं । विकास कोरिडोर अन्तर्गत तिब्बत, छेन्दु र छोन्छिङ भएर एउटा रुट बनायौं भने छोन्छिङको समुद्री बन्दरगाहसम्म जोडिन्छ । यसले त्यहाँको बाटो भएर सामान नेपाल आउन पनि सजिलो भयो । यसलाई एउटा आर्थिक कोरिडोर बनाउन सकिन्छ भनेर कुरा भएको हो । चीनले यो कोरिडोर जोड्ने क्रममा रहेको छ ।

**अहिले बिआरआई कार्यान्वयन योजना मुख्य गरी विवादमा छ, यसलाई कसरी लिनुभएको छ ?**

नेपाल सन् २०१७ मा सम्झौतापत्र हस्ताक्षर गरेपछि नेपाल बिआरआईको पक्ष राष्ट्र भइसक्यो । त्यसपछि यस अन्तर्गत कुन कुन परियोजना गर्ने भनेर हामीले धेरै परियोजना पनि प्रस्ताव गर्‍यौं । चीनले ठोस-ठोस थोरै परियोजना दिन आग्रह गर्‍यो र ९ ओटा परियोजना छानिए । त्यसपछि त्यसको कार्यान्वयन मोडालिटीबारे पनि छलफल चल्दै गयो । बिआरआई कार्यान्वयन योजना बनाउने र दुवै देशका सहमतिमा अघि बढ्ने भन्ने भयो । चीनले बिआरआई कार्यान्वयन दुवै मिलेर गर्नुपर्छ भन्छ, त्यो भनेको चीनले पनि सहयोग गर्ने, तर नेपालले पनि रकम राख्नुपर्ने भन्ने हो । नेपालसँग पैसा नभएमा त्यो पैसा चीनले ऋणमा दिन सक्ने चिनियाँको भनाइ छ । तर हाम्रो भनाइ के रह्यो भने हामी ऋण मात्र लिन सक्ने अवस्थामा छैनौं । त्यसैले पुष्पकमल दाहाल प्रधानमन्त्री हुँदा नै तुलनात्मक उच्च ब्याजदरको ऋण, सहुलियतपूर्ण ब्याजदरको ऋण र अनुदान सबै मिसाएर गरौं भन्ने कुरा भएको थियो । अहिले बिआरआई कार्यान्वयन गर्न उच्च ब्याजदरमा मात्र ऋण लिनुपर्छ भन्ने हल्ला चलाइएको छ । तर हामीले उच्च ब्याजदरको ऋण किन लिनुपर्‍यो ? हामीले पहिला परियोजना प्रस्ताव गर्नुपर्‍यो र कुनै परियोजनामा अनुदान दिनुपर्‍यो भन्न सक्छौं ।

जहाँसम्म ऋण नै नलिने कुरा छ, त्यो सिद्धान्त गलत हुन्छ । चीनसित मात्र नलिने, तर अरूसित लिन मिल्ने, त्यस्तो पनि हुन्छ त ? आवश्यकता पर्दा जुनसुकै देश तथा निकायबाट लिनुपर्‍यो । शुरूमा बिआरआई कसरी कार्यान्वयन गर्ने भन्ने योजना पास गर्नुपर्‍यो, त्यसपछि वित्तीय व्यवस्थापनका शर्तहरू छलफलबाट टुंग्याउन सकिन्छ । अहिले चीनसँगको कटेक्टिभिटी हामीलाई धेरै महत्त्वपूर्ण छ । अन्तरदेशीय रेलवे, अन्तरदेशीय प्रसारण लाइन, सडकबाट जोडिनु छ । चीनसँग कनेक्टिभिटी राम्रो भएमा मध्य एसियासँग हामी जोडिन सक्छौं । अहिले हाम्रो कटेक्टिभिटी भारतसँग मात्र छ ।

> **शुरूमा बिआरआई कसरी कार्यान्वयन गर्ने भन्ने योजना पास गर्नुपर्‍यो, त्यसपछि वित्तीय व्यवस्थापनका शर्तहरू छलफलबाट टुंग्याउन सकिन्छ ।**

> **बिआरआईको समझदारीपत्रमा हस्ताक्षर गर्दा कांग्रेसबाटै परराष्ट्रमन्त्री थिए । त्यसबेला किन हस्ताक्षर गरियो र अहिले कार्यान्वयन गर्ने बेला कांग्रेस किन पछि सरिरहेको छ ?**

> **अन्य देश र संस्थाबाट लिँदा ऋणको चंगुलमा नफस्ने, चीनबाट लिँदा फस्ने भन्ने तर्क पनि हुन्छ ?**

**बिआरआई अन्तर्गत ऋण लिन हुन्न भन्ने दाबीका पछाडि ऋणको चंगुलमा पर्न सकिने भय मात्र छ कि यसमा राजनीति र भू-राजनीति पनि जोडिएको छ ?**

देश विकास गर्नुपर्छ भनेर सबै नेताले भन्दै आएका छन् । तर बिआरआई अन्तर्गत ऋण लिनैहुन्न भन्ने कुरा जे आएको छ, त्यसमा राजनीति छैन भन्न सकिँदैन । नेपाली कांग्रेस लिनै हुन्न भन्छ । यसमा भूराजनीतिले पनि काम गरेको छ । नेपालमा अहिले भारतको एकलौटी बजार छ । तर चीनसँग कटेक्टिभिटी बढ्दा चीनको बजार हिस्सा बढ्ने चिन्ता उसलाई होला ।

**खासगरी नेपाली कांग्रेसले ऋण लिन हुन्न भनेको छ । चीन र कांग्रेसको दूरी बढेका कारण कांग्रेसले यस्तो पोजिशन लिएको हो ?**

कांग्रेस ऋण नै लिनुहुन्न भन्नुको पछाडि अलिकति 'आइडियोली'को फरकपनले पनि हो कि भन्ने लाग्छ । तर सन् २०१७ मा बिआरआईको समझदारीपत्रमा हस्ताक्षर गर्दा कांग्रेसबाटै परराष्ट्रमन्त्री थिए । त्यसबेला किन हस्ताक्षर गरियो र अहिले कार्यान्वयन गर्ने बेला कांग्रेस किन पछि सरिरहेको छ ? ८ वर्षपछि आएर त्यसमा हस्ताक्षर गर्नु नै गल्ती भएछ भन्ने ? हामी बिआरआईको पक्ष राष्ट्र भएकाले कार्यान्वयन गरेर जान कसैले हिचकिचाउनु हुँदैन । बरु योजना पेश गर्दा अनुदान, सस्तो ब्याजदरको ऋण र ऋण भनेर राखौं र परियोजनाको भायबिलिटीका आधारमा ऋण वा अनुदान केमा गर्ने हो, त्यो प्रस्ताव गर्न सकिन्छ ।

**अनुदान मात्र लिने भनेर नयाँ प्रस्ताव गएको चर्चा छ । यसलाई चिनियाँहरूले मान्लान् ?**

मलाई लाग्छ, अनुदान मात्र लिने प्रस्ताव चिनियाँहरूले स्वीकार्दैनन् । किनभने उसले यस्तो सम्झौता १५० ओटा देशसँग गरेको छ । हामीलाई मात्र अनुदान दिने हो भने अन्य देशले पनि त्यही सुविधा माग्छन् । त्यस बेला चिनियाँलाई समस्या हुन्छ । कुनै परियोजना अनुदानमा गर्ने र कुनै सहुलियतपूर्ण ऋणमा गर्दा भयो । व्यापारिक ऋण नै लिनुपर्ने भए ब्याजको दर विश्व बैंक र अन्तरराष्ट्रिय मुद्रा कोष जस्ता अन्तरराष्ट्रिय दातृ निकायको भन्दा बढी हुनु भएन । त्यो त हामी भन्न सक्छौं । पहिल्यै ऋणको चंगुलमा फस्ने भन्ने तर्कमा कुनै दम छैन । अन्य देश र संस्थाबाट लिँदा ऋणको चंगुलमा नफस्ने, चीनबाट लिँदा फस्ने भन्ने तर्क पनि हुन्छ ? भारतसित पनि हामीले ऋण त लिएकै छौं ।

**चीनसित ऋण लिने कि नलिने भन्ने कुरा ऋण लिने स्रोतको दायरा बढाउने कि घटाउने भन्ने प्रश्नसित जोडियो होइन ?**

यो दुई देशबीचको द्विपक्षीय सम्बन्धसँग सम्बन्धित भयो । हिजो त जति दिए पनि लिए हुन्थ्यो, तर समझदारीपत्रमा हस्ताक्षर गरेर हामी पक्ष राष्ट्र भएपछि त्यसैलाई गिजोलेर ऋण लिन हुन्छ कि हुन्न भन्नु भएन । सकारात्मक वातावरण बनाउनतिर पो हामी लाग्नुपर्छ । हामीले भन्नुपर्‍यो- यो परियोजना ऋण लिन्छौं, तर अर्को परियोजना अनुदानमा बनाइदिनुपर्‍यो ।

**नेपाल बिआरआईबाट पछि हट्न खोज्दैछ भन्ने सन्देश चीनलाई गएमा यसले द्विपक्षीय सम्बन्धमा के फरक पर्ला ?**

यसले तत्काल फरक त नपर्ला । तर कहिले मान्ने, कहिले नमान्ने भन्दा अविश्वासिलो राष्ट्रको रूपमा चीनले हामीलाई हेर्ने भयो । उसले सहयोग गर्न खोजेको क्षेत्रबाट हात झिक्न सक्ने भयो । अहिले बिआरआई कार्यान्वयन योजनामा हस्ताक्षर नगरे पनि उसका सहयोग सबै बिआरआईकै छाताभित्र हाल्छ । हामीले कुनै सहयोग लिने हो भने बिआरआई परियोजना कार्यान्वयन नगरी हुँदैन ।

**चिनियाँ ठेकेदारले नेपालमा राम्रो काम गरेको देखिँदैन । पछिल्लो उदाहरण नारायणगढ-बुटवल सडक विस्तार आयोजना छ । यसबारे चिनियाँहरू के भन्छन् ?**

यो प्रश्न धेरैले सोध्छन् र मलाई पनि त्यस्तै लाग्थ्यो । गएको १५ दिनभित्र मेरो चीनको अन्तरराष्ट्रिय विकास सहयोग संस्था (सिड्का)का अध्यक्षसँग भेट भयो । मैले चक्रपथको उदाहरण दिँदै गुनासो गरें । चिनियाँ निर्माण व्यवसायी किन काम छाडेर जान्छन् र समयमै काम गर्दैनन् भनेर सोधें । उनले मेरो कुरा सम्बन्धित मान्छेलाई सुनाए । त्यसपछि उनले कलंकीदेखि नारायणगोपाल चोकसम्म कति ठाउँमा शिवका मन्दिर छन्, गणेशका मन्दिर कति छन्, कहाँको जग्गा क्लियर भएको छैन र कुन कुन बिजुलीका पोल हटेको छैन, त्यसको फेहरिस्त सुनाए । साइट नै क्लियर भएन भनेर कागजपत्र नै देखाउन थाले । त्यसकारण नेपालकै कमजोरी पनि रहेको देखिन्छ ।

*विस्तृत अंशका लागि **न्यू बिजनेश एज**को युट्युब च्यानल भिजिट गर्न सक्नुहुनेछ ।*

## आइपीओ निष्कासनको तयारीमा होटल सब्रिना

काठमाडौं (अस) । होटल सब्रिना लिमिटेडले आइपीओ निष्कासनको तयारी गरेको छ । कम्पनीको सोमवार बसेको छैटौं साधारणसभाले आईपीओ निष्कासनको प्रस्ताव पारित गरेको संस्थापक तथा अध्यक्ष निराजन थापाले जानकारी दिए ।

९० करोड अधिकृत पूँजी र ५३ करोड जारी पूँजी रहेको यस होटलको चुक्तापूँजी ३५ करोड ६५ लाख रुपैयाँ रहेको छ । कम्पनीले न्यूनतम १५ लाख कित्ताको १५ करोड रुपैयाँ बराबरको शेयर सर्वसाधारणका लागि जारी गर्न लागेको हो ।

यसका लागि गत असार अन्तिममा कम्पनीले संस्थागत परामर्श सेवा तथा प्राथमिक शेयर निष्कासनका लागि बिक्री प्रबन्धकमा एनएमबि क्यापिटललाई नियुक्त गरिसकेको छ । अबको केही दिनमै नियामक निकाय धितोपत्र बोर्डमा आइपीओ निष्कासनको प्रक्रियामा जाने तयारी भएको कम्पनीका अध्यक्ष थापाको भनाइ छ । काठमाडौंको बुढानीलकण्ठ-६ गणेश चोकमा रहेको यस होटलले आफ्नो क्षमता विस्तार गर्दै पाँचतारे स्तरमा स्तरोन्नति गर्न आईपीओ आवश्यक भएको जनाएको छ ।

साथै कम्पनीमाथि भएको केही कर्जा चुक्ता गर्नेलगायत लक्ष्य राखिएको अध्यक्ष थापाले बताए । अपार्टमेन्टसहित ६० ओटा कोठामा सेवा सञ्चालन गर्दै आएको यस होटलले अब कोठा समेत थप गर्नेछ ।

होटल सब्रिना सञ्चालनमा आएको तीन वर्षमै होटल कृटिक एण्ड ब्लगर्स एशोसिएशन तथा होटेल डटकमले २०२१ मा 'नेपालको सर्वोत्कृष्ट होटल'को उपाधिले सम्मानित गरेको थियो । हाल होटलको व्यवस्थापन रोयल अर्किड होटलको 'रिजेन्टा प्लेस' ब्राण्डले गर्दै आएको छ ।

## पुस पहिलो सातादेखि उत्पादन गर्दै हेटौंडा सिमेन्ट

हेटौंडा । हेटौंडा सिमेन्ट उद्योग व्यवस्थापनले आउँदो पुस पहिलो सातादेखि सिमेन्ट उत्पादन पुनः शुरू गर्ने तयारी गरेको छ । उद्योग व्यवस्थापनले मङ्सिरमै उत्पादन शुरू गर्ने बताए पनि उद्योगको विभिन्न उपकरण मर्मत नसकिँदा अझै उत्पादन अझै शुरू हुन नसकेको हो ।

'उद्योगको क्लिङ्कर मेसिन लगायत उपकरणको मर्मत कार्य अझै भइरहेको छ,' उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले भने, 'हामीले तिहारसम्ममा मर्मत सकिन्छ र त्यसलगत्तै पुनः सिमेन्ट उत्पाद शुरू गर्ने अनुमान गरेका थियौं ।' तर उपकरण मर्मतको काम नसकिएकाले उद्योगले उत्पादन शुरू गर्न केही दिन लाग्ने उनको भनाइ छ । उपकरण मर्मत सम्पन्न हुनेबित्तिकै पुसदेखि सिमेन्ट उत्पादन शुरू गर्ने गरी तयारी भइरहेको उनले बताए । उद्योग व्यवस्थापनले गत असोज १५ गतेदेखि सिमेन्ट उत्पादन बन्द गरेको थियो । उद्योगको उपकरण बनाउन भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले मर्मत सम्भारमा समय लागेको अध्यक्ष भण्डारीले बताए । मर्मत सम्भारको काम तीव्र रूपमा भइरहेको उनले बताए । 'हामीसँग कच्चा पदार्थको अभाव छैन,' अध्यक्ष भण्डारीले भने, 'उद्योगलाई चाहिने करीब चार सय मेट्रिक टन कोइला मौज्दात छ ।' थप कोइला खरीदको प्रक्रिया अघि बढिसकेकाले समस्या नहुने उनको भनाइ छ ।

> **उद्योग व्यवस्थापनले मङ्सिरमै उत्पादन शुरू गर्ने बताए पनि उद्योगको विभिन्न उपकरण मर्मत नसकिँदा उत्पादन अझै शुरू हुन नसकेको हो ।**

आर्थिक अभावका कारण यसअघि दुई महीना सो उद्योग बन्द भएको थियो । गत भदौ तेस्रो सातादेखि सिमेन्ट उत्पादन शुरू गरेको उद्योगले सो अवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको अध्यक्ष भण्डारीले बताए । २०३३ सालमा हेटौंडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले २०४३ सालदेखि सिमेन्ट उत्पादन शुरू गरेको थियो । *रासस*

भ्रष्टाचार र अनियमितता बिरुद्ध जुटौं !

- घुस लिने र दिने दुबै अपराधी हुन्,
- भ्रष्टाचारीलाई दण्ड र तिरस्कार गरौं,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
- सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
- भ्रष्टाचार र अनियमितता बिरुद्ध आवाज उठाऔं,
- भ्रष्टाचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### तथ्यांकोवाच

**चालू आर्थिक वर्षको पहिलो चार महीनामा बीमा व्यवसायको अवस्था**

| सूचक | २०८० कात्तिक मसान्तसम्म | २०८१ कात्तिक मसान्तसम्म | फरक प्रतिशत |
|---|---|---|---|
| जीवन बीमालेख संख्या (म्यादी, लघुम्यादी, वैदेशिक रोजगार जीवन बीमालेख बाहेक) | ५,६२२,४५९ | ५,५६५,८३७ | -१.०१ |
| म्यादी, लघुम्यादी जीवन बीमालेख संख्या | ६,३११,६९३ | ६,०७०,७५५ | -३.८२ |
| वैदेशिक रोजगार जीवन बीमालेख संख्या | १,७८५,५७३ | २,१६८,०५५ | २१.४२ |
| कुल सक्रिय जीवन बीमालेख | १३,७१९,७२५ | १३,८०४,६४७ | ०.६२ |
| कुल निर्जीवन बीमालेख संख्या | ८९४,५२४ | ९९८,५९६ | ११.६ |
| कुल जीवन बीमाशुल्क संकलन (रू. लाखमा) | ४९४,४११.६२ | ५३६,९९०.३८ | ८.६१ |
| कुल निर्जीवन बीमाशुल्क संकलन (रू. लाखमा) | १२७,४७१.९९ | १४३,५८६.९६ | १२.६४ |
| जम्मा बीमाशुल्क संकलन (रू. लाखमा) | ६२१,८८३.६१ | ६८०,५७७.३४ | ९.४४ |
| बीमाको दायरामा आएको जनसंख्या (म्यादी, लघुम्यादी र वैदेशिक रोजगार जीवन बीमालेखसहित) | ४२.९८ | ४२.९२ | |

*स्रोत : नेपाल बीमा प्राधिकरण*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित प्रधान सम्पादक : मदन लम्साल सम्पादकीय निर्देशक : केशव गौतम कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ पाञ्चायनमार्ग, थापाथली, काठमाडौं पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ इमेल : editorial@abhiyan.com.np मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर